संघीय-संसद

# प्रतिनिधि सभा

## विकास तथा प्रविधि समिति

# वार्षिक प्रतिवेदन, २०७६




विकास तथा प्रविधि समिति सचिवालय

सिंहदरबार, काठमाडौँ

E mail :dtc@parliament.gov.np

URL: http//www.parliament.gov.np


संघीय संसद

# संघीय संसद, प्रतिनिधि सभा

# विकास तथा प्रविधि समिति

# वार्षिक प्रतिवेदन, २०७६

**विकास तथा प्रविधि समिति सचिवालय**

**सिंहदरबार, काठमाडौँ**

**E-mail: dtc@Parliament.gov.np**

**URL: http//www.parliament .gov.np**

## मन्तव्य

**सम्माननीय सभामुख महोदय,**

नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मुल्याङ्कन गरी आवश्यक निर्देशन एवं राय सल्लाह दिनका लागि नेपालको संविधानको धारा ९७ बमोजिम प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७० अनुसार गठन हुने विभिन्न विषयगत समितिहरुमध्ये विकास तथा प्रविधि समिति पनि एक हो । यस समितिको कार्यक्षेत्रभित्र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण रहेकाछन् । समिति गठन भए पश्चात समितिका ज्येष्ठ सदस्य माननीय श्री जीप छिरिङ्ग लामाको सभापतित्वमा मिति २०७५/०४/२१ गते समितिको पहिलो बैठक बसेको थियो । प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७३ को उपनियम (४) बमोजिम मिति २०७५/०६/०५ गते बसेको समितिको बैठकले मलाई सभापति पदमा निर्विरोध निर्वाचित गरेको थियो । पदेन सदस्य बाहेक समितिमा २७ जना माननीय सदस्यहरु तोकिनु भएकोमा एक जना माननीय सदस्य हाल निलम्वनमा रहनु भएको अवस्था छ । प्रधानमन्त्री र समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्री समितिको पदेन सदस्य रहने व्यवस्था नियमावलीमा रहेको छ । समिति गठन भएदेखि प्रतिवेदन अवधिसम्म ३९ वटा बैठक बसेर (जम्मा ८५घण्टा ५ मिनेट) समय व्यतित गरेको छ ।

देशको समग्र विकास हुन कुनै एक निकायको अग्रसरता र भूमिका मात्र पर्याप्त हुन सक्दैन । विकास तथा पूर्वाधार निर्माणसँग जोडिएका नेपाल सरकारका सबै मन्त्रालय एवं निकायहरुका बीचमा आपसी अन्तर समन्वयको अभाव खड्किएको हुँदा अन्तरसमन्वय र सहकार्यले नै विकासका कार्यहरुलाई सुनिश्चितता र दिगोपना दिन सक्ने भएकोले यस तर्फ विशेष ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । यही तथ्यलाई आत्मसात गर्दै समितिको कार्य क्षेत्रसँग सम्बन्धित रहेका मन्त्रालय र निकायहरुका साथै राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र लगायत अन्य निकायहरुसँग समेत आवश्यक छलफल र समन्वय गरी समितिले कार्य सम्पादन गरेको छ र आगामी दिनहरुमा विकासका योजनासँग सम्वद्ध नेपाल सरकारका अन्य मन्त्रालय र निकायहरुसँग पनि आवश्यकतानुसार समन्वय र सहकार्य गर्दै कार्यसम्पादन गर्ने समितिको सोच रहेको व्यहोरा सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु ।

**सम्माननीय सभामुख महोदय,**

विकास निर्माणका आयोजनाहरु जनभावना अनुकूल र राष्ट्रिय आवश्यकताका आधारमा छनोट गरिनुपर्ने तर्फ पनि सम्बन्धित निकायको ध्यान पुग्नुपर्ने देखिन्छ । राष्ट्रको चौतर्फी विकासलाई तीव्र गतिमा अघि बढाउन महत्वपूर्ण मानिएका नेपाल सरकारका २१ वटा राष्ट्रिय गौरवका आयोजनाहरु मध्ये पुष्पलाल (मध्य पहाडी) लोकमार्ग, हुलाकी लोकमार्ग, काठमाडौं-तराई/मधेस द्रुतमार्ग, मेलम्ची खानेपानी आयोजना, उत्तर-दक्षिण (कोशी) लोकमार्ग, उत्तर-दक्षिण (कालीगण्डकी) कोरिडोर, उत्तर-दक्षिण (कर्णाली) लोकमार्ग, रेल्वे तथा मेट्रो विकास आयोजना लगायतका आयोजनाहरु यसै समितिको कार्यक्षेत्रभित्र रहेका छन् । उल्लेखित प्रमुख राष्ट्रिय गौरवका आयोजनाहरु समयमा नै सम्पन्न भएमा नेपाली जनताको जीवनस्तर माथि उठ्ने कुरा नकार्न सकिदैन । साथै काठमाडौ उपत्यकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यले अघि बढाईएको

मेलम्ची खानेपानी आयोजनामा हाल देखिएको समस्या समाधानका लागि खानेपानी मन्त्रालय र आयोजना सम्बद्ध पदाधिकारीसँग विस्तृत छलफल गरी आवश्यक निर्देशन समेत दिईएको छ । खानेपानी आयोजनाको बाँकी काम समयमै सम्पन्न गर्न यस समितिले सार्वजनिक खरिद ऐनले निर्दिष्ट गरेको बिशेष व्यवस्थाको उपयोग मार्फत कार्य अघि बढाउन दिएको निर्देशानुसार अवरुद्ध निर्माण कार्य हाल अघि बढिसकेको छ ।

राष्ट्रिय गौरवका आयोजनाहरु काठमाडौं-तराई/मधेस द्रुत मार्ग, हुलाकी राजमार्ग र पुलहरुको निर्माण स्थितिका सम्बन्धमा समितिबाट स्थलगत अध्ययन अवलोकन भ्रमण गरी आवश्यक निर्देशन समेत गरिएको छ । काठमाडौं-तराई जोड्ने द्रुतमार्गको डि.पि.आर. तयार गरी तदारुकताका साथ निर्धारित समयमै काम सम्पन्न गर्न समितिबाट नेपाल सरकारका सम्वद्ध मन्त्रालय एवम् निकायहरुलाई निर्देशनहरु भए बमोजिम सम्बन्धित आयोजनाबाट हाल डि.पि.आर. तयार भैसकेको छ। यसै गरी पुष्पलाल (मध्यपहाडी) लोकमार्गको स्थलगत अध्ययन अनुगमन समेत सम्पन्न भई प्रतिवेदन तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

**सम्माननीय सभामुख महोदय,**

समितिले विकास निर्माणसँग सम्बन्धित कामको अनुगमन/मुल्याङ्कनका अतिरिक्त नेपाल सरकारबाट सदनमा पेश भई समितिमा प्राप्त भएका विधेयकहरु माथि दफावार छलफल गरी समितिको प्रतिवेदन सहितको विधेयक सम्मानित सदन समक्ष प्रस्तुत गर्नुपर्ने जिम्मेवारी रहेको छ । यसै अनुरुप "आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" पारित भई सदन समक्ष पेश भैसकेको र "सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफल गर्न गठित उपसमितिको प्रतिवेदन उक्त उपसमितिले पारित गरी समितिमा पेश गरिसकेको छ र सो प्रतिवेदनमाथि समितिमा छलफल जारी रहेको छ ।

विकास निर्माणको कार्यलाई केन्द्रमा राखेर सरकार अघि बढिरहेको सन्दर्भमा नदीजन्य निर्माण सामग्रीमा मात्र भर पर्दा निर्माण सामग्रीको अभाव ठूलो समस्याका रुपमा देखा परेको छ । त्यस्ता निर्माण सामग्रीको अभाव हुन नदिन उपयुक्त वैकल्पिक खानीजन्य स्थानहरुको पहिचान गरी दीर्घकालिन रुपमा समस्याको समाधानतर्फ केन्द्रित हुनु पर्दछ । आयोजना पूर्व तयारीका कामहरु सम्पन्न नगरी निर्माण प्रक्रिया अघि बढाउने क्रमको अन्त्य गर्दै राष्ट्रिय आयोजना बैंक मार्फत निर्माणका काम अघि बढाउनु अत्यावश्यक देखिन्छ । सरकारी निकायहरुका काम कारवाहीलाई छिटो छरितो र पारदर्शी बनाउनका लागि सम्वद्ध निकायका पदाधिकारीहरुले आ-आफ्नो जिम्मेवारीमा रहेका कामहरु सम्बन्धी फाइल कति समयावधिभित्र अन्तिम किनारा लगाई सक्नुपर्ने हो, त्यसको निर्क्योल गरी समयावधि भित्रै कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । आयोजनाहरुको पछिल्लो कार्य विवरणलाई अद्यावधिक गरी विकास निर्माणमा देखिएका समस्याहरुको पहिचान र समाधानका लागि डिजिटल तथ्यांक प्रणालीको विकास मार्फत सम्वद्ध मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रत्यक्ष निगरानी बढाउनु अत्यावश्यक छ ।

**सम्माननीय सभामुख महोदय,**

अन्त्यमा, समितिको कार्यसम्पादनमा निरन्तर मार्गदर्शन गर्नुहुने सम्माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, समितिलाई सहयोग गर्नुहुने माननीय मन्त्रीज्यूहरु, समितिको कार्यमा निरन्तर खटिएर महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने

समितिका माननीय सदस्यहरु, संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव, नेपाल सरकार र सम्बन्धित मन्त्रालय एवं निकायका सचिव तथा पदाधिकारीहरु, विकास तथा प्रविधि समितिका सचिव लगायत समिति सम्वद्ध सम्पूर्ण कर्मचारीहरु, समितिलाई सहयोग पुऱ्याउनु हुने विज्ञहरु तथा समितिको कार्यसम्पादनका विषयलाई आम नागरिक समक्ष सुसूचित गर्नुहुने संचारकर्मी मित्रहरु साथै अन्य सम्वद्ध सबै सरोकारवालाहरुलाई समेत हार्दिक धन्यवाद दिंदै, संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८६ बमोजिम यो वार्षिक प्रतिवेदन सम्माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सदन समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

**मिति : २०७६ असार**

**(कल्याणी कुमारी खड्का)**
**सभापति**
**विकास तथा प्रविधि समिति**
**प्रतिनिधि सभा**

# संघीय संसद

# प्रतिनिधि सभा

# विकास तथा प्रविधि समिति

# वार्षिक प्रतिवेदन, २०७६

## १. पृष्ठभूमि

विकास परिवर्तनशील अवधारणा हो । विकासप्रतिको दृष्टिकोण समयअनुसार परिवर्तन हुँदै आएको पाइन्छ । सामान्य अर्थमा उन्नति, प्रगति एवं समृद्धितर्फको यात्रालाई विकास भनिन्छ भने वृहत् अर्थमा विकास कुनै एक पक्षको मात्र नभई सर्वपक्षीय सुधार एवं सकारात्मक परिवर्तन भन्ने बुझिन्छ। विकासका विभिन्न आयामहरु छन्। विकास मानिसका आवश्यकता र चाहनासँग सम्बन्धित विषय हो । भौतिक, सामाजिक, सांस्कृतिक, मानवीय र वातावरणीय अवस्थामा सकारात्मक र संरचनात्मक सुधार नै विकास हो । विकास निरन्तर चल्ने गतिशील प्रक्रिया हो ।

नेपालमा योजनावद्ध विकास सुरु भएको ६ दशक पुगिसकेको छ । हालै पन्ध्रौं पञ्चवर्षीय योजनाको आधारपत्र समेत तयार भइसकेको छ । तथापि नागरिकको चाहना अनुरुपको विकास अझै हुन सकिरहेको छैन । मुलुक राजनीतिक संक्रमणमा रुमल्लिरहँदा विकास राजनीतिक एजेन्डा बन्न सकेको थिएन । नयाँ संविधान जारी भएसँगै राजनीतिक संक्रमणको अन्त्य भई गठन भएको वर्तमान सरकारले अबको यात्रा विकास र समृद्धितर्फको भनी पूर्वाधार निर्माणलाई प्राथमिकता दिनु विकासको यात्रामा अगाडि बढ्नुको सूचक हो । नागरिकको विकास प्रतिको तीव्र चाहनालाई पूरा गर्न वर्तमान संविधानले अंगिकार गरेको संघीय संरचनामा आधारित शासन व्यवस्था पूर्णतया लागू भई संघ, प्रदेश र स्थानीय तहले सक्रिय रुपमा पूर्वाधार विकासलाई तीव्रता दिन थालिसकेका छन् । राज्यको प्रमुख एजेन्डा नै 'सुखी नेपाली समृद्ध नेपाल' रहेकाले अबको यात्रा पक्कै पनि विकास लक्षित छ भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

विकासलाई गति प्रदान गर्न, विकासलाई तीव्रता दिन, विकास निर्माणका क्रममा देखिएका बाधा, व्यवधानहरु निराकरण गरी आम नागरिकहरुलाई महसुस हुने किसिमको दिगो विकासका पक्षमा पहरेदारी गर्न संघीय संसद, प्रतिनिधि सभा अन्तरगतको यो विकास तथा प्रविधि समिति सक्रिय रही कार्यपालिकालाई सकारात्मक सहयोग गर्दै आएको छ ।

## २. विकास तथा प्रविधि समितिको संक्षिप्त परिचय

संसदीय प्रणालीमा समितिहरुलाई संसदको मेरुदण्डको रुपमा लिने गरिन्छ । संसदीय कामकारवाहीको प्रभावकारिता वृद्धि गर्न, संसदको अमूल्य समयको बचत गर्न, संसदभित्रैबाट संसदको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै

संसदीय समितिहरु हुन् । विधायिकाले सम्पन्न गर्नुपर्ने गहन र जटिल कार्यहरु, संसदको पूर्ण सदनमा हुने सीमित र औपचारिक छलफलबाट मात्र पूरा हुन सक्दैन । यसैगरी कार्यकारिणीलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउने, सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्ने, सरकारी आश्वासन, प्रत्यायोजित व्यवस्थापन, संवैधानिक निकायका वार्षिक प्रतिवेदन एवं समसामयिक विषयहरुमा छलफल र छानबिन गरी राय सुझाव सल्लाह र निर्देशन दिने, अनुगमन र मूल्यांकन गर्ने जस्ता कार्यहरु सभा आफैले गर्दा समय बढी लाग्ने, कार्यबोझ अधिक हुने भएकाले यसलाई सहज र सरल तरिकाले नियमित र व्यवस्थित रुपमा सम्पन्न गर्न, संसदको कार्यबोझलाई कम गर्न आवश्यकताअनुसार विषयगत समितिहरु गठन गरिएका हुन्छन् । यस्ता समितिहरुलाई संसदको ज्भउिप्लन जबलमक को रुमपा समेत लिने गरिन्छ ।

वर्तमान नेपालको संविधानले प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी द्विसदनात्मक संसदको व्यवस्था गरेको छ । सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन संविधानको धारा ९७ बमोजिम प्रतिनिधि सभामा गठन गरिएका विभिन्न समितिहरुमध्ये विकास तथा प्रविधि समिति एक महत्वपूर्ण समिति हो ।

विकास तथा प्रविधि समिति संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० बमोजिम गठन भएको समिति हो । समितिमा पदेन सदस्य बाहेक २७ (सत्ताइस) जना माननीय सदस्यहरु तोकिनु भएकोमा एकजना माननीय सदस्य निलम्बनमा रहनु भएको अवस्था छ । प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसित सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ को उपनियम (२) मा उल्लेख गरिएको छ । समितिमा सदस्यहरुको मनोनयन गर्दा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाती, खस-आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्वको आधारमा गरिने व्यवस्था रहेको छ । हाल समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली अनुसूची-१ मा उल्लेख गरिएको छ ।

समितिको मुख्य कार्यक्षेत्रअन्तरगत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण रहेका छन् । प्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्री, खानेपानी मन्त्री र शहरी विकास मन्त्री यस समितिको पदेन सदस्य हुने कानुनी व्यवस्था रहेको छ । विकास तथा प्रविधि समितिले समितिको काम कारवाहीलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सम्पादन तथा सञ्चालन गर्न संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ को उपनियम (३) बमोजिम समितिको आन्तरिक कार्यविधि, २०७५ निर्माण गरी सोही अनुरुप बैठक सञ्चालन गर्दै आएको छ ।

समिति गठन भएपश्चात् समिति सभापति निर्वाचित हुनु अगावै बसेको समितिको बैठकमा संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७३ को उपनियम (१०) बमोजिम समितिका जेष्ठ सदस्य माननीय जिप छिरिङ लामाले समितिको सभापतित्व गर्नु भएको थियो । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७३ को उपनियम (४) बमोजिम समितिका सदस्य माननीय कल्याणीकुमारी खड्का २०७५ असोज ५ गते समितिको सभापतिमा निर्वाचित भई समिति सभापतिको कार्यभार सम्हाल्दै आउनु भएको छ ।

संघीय संसद, प्रतिनिधि सभातर्फ गठन हुने प्रत्येक समितिको समिति सचिवालय रहने व्यवस्था रहेको छ । महासचिवले आफू मातहतको वरिष्ठ अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने समेत व्यवस्था छ । सचिवालयको संगठनात्मक संरचना अनुरुप समिति सचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली अनुसूची-२ मा उल्लेख गरिएको छ ।

## ३. पूर्वाधार तथा प्रविधिको विकासमा समितिको भूमिका

पूर्वाधारहरु विकासका सूचक हुन् । कुनै पनि मुलुकमा निर्मित पूर्वाधार संरचना र त्यसको गुणस्तरले विकासको स्तरको मापन गर्दछ । समितिको कार्यक्षेत्र अन्तरगत पर्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सबै पूर्वाधार विकाससँग सम्बन्धित छन् । समितिले आफ्नो गठनपश्चातदेखि नै कार्यक्षेत्रभित्र पर्ने विभिन्न पूर्वाधार विकासका आयोजनाहरुमा ध्यान केन्द्रित गर्दै आएको छ । पूर्वाधारको अपेक्षित विकासले समग्र मानव विकास सम्भव तुल्याउँछ भन्ने ध्येयका साथ समितिले राष्ट्रिय गौरवका आयोजनाहरुलाई विशेष चासोका साथ निगरानी गर्दै आइरहेको छ । विकास निर्माणका सम्बन्धमा समितिमा परेका विभिन्न उजुरी तथा निवेदनहरुलाई सम्बोधन गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने, आम जनसरोकारसँग जोडिएका विषयहरुमा समितिमा बैठक बसी छलफल गर्ने र त्यस्ता समस्याहरु समाधानका लागि सरकारलाई सुझाव तथा निर्देशन दिने कार्य समेत गर्दै आइरहेको छ ।

## ४. विधायन सम्बन्धी कार्यमा समितिको भूमिका

विधायन सम्बन्धी कार्यमा पनि समिति सक्रिय रहेको छ । संघीय संसद प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ को उपनियम (१) को खण्ड (क) बमोजिम समितिले आफ्नो कार्यक्षेत्रभित्र पर्ने आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ भदौ १२ गते समितिमा प्राप्त हुन आएकोमा सो विधेयकमाथि दफाबार छलफलका लागि समितिका सदस्य माननीय अनिलकुमार झाको संयोजकत्वमा ७ सदस्यीय उपसमिति गठन गरी विधेयकमाथि दफावार छलफल गरेको थियो । मौलिक हकको कार्यान्वयनका लागि तर्जुमा गरिएको सो विधेयकका सम्बन्धमा उपसमितिले तयार गरेको प्रतिवेदन समितिले छलफल गरी प्रतिनिधि सभा समक्ष प्रस्तुत गरिसकेको छ ।

२०७५ फागुन २७ गते समितिमा प्राप्त हुन आएको सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा दफावार छलफल गर्न २०७५ चैत १८ गते बसेको समितिको ३२ औं बैठकले समितिका सदस्य माननीय बिना कुमारी श्रेष्ठको संयोजकत्वमा ७ सदस्यीय उपसमिति गठन गरेको थियो। उपसमितिले विधेयकका सम्बन्धमा परामर्शका लागि विज्ञहरुसँग अन्तरक्रिया, गोष्ठी, सेमिनार तथा प्रदेश स्तरीय छलफल समेत आयोजना गरेको थियो। २०७६ वैशाख १९ गते बसेको ३४ औं बैठकले २ सदस्य थप गरी बनेको नौं सदस्यीय उपसमितिले विधेयकका सम्बन्धमा दफाबार छलफल सम्पन्न गरी सोको प्रतिवेदन समितिमा पेश गरिसकेको छ।

यसैगरी २०७६ जेठ २३ गते 'विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' समितिमा प्राप्त भई दफाबार छलफलको क्रममा रहेको छ।

## ५. समितिले हालसम्म गरेका कामकारवाहीको समीक्षा

सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन दिन प्रतिनिधि सभामा गठन हुने विभिन्न समितिहरु मध्ये विकास तथा प्रविधि समिति एक महत्वपूर्ण समिति हो। समितिको कार्यक्षेत्र अन्तरगत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण रहेका छन्। समितिको पहिलो बैठक २०७५ साउन २१ गते समितिका जेष्ठ सदस्य मा. जिप छिरिङ लामाको सभापतित्वमा बसेको थियो। जेष्ठ सदस्य मा. जिप छिरिङ लामाको सभापतित्वमा २०७५ असोज ५ गते बसेको ८ औं बैठकले सर्वसम्मत रुपमा समितिका सदस्य मा. कल्याणीकुमारी खड्कालाई समितिको सभापतिमा निर्विरोध चयन गऱ्यो। सभापतिको चयन भई सकेपछि बसेको ३१ वटा बैठक र जेष्ठ सदस्य मा. जिप छिरिङ लामाको सभापतित्वमा बसेको ८ वटा बैठक गरी प्रतिवेदन अवधि सम्म जम्मा ३९ वटा बैठक सञ्चालन भई सकेको छ। समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने विकास निर्माण लगायत यस क्षेत्रसँग सम्बन्धित समसामयिक विषयहरुमा बैठक सञ्चालन गर्दै आएको छ। समितिले भौतिक पूर्वाधार सम्बन्धी विकास निर्माण, सूचना प्रविधिलाई व्यवस्थित गर्दै अत्याधुनिक गर्ने कार्य, व्यवस्थित शहरी विकास, खानेपानीको सर्वसुलभता एवं व्यवस्थित ढल निकास लगायत भूकम्प पश्चात्को पुनर्निर्माणका साथै पूर्वाधार निर्माणमा देखिएका ढिलासुस्ती एवं अनियमितता माथि छलफल गर्न आफ्नो कार्यसूचीहरु केन्द्रित गर्दै आएको छ।

समितिले प्रारम्भिक चरणमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय र शहरी विकास मन्त्रालयबाट सम्पादित कार्यहरु, मन्त्रालयको भावी कार्य योजना, आयोजनाहरुको प्राथमिकीकरण, आयोजना कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरु एवं समाधानका लागि मन्त्रालयले गरेका प्रयासका सम्बन्धमा सम्बन्धित मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव र सम्बद्ध निकायका पदाधिकारीहरुसँग छलफल गरी मन्त्रालयहरुको कार्ययोजनाका बारेमा जानकारी लिएको थियो।

समितिले आफ्नो गठन पश्चातदेखि नै पूर्वाधार विकासमा चासो र चिन्ता राख्दै आएको छ । समितिको कार्यक्षेत्रभित्र पर्ने राष्ट्रिय गौरवका आयोजनाहरुको कार्य प्रगति, समस्या तथा चुनौती र अनुगमनका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री, मन्त्रालयका सम्बद्ध पदाधिकारी एवं राष्ट्रिय सतर्कता केन्द्रका पदाधिकारीहरुसँग छलफल गरेको थियो । राष्ट्रिय गौरवको रुपमा रहेको काठमाडौं तराई/मधेश द्रुतमार्ग (Expressway) लाई समयमा नै सम्पन्न गर्ने सम्बन्धमा भएका कार्य प्रगति, समस्या एवं चुनौतीका बारेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री, नेपाली सेना इन्जिनियरिङ विभागका उपरथी लगायत सम्बद्ध पदाधिकारीहरुलाई समितिमा आमन्त्रण गरी द्रुतमार्गलाई निर्धारित समय सीमाभित्रै सम्पन्न गर्न डिपिआर तयार गरी काठमाडौं तर्फको जिरो प्वाइन्ट, मुआब्जा लागयतका विषय टुंगो लगाएर उच्च मनोवलका साथ निर्माण कार्य सम्पन्न गर्न निर्देश गरेको थियो । मुलुकको लाइफलाइनको रुपमा रहेको द्रुतमार्गको समितिका माननीय सदस्यहरुको संसदीय टोलीले २०७५ पुस ६ गते र माघ १६ गते दुई चरणमा स्थलगत अवलोकन सम्पन्न गरी द्रुतमार्ग समयमा सम्पन्न गर्न आवश्यक सुझाव तथा निर्देशन सहितको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाई सकेको छ ।

यसैगरी सधैं चर्चाको विषय रहेको तर निर्माण सम्पन्न हुन नसकेको राष्ट्रिय गौरवको हुलाकी राजमार्गको २०७५ माघ १८ गतेदेखि २३ गतेसम्म समितिका सभापति सहित माननीय सदस्यहरुको संसदीय टोलीले स्थलगत अध्ययन अवलोकन भ्रमण गरी हुलाकी राजमार्ग समयमा सम्पन्न गर्न आवश्यक निर्देशन सहितको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाई सकेको छ ।

सडक सञ्जालको विकास र विस्तार पूर्वाधार विकासको मेरुदण्ड हो । निर्माणाधीन पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, मध्यपहाडी क्षेत्रको विकासको प्रमुख आधार भएकोले यसको वास्तविक बस्तुस्थिति बुझ्न समितिको सभापति सहितको संसदीय टोलीले २०७६ जेठ ७ देखि ११ गतेसम्म उक्त लोकमार्ग अन्तरगत पूर्वी खण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेको छ ।

समितिले सडक सुरक्षा, यातायात व्यवस्थापन, सडक दुर्घटना न्यूनीकरणका सम्बन्धमा पनि सरोकारवाला निकायहरुसँग छलफल गरी आवश्यक सुझाव तथा निर्देशन दिएको छ । मुलुक संघीय संरचनामा प्रवेश गरिसके पछि संघ, प्रदेश र स्थानीय तहले हेर्ने गरी छुट्याइएको बहुवर्षीय आयोजनाहरुका साथै निर्धारित समयमा सम्पन्न हुन नसकेका सडक एवं पुलहरुका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, अर्थ मन्त्रालयका माननीय मन्त्री, राष्ट्रिय योजना आयोगका माननीय सदस्य तथा सम्बद्ध मन्त्रालयका पदाधिकारीहरुसँग छलफल गरेको थियो । काठमाडौं उपत्यकाको तीनकुने स्थित वागमती नदीमा निर्माणाधीन पुलको गुणस्तरमा प्रश्न उठी निर्माण कार्य समेत रोकिएकाले पुलको विद्यमान अवस्थाबारे जानकारी लिन समितिका सभापति सहित माननीय सदस्यहरु, समिति सचिव लगायत सचिवालयका कर्मचारी र प्राविधिक सहितको संसदीय टोलीले २०७६ जेठ २ गते स्थलगत अवलोकन गरेको थियो । आयोजनासँग सम्बन्धित पदाधिकारी एवं निर्माण व्यवसायी समेतको उपस्थितिमा भएको उक्त स्थलगत अवलोकनका क्रममा समितिले तत्काल समस्या समाधान गरी निर्माणकार्य अगाडि बढाउन दुबै पक्षलाई स्थलगत अवलोकनकै क्रममा

निर्देश गरेको थियो । समितिले उक्त स्थलगत अध्ययन अवलोकन भ्रमणको प्रतिवेदन कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाईसकेको छ ।

सूचना प्रविधि विकासको एक शक्तिशाली माध्यम हो । समितिको कार्यक्षेत्र अन्तरगत पर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समयानुकूल क्षमता अभिवृद्धि गर्न विद्यमान कानुनहरुमा समसामयिक रुपमा संशोधन गर्न, नयाँ बनाउनु पर्ने कानुनहरुको विधेयकको मस्यौदा तयार गरी संसदमा दर्ता गर्न समितिले दिएको निर्देशन अनुसार 'सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' फागुन २७ गते समितिमा प्राप्त भई उपसमितिले दफाबार छलफल सम्पन्न गरी सोको प्रतिवेदन समितिमा पेश गरिसकेको छ । यसै गरी समितिले नेपाल टेलिकमको सेवालाई विस्तार एवं गुणस्तरीय बनाउन, दूर सञ्चार सेवालाई दुर्गम ग्रामीण भेगका जनताले समेत सहज सेवा पाउने गरी प्रभावकारी बनाउन, दूर सञ्चार नीतिलाई समय सापेक्ष बनाउन, दूर सञ्चार ऐन र नियमावलीको संशोधन प्रक्रिया अगाडि बढाउन, ग्रामीण दूर सञ्चार विकास कोषको उपयोगद्वारा अघि बढाएका ब्याकबोन नेटवर्क, ब्रोडब्यान्ड एक्सेस नेटवर्क परियोजनाहरुमा भैरहेका ढिलासुस्तीहरुलाई हटाई तीव्रता दिन, सरकारको नीति तथा कार्यक्रम अनुरुप रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभेर एउटै सार्वजनिक प्रसारण संस्था बनाउन समेत निर्देश गरेको छ ।

स्वच्छ खानेपानी मानव जीवनको आधारभूत आवश्यकता हो । सम्पूर्ण नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व पनि हो । यही विषयलाई व्यवस्थापन गर्न गठन भएको खानेपानी मन्त्रालयसँग समितिले राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको मेलम्ची खानेपानी आयोजनामा देखिएको समस्या निराकरण गरी यसै आर्थिक वर्षभित्र काठमाडौँबासीलाई मेलम्चीको पानी वितरण गर्ने व्यवस्था मिलाउन पटक-पटक निर्देश गरेको छ । खानेपानीमा देखिएको आर्सेनिक प्रदुषणको समस्यालाई दिगो रुपमा समाधान गर्न भूमिगत पानीको उचित व्यवस्थापन नीति तर्जुमा गर्न, भूकम्पबाट क्षती पुगेका खानेपानी आयोजनाहरु शीघ्र सम्पन्न गर्न, सुख्खा क्षेत्रमा स्वच्छ खानेपानी वितरणको व्यवस्थापन तर्फ विशेष ध्यान दिन, उचित ढल निकासको व्यवस्थापन गर्न समेत खानेपानी मन्त्रालयलाई निर्देश गरेको छ ।

वर्तमान नेपालको संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनावद्ध र व्यवस्थित वस्ती विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक रुपान्तरण सम्भव हुने भएकोले पर्याप्त पूर्वाधार सहित सुविधायुक्त मेट्रोसिटी, मेगासिटी एवं स्मार्टसिटीहरुको विकास गर्नु अत्यावश्यक देखिन्छ । विषमतायुक्त भू-धरातल भएको हाम्रो देशमा भौगोलिक अवस्थिति अनुसार वैज्ञानिक आधारमा मापदण्ड अनुरुपका एकीकृत वस्ती विकास गर्ने तर्फ ध्यान केन्द्रीत गरी कार्य सम्पादन गर्न समितिले शहरी विकास मन्त्रालयलाई निर्देश गरेको छ। स्याटलाइट सिटी निर्माणमा देखिएका समस्यालाई तत्काल समाधान गर्न, वर्षायाम सुरु हुनु अगावै जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गर्न, बाहिरी चक्रपथ सडक आयोजनालाई ल्यान्डपुलिङ (जग्गा एकीकरण) को मोडलमा आगामी आ.व. देखि अघि बढाउन, हिमाल पहाड र तराईमा निर्माण हुने स्मार्टसिटी नयाँ सहरहरुको एकीकृत मापदण्ड बनाई कार्य गर्न/गराउन समितिले शहरी विकास मन्त्रालयलाई निर्देश गरेको छ ।

भूकम्प पछिको पुननिर्माणका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृतलाई समितिमा आमन्त्रण गरी लाभग्राही भूकम्प पीडितहरुका गुनासो सम्बोधन गर्न, जोखिम युक्त समूहमा परेका लाभग्राहीहरुलाई थप अनुदान दिई सहयोग पुर्‍याउन, भूमिहीन सुकुम्बासी र ऐलानी पर्ति जग्गामा बसोबास गरेका लाभग्राहीहरुको पहिचान गरी अनुदान प्रवाह गर्न निर्देश गरेको छ ।

यसैगरी समितिको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवाला निकायहरु, संघ संस्था र व्यक्तिहरुले समेत आफूलाई परेको समस्याका सम्बन्धमा समितिमा दर्ता गराएको निवेदनमाथि समितिको ध्यानाकर्षण हुँदा निवेदनको मर्म अनुसार समस्या समाधानका लागि सम्बन्धित मन्त्रालयमा पत्राचार गर्ने र कुनै निवेदनका सम्बन्धमा निवेदनको गाम्भीर्यता हेरी मन्त्रालयका पदाधिकारीहरुलाई समितिमा आमन्त्रण गरी छलफल गर्ने कार्य समेत गर्दै आएको छ ।

समितिले समय समयमा विभिन्न गोष्ठी/सेमिनार जस्ता कार्यक्रमहरुको आयोजना गर्ने, सहभागिता जनाउने, समितिसँग सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गर्नु भएका विज्ञहरुसँग छलफल गर्ने जस्ता कार्यहरु समेत गर्दै आएको छ ।

## ६.समितिको निर्देशनहरुको कार्यान्वयनको अवस्था :

समितिले आफ्नो गठन पश्चात् देखि नै कार्यक्षेत्रभित्र पर्ने विभिन्न जनसरोकारका विषयहरुमा नीतिगत, कार्यगत तथा प्रक्रियागत सुधारका लागि आवश्यक निर्देशनहरु दिंदै आएको छ । दिगो शान्ति, सुशान, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको नेपालको संविधानको भावना र मर्मलाई हरेक क्षेत्रले आत्मसात गर्नुपर्छ भन्ने समितिको ठहर रहेको छ । समितिको कार्यक्षेत्रभित्र पर्ने पूर्वाधार विकास, सञ्चार तथा सूचना प्रविधिको विकास, शहरी विकास, भूकम्प पछिको पुनर्निर्माण, नवनिर्माण, सांस्कृतिक सम्पदाहरुको निर्माण सबै विकास निर्माण र समृद्धिसँग जोडिएका विषयहरु हुन् । समितिले प्रतिवेदन अवधिसम्म आफ्नो कार्यक्षेत्रभित्र पर्ने विभिन्न मन्त्रालय, विभाग र मातहतका निकायहरुलाई विभिन्न विषयमा आवश्यक निर्देशन दिइसकेको छ । समितिले दिएका कतिपय निर्देशनहरु दीर्घकालिन महत्वका भएकाले आगामी वर्षहरुमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ । तथापि समसामयिक विषय, जनसरोकारसँग जोडिएका विषय, नीति निर्माणसँग सम्बन्धित विषयहरुमा समितिले मन्त्रालयको ध्यानाकर्षण गरी निर्णय कार्यान्वयनको अवस्था बारे निरन्तर जानकारी लिंदै आएको छ ।

समितिले दिएका कतिपय निर्देशनहरु कार्यान्वयन भइसकेका छन् भने कतिपय निर्देशनहरु कार्यन्वयनको चरणमा प्रवेश गरिसकेका छन् । आ.व. ०७६/०७७ मा प्रस्तुत बजेटले पनि समितिका निर्देशनहरु कार्यान्वयन हुने अपेक्षा गरिएको छ किनकि समितिले अधिकांश निर्णयहरु 'पूर्वाधार विकासका आयोजनाहरुमा बजेट अभाव हुन नदिन' भनी सरकारलाई निर्देशन दिंदै आएको छ । मन्त्रालयगत समितिका निर्देशनहरुको कार्यान्वयन अवस्था यस प्रकार रहेको छ :-

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

- समितिले २०७५ पुस ६ गते काठमाडौं तराई/मधेश द्रुतमार्ग (Expressway) को स्थलगत अवलोकन गरी द्रुतमार्ग तोकिएको समयसीमाभित्र सम्पन्न गर्न चाडो भन्दा चाडो डि.पि.आर तयार गरी निर्माण कार्य अगाडि बढाउन दिएको निर्देशन अनुसार अन्तर्राष्ट्रिय परामर्शदाता सोसुङ इन्जिनियरिङ एन्ड कन्सल्टिङ लि./Soosung Engineering & Consulting Ltd ले तयार गरेको डि.पि.आर. रिपोर्ट स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गरिसकेको छ ।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग संघ, प्रदेश र स्थानीय तहले हेर्ने गरी छुट्याएको सडक एवं पुलहरुको मापदण्ड समेतको विवरण समितिले माग गरेकोमा समितिको निर्देशन अनुरुप संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेबारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरुको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ मन्त्रीपरिषद्ले स्वीकृत गरेको छ ।

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

- सूचना सञ्चार एवं प्रविधिको दायरा दिन प्रतिदिन फराकिलो बन्दै गइरहेको सन्दर्भमा यस क्षेत्रमा सामाजिक र व्यक्तिगत माग सम्बोधन गर्न विद्यमान कानुनहरुमा समसामयिक रुपमा संशोधन गर्नु पर्ने वा नयाँ बनाउनु पर्ने देखिएकोमा शीघ्रातिशीघ्र विधेयकको मस्यौदा तयार गरी संसदमा दर्ता गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई दिएको निर्देशन अनुरुप सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिमा दफावार छलफलको क्रममा रहेको छ भने विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफाबार छलफलको लागि २०७६ जेठ २३ गते समितिमा प्राप्त हुन आएको छ ।
- प्रतिलिपि अधिकार एवं रोयल्टी वितरण सम्बन्धमा देखिएका समस्या समाधान गर्न समितिले दिएको निर्देशन अनुसार कला स्रष्टाको सिर्जना एफ.एम. रेडियोहरुले प्रयोग गरेबापत सोको रोयल्टी प्रदान गर्न रेडियोसम्बद्ध निकायहरुविच संगीत रोयल्टि सम्बन्धी समझदारी पत्र -MOU_ जारी भई मन्त्रालयले सहजीकरणको कार्य गरेको छ ।
- इन्टरनेशनल टेलिकम्युनिकेशन युनियन/International Telecommunication Union ले उपलब्ध गराएको स्याटेलाइट स्पेस उपयोग गर्ने सम्बन्धमा दिएको निर्देशन अनुसार इन्टरनेशनल टेलिकम्युनिकेशन युनियन/International Telecommunication Union ले उपलब्ध गराएको स्याटेलाइट स्पेस उपयोग गर्न एक्प्रेशन अफ इन्ट्रेस्ट/Expression of Interest -EOI_ जारी भई प्राप्त EOI मूल्याङ्कनको क्रममा रहेको र Satellite Launching tyf Operation सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणबाट मस्यौदा नीति तयार गरीसकेको अवस्था छ ।

- सार्वजनिक उपभोगका संरचनाहरुमा निःशुल्क वाइफाई उपलब्ध गराउन दिएको निर्देशन अनुसार पद्मकन्या मल्टिपल क्याम्पस र सञ्चार ग्राममा Free WiFi Zone बनाउने कार्य पूरा भएको छ।  टेलिभिजन लगायतका सञ्चार माध्यमलाई क्लिन फिड नीति अख्तियार गर्न दिएको निर्देशन अनुसार विज्ञापन (क्लिन फिड) नीति स्वीकृत भई कार्यान्वयनमा रहेको छ।
- नेपाल टेलिभिजनको सेवालाई थप गुणस्तरीय, विश्वसनीय, प्रभावकारी र प्रतिष्पर्धात्मक बनाउन प्रविधि रुपान्तरण अपरिहार्यरहेकोले HD -High Definition_ प्रसारणमा लैजान समितिले दिएको निर्देशन अनुसार नेपाल टेलिभिजनका सबै च्यानलहरु २०७५ माघ १७ गतेदेखि HD -High Definitoin_ मा प्रशारण भइसकेका छन्।

## खानेपानी मन्त्रालय

- खानेपानी मन्त्रालयलाई कानुनले उपलब्ध गराएको विशेष परिस्थितिको उपयोग गरी यसै आर्थिक वर्षभित्र खानेपानी वितरण गर्ने व्यवस्था मिलाउन समितिले दिएको निर्देशन अनुसार मन्त्रिपरिषद्ले मेलम्ची खानेपानीको हेडवर्कस तथा सुरुङ निर्माण कार्यमा विशेष परिस्थिति सिर्जना भएकोले मेलम्ची खानेपानी आयोजनाको सम्पन्न गर्न बाँकी सम्पूर्ण काम तत्कालै अगाडि बढाउने र त्यस सम्बन्धमा आवश्यक काम उपयुक्त ढंगले व्यवस्थापन गर्ने भनि २०७६ जेठ ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ।

## शहरी विकास मन्त्रालय

- एकीकृत बस्ती विकास कार्यक्रम, सुरक्षित नागरिक आवास लगायतका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि शहरी विकास मन्त्रालयलाई दिएको निर्देशन अनुसार जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास कार्यविधि, २०७५ तयार भई मन्त्रिपरिषद्बाट स्वीकृत समेत भइसकेको छ।

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

- भूकम्प पछिको पुनर्निर्माणका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृतलाई समितिमा आमन्त्रण गरी लाभग्राही भूकम्प पीडितहरुका गुनासो सम्बोधन गर्न, जोखिम युक्त समूहमा परेका लाभग्राहीहरुलाई थप अनुदान दिई सहयोग पुऱ्याउन, भूमिहीन सुकुम्बासी र ऐलानी पर्ति जग्गामा बसोबास गरेका लाभग्राहीहरुको पहिचान गरी अनुदान प्रवाह गर्न निर्देश गरेकोमा निर्देशन अनुरुप कार्य प्रगति विवरण माग भए बमोजिम तहाँबाट चरणबद्ध रुपमा कार्यान्वयन भईरहेको जानकारी प्राप्त हुन आएको छ।

## ७. निष्कर्ष

समितिको कार्यक्षेत्रभित्र पर्ने सम्बद्ध मन्त्रालय र राष्ट्रिय पुननिर्माण प्राधिकरण विकास निर्माणसँग प्रत्यक्ष सम्बन्ध राख्ने निकायहरु हुन् । यसकासाथै समितिले विकास निर्माणसँग उत्तिकै महत्व राख्ने राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई पनि समितिमा आमन्त्रण गरी बजेट व्यवस्थापन लगायत छिटो छरितो तथा प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सुझाव तथा निर्देशन दिंदै आएको छ । प्रतिवेदन अवधि सम्म समितिको जम्मा ३९ वटा बैठक (करिव ८५.५ घण्टा) सञ्चालन भइसकेको छ ।

समितिले राष्ट्रिय सरोकारका विषयहरुलाई प्राथमिकता दिंदै राष्ट्रिय गौरवका आयोजनाहरुका सम्बन्धमा सम्बद्ध पदाधिकारीहरुसँग बसी छलफल गर्ने, यस्ता आयोजनाहरुको स्थलगत अवलोकन गर्ने, अवलोकनका क्रममा देखिएका समस्याहरु समाधानका लागि स्थलगत अध्ययन, अवलोकन भ्रमण प्रतिवेदन कार्यान्वयनका लागि सरकारलाई निर्देश गर्ने, समितिमा दर्ता भएका निवेदनहरुको गाम्भीर्यता हेरी समितिमा छलफल गर्ने, यस्ता निवेदनहरु उपर सरकारको ध्यानाकर्षण गराउने लगायतका कार्यहरु गर्दै आएको छ । यसका साथै समितिमा दर्ता भएका विधेयकहरुमा दफाबार छलफल गरी प्रतिवेदन पेश गर्ने, विकास निर्माणसँग सम्बन्धित समसामयिक विषयहरुमा तत्काल बैठक बसी देखिएका समस्याहरु समाधानका लागि सरकारको ध्यानाकर्षण गर्ने, समितिले गरेको कामकारवाहीको सम्बन्धमा र समितिको भावी कार्ययोजनाका सम्बन्धमा समीक्षा बैठक बसी समितिको आगामी कार्ययोजना तय गर्ने जस्ता कार्यहरु पनि गर्दै आएको छ ।

विकास निर्माण समितिको कार्यक्षेत्र भित्रको पहिलो प्राथमिकता हो । आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु-व्यवस्थित ढंगले वहन गर्ने सन्दर्भमा समितिले पूर्वाधार विकासका आयोजनाहरु अघि बढाउँदा पर्यावरण संरक्षणको पक्षलाई समेत उत्तिकै ध्यान दिन सरोकारवाला निकयहरुलाई निर्देश गरी यस्ता आयोजनाहरुबाट तत्कालिन लाभ र दिगो विकासका पक्षमा उल्लेखनीय भूमिक निर्वाह गर्दै आएको छ ।

समितिले प्रतिवेदन अवधिसम्म आफ्नो कार्यक्षेत्र भित्रका मन्त्रालय, विभाग र अन्तरगतका निकायहरुलाई विभिन्न विषयमा सुझाव तथा निर्देशन दिंदै आएको छ यद्यपि विकास निर्माणलाई नजिकबाट नियाल्ने क्रममा समग्र विकास निर्माण प्रक्रियामा देखापरेका समस्याहरुको समाधानका लागि समिति देहायका विषयमा सरकारको ध्यानाकर्षण गराउँदछ :-

- राष्ट्रिय गौरवका आयोजनाहरु समयमा सम्पन्न नहुँदा यस्ता आयोजनाहरुको लागत बढ्न गई मुलुककै अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्ने भएकोले यस्ता आयोजनाहरु तोकिएकै समयमा सम्पन्न गर्न एवं राष्ट्रिय योजना आयोगले योजना वैंक बनाइसकेपछि मात्र ठेक्कामा जाने प्रक्रिया अगाडि बढाउन समिति सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ ।
- हरेक विकास निर्माणका कार्य आरम्भ गर्दा पर्यावरण संरक्षणको पक्षलाई समेत ध्यान दिनु पर्नेमा समितिले गरेका स्थलगत अवलोकनका क्रममा सो नपाइएको हुँदा आगामी दिनहरुमा पर्यावरण संरक्षणमा समेत ध्यान दिंदै वातावरण मैत्री विकास निर्माणका कार्य गर्नु पर्ने ।

- पूर्वाधार निर्माणका लागि अत्यावश्यक मानिने निर्माण सामाग्रीको अभाव दीर्घकालिन रुपमा समाधान गर्न नदी जन्य स्रोत मात्र पर्याप्त नहुने हुँदा वैकल्पिक खानीजन्य स्थानहरुको पहिचान गरी निर्माण समाग्रीको अभाव हुन नदिन एवं निर्माण सामाग्री उत्खनन् गर्ने कार्यलाई समेत वैज्ञानिक ढंगले व्यवस्थापन गर्न समिति सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ ।
- स्थलगत अवलोकनका क्रममा निर्माणाधीन भौतिक पूर्वाधारका संरचनाहरु गुणस्तरहीन पाइएकोले यस्ता संरचनाहरुमा गुणस्तर कायम गर्न आवश्यकता अनुसार नियमित प्राविधिक परीक्षण सहित निरन्तर अनुगमन गर्नु पर्ने, विकास निर्माणका आयोजनाहरु जनताका आवश्यकताका आधारमा छनोट हुनु पर्ने, एवं अन्तर मन्त्रालयगत समन्वय गरी विकास निर्माणका कामहरु अगाडि बढाउनु पर्ने समितिको ठहर रहेको छ ।
- परम्परागत वस्तीहरुको संरक्षण र आधुनिक वस्ति विकासका लागि मापदण्ड तय गरी व्यवस्थित शहरीकरणको अवधारणा अनुसार अगाडि बढ्न र जोखिम युक्त वस्तीहरुलाई व्यवस्थित गर्नु पर्ने ।
- जनतामा आधारभूत खानेपानी सेवाको पहुँच विस्तारलाई द्रुत गतिमा अगाडि बढाउँदै स्वच्छ खानेपानी उपलब्ध गराउने कार्य तदारुकताका साथ गर्नु पर्ने ।
- सूचना प्रविधि क्षेत्रको तिव्रत्तर विकास र त्यसले ल्याउने जोखिम न्यूनीकरणका लागि राज्य संयन्त्रलाई प्रविधि मैत्री बनाउनु पर्ने ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सम्पादन गर्ने कार्य निरन्तर चल्ने विकास निर्माणको जस्तो कार्य नभएकोले तोकिएको समय सीमाभित्र प्राधिकरणले पुनर्निर्माणको कार्य सम्पन्न गर्न समिति नेपाल सरकरको गम्भीर ध्यानाकर्षण गर्दछ ।

# अनुसूची-१

## समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

## सभापति - मा० श्री कल्याणी कुमारी खड्का

**<u>पदेन सदस्यहरुः</u>**

१. सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली

२. माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रघुवीर महासेठ

३. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बास्कोटा

४. माननीय खानेपानी मन्त्री श्री बिना मगर

५. माननीय शहरी विकास मन्त्री श्री मोहम्मद इश्तियाक राई

**<u>समितिका माननीय सदस्यहरु :</u>**

१. मा० श्री अनिल कुमार झा

२. मा० श्री आशा कुमारी वि.क .

३. मा० श्री इन्दु कुमारी शर्मा

४. मा० श्री कमला रोका

५. मा० श्री केदार सिग्देल

६. मा० श्री गणेश कुमार पहाडी

७. मा० श्री गौरी शंकर चौधरी

८. मा० श्री जिप छिरिङ्ग लामा

९. मा० श्री झलनाथ खनाल

१०. मा० श्री टेक बहादुर बस्नेत

११. मा० श्री टोप बहादुर रायमाझी

१२. मा० श्री दामोदर भण्डारी

१३. मा० श्री दुर्गा पौडेल

१४. मा० श्री प्रभु शाह

१५. मा० श्री महिन्द्र राय यादव

१६. मा० श्री मिनाक्षी झा

१७. मा० श्री यज्ञ राज सुनुवार

१८. मा० श्री रंगमती शाही

१९. मा० श्री राजेन्द्र कुमार राई

२०. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन

२१. मा० श्री राम बहादुर विष्ट

२२. मा० श्री लिलानाथ श्रेष्ठ

२३. मा० श्री वहादुर सिंह लामा (तामाङ्ग)

२४. मा० श्री विना कुमारी श्रेष्ठ

२५. मा० श्री शेर बहादुर देउवा

२६. मा० श्री हरिनारायण प्रसाद सा रौनियार*

***२०७५।०६।१९ देखि स्वतः निलम्वन हुनु भएका**

# अनुसूची-२

## समिति सचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली

१. महासचिव श्री मनोहरप्रसाद भट्टराई
२. प्रतिनिधि सभा सचिव श्री गोपालनाथ योगी
३. समिति सचिव श्री बंशीराज पौडेल
४. उपसचिव श्री ओमबहादुर कार्की
५. शाखा अधिकृत श्री दिपाकुमारी दुलाल
६. ना.सु. श्री रेनुका सुवेदी
७. खरिदार श्री धिरेन्द्र बस्नेत
८. का.स. श्री यमुनादेवी वाग्ले

**प्रकाशन तथा मुद्रण शाखा तर्फः**

१. मुद्रण अधिकृत श्री बाबुराजा महर्जन
२. मुद्रण अधिकृत श्री रोबन प्रजापति
३. सि.प्रे.टे. श्री गम्भीरमान सिंह
४. सि.प्रे.टे. श्री राजेन्द्र प्रसाद लामिछाने
५. सि.प्रे.टे. श्री प्रेम बहादुर चन्द
६. प्रे.टे. श्री कृष्णकला पौडेल
७. प्रे.टे. श्री माधव पौडेल
८. प्रे.टे. श्री विनोद न्यौपाने
९. प्रे.टे. श्री विमला बुढा
१०. का.स. श्री मदन गिरी

# अनुसूची - ३

## विभिन्न मितिमा समितिबाट भएका निर्णय तथा निर्देशनहरु

## बैठक संख्या–१

मिति : २०७५/०४/२१

छलफल एवम् निर्णय

१. समितिको आजको प्रथम बैठकमा सर्वप्रथम समिति सचिवालयद्वारा समितिमा रहनुहुने माननीयज्यूहरुलाई स्वगत गरियो । तत्पश्चात  बैठकमा समितिका मा. सदस्यहरु एवं समिति सचिवालयका कर्मचारीहरुको परिचय आदान प्रदान गरिनुका साथै समितिको कार्य क्षेत्रका सम्बन्धमा समितिको बैठकमा छलफल भयो । समितिका काम कारवाहिलाई कसरी प्रभावकारी बनाउने सम्बन्धमा समेत माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुभयो ।

२. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या-२

मिति : २०७५/०४/३१

छलफल एवम् निर्णय

समितिको आजकोबैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट सम्पादित कार्यहरु,मन्त्रालयको भावी कार्ययोजना, आयोजनाहरुको प्राथमिकीकरण, कार्यान्वयनमा देखिएका समस्या,चुनौतीहरु एवम् समाधानका लागि मन्त्रालयले गरेका प्रयासहरु लगायतको विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री एवम् मन्त्रालयका सचिवसँग छलफल भयो ।यसै गरी समितिको आगामी कार्यक्रमहरुका सम्बन्धमा समेत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका राष्ट्रिय प्राथमिकताका आयोजनाहरुको निर्माण कार्यलाई तीव्रता दिन, यस्ता आयोजनाहरुमा देखिएका समस्या तथा चुनौतीहरुलाई स्थायी तवरले शिघ्रतीशिघ्र समाधान गर्न तथा कुनै पनि कारणबाट आयोजनाहरुको कार्यान्वयनमा ढिलासुस्ती हुन नदिने व्यवस्था मिलाउन, कार्यक्रमहरुको रणनैतिक स्पष्टता कायम गर्दै परिणाममुखी र गुणस्तरीय कार्य सम्पादन गर्न/गराउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२. केन्द्र, प्रदेश र स्थानीय सरकारबीच आपसी सुदृढ, समन्वय र स्पष्ट कार्यक्षेत्रको अभावमा भौतिक पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नति लगायतका कार्य प्रभावकारी एवं दिगो नहुने निश्चित छ । तसर्थ, समितिको यो बैठक उल्लेखित विषयका लागि प्रभावकारी समन्वय गर्न तथा सोको लागि क्षमता अभिवृद्धि गर्न र कार्यक्षेत्रमा स्पष्टता कायम गर्न नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३. देशको विकास पूर्वाधारको विद्यमान अवस्था, चालु कार्यक्रमहरु एवम् उक्त कार्यक्रमहरुको प्रगति विवरण आगामी पाँच वर्षमा भौतिक पूर्वाधार विकासको अपेक्षित लक्ष्य सहितको विस्तृत विवरण र गत आर्थिक वर्षमा यस मन्त्रालय अन्तर्गत भएका विकास निर्माण कार्यमा भएको खर्च एवं प्रगति, भएका रकमान्तरहरु र गैरबजेटरी खर्च सम्बन्धी विवरण, विद्यमान ऐन नियमलाई विकासमैत्री बनाउन गर्नुपर्ने अवधारणा, गर्नुपर्ने कार्य समेत यस समितिलाई अविलम्ब उपलब्ध गराइदिन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४. सरकारका विकास लक्ष्य पुरा गराउन समाधान गर्नुपर्ने नीतिगत, सैद्धान्तिक एवम् व्यवहारिक समस्याहरु तथा चुनौतिहरुलाई सम्बोधन गर्दै तथा अन्तरसरकारी निकायहरुबीच आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्दै तत्कालीन तथा दीर्घकालीन आवश्यकताका आधारमा समितिको कार्यसूचीहरु निर्धारण गर्दै समितिलाई प्रभावकारी बनाउदै लैजाने निर्णय भयो ।
५. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–३

मिति : २०७५/०५/०४

छलफल एवम् निर्णयः

समितिको आजको बैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट सम्पादित कार्यहरु, मन्त्रालयको भावी कार्ययोजनाहरु, कार्यान्वयनका क्रममा देखिएका समस्याहरु/चुनौतीहरुका साथै समाधानका लागि गरिएका प्रयासहरु लगायतका विषयहरुमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री एवं सचिवसँग छलफल भई देहाय बमोजिम निर्णय भयो ।

१. सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा भएको द्रुततर एवं नविनतम् विकासको गति अनुरुप कार्य सम्पादन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समय अनुकुल क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । सूचना, सञ्चार एवं प्रविधिको दायरा दिन प्रतिदिन फराकिलो बन्दै गइरहेको सन्दर्भमा अत्याधुनिक प्रविधिको प्रयोग एवं यस क्षेत्रमा सामाजिक र व्यक्तिगत माग सम्बोधन गर्न विद्यमान कानूनहरुमा सामयिक रुपमा संशोधन वा नयाँ बनाउनुपर्ने देखिएकोले शीघ्रातीशीघ्र विधेयकको मस्यौदा तयार गरी संसदमा दर्ता गर्न समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
२. सञ्चार तथा सूचना प्रविधि क्षेत्र अन्तर्गतका देहायका विवरणहरु १५ दिन भित्र समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ :-
   (क) ग्रामीण दूरसञ्चार विकास कोषको प्रयोग/उपभोगका सम्बन्धमा हालसम्म भएका कामहरुको विस्तृत विवरण,
   (ख) द्रुन कभरेज बढाउने सम्बन्धमा भएका कामहरु,
   (ग) नेपाल टेलिकमको सुधार, गुणस्तरीय सेवा प्रवाह एवं रणनैतिक साझेदार सम्बन्धमा भएका कामहरुको विस्तृत विवरण,
   (घ) विद्युतीय कारोबार ऐनको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले गरेका प्रयासहरु,
   (ङ) दूरसञ्चार फ्रिक्वेन्सी वितरण कार्यविधि एवं नियमावली सम्बन्धमा भएका कार्यहरु,
   (च) मिडियालाई नियमन गर्ने सम्बन्धमा भए गरेका कामहरुको विस्तृत विवरण,
   (छ) बक्स अफिस कलेक्सनमा देखिएका समस्या समाधान गर्न गरिएका प्रयासहरु सम्बन्धी विवरण,
   (ज) सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा गरिने विकासको सम्बन्धमा सरकारको अल्पकालीन एवं दीर्घकालीन लक्ष्य,
   (झ) अप्टीकल फाइवरको सञ्जाल विस्तारमा देखा परेका समस्या र हालसम्मको प्रगति विवरण,
   (ञ) नेपाल टेलिभिजन, रेडियो नेपाललाई एकीकृत गरी सञ्चालन गर्ने सम्बन्धमा भएको कार्य प्रगति,
   (ट) प्रतिलिपि अधिकार एवं रोयल्टी वितरण सम्बन्धमा देखिएका समस्या समाधान गर्न गरिएका प्रयासहरु
   (ठ) सार्वजनिक उपभोगका संरचनाहरुमा निशुल्क वाईफाई उपलब्ध गराउन भएका कार्यहरु,
   (ड) International Telecommunication यूनियनले उपलब्ध गराएको स्याटेलाइट स्पेस उपयोग गर्ने सम्बन्धमा भए गरेका कार्यहरु ।
३. सातै वटा प्रदेशमा सञ्चार तथा सूचना प्रविधिको सन्तुलित विकास गर्नका लागि प्रदेशहरुको विद्यमान अवस्थाको अध्ययन गरी शिघ्रातीशिघ्र कार्ययोजना बनाई कार्यान्वयन गर्न समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

४. त्यसै गरी सञ्चार तथा सूचना प्रविधिमा सकेसम्म न्यून रुपमा तारको प्रयोग गर्ने नीति अख्तियार गर्न तथा यस क्षेत्रका पूर्वाधार (पोल, तार, BTS Tower) आदिको सहप्रयोग गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
५. टेलिभिजन लगायतका सञ्चार माध्यमलाई क्लिन फिड नीति अख्तियार गर्ने नेपाल सरकारको कार्यक्रम रहेकोमा सोको कार्यान्वयन पक्ष सुस्त एवं प्रभावकारी भएको नपाइएको सन्दर्भमा उक्त कार्यलाई प्राथमिकता दिई कार्यान्वयन गर्न/गराउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
६. फेसबुक, ट्विटर लगायतका सामाजिक सञ्जालमा विज्ञापन गरे बापत ठूलो रकम बाहिरिएको देखिएकोले त्यसलाई नियमन गरी करको दायरामा ल्याउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
७. सरकारी सूचना सञ्चार माध्यमहरु र दुर सञ्चार सेवा प्रदायकहरुको विश्वसनीयता तथा आम नागरिकहरुको उपभोगको पहिलो रोजाइ बनाउने तर्फ परिणाममुखी योजना बनाई कार्यान्वयन गर्न, (क्ष्त एबचप) लाई उद्देश्य बमोजिम प्रयोग गर्ने वातावरण बनाउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
८. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–४

मिति : २०७५/०५/१२

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा खानेपानी मन्त्रालयबाट सम्पादित कार्यहरु, भावी कार्ययोजना, कार्यान्वयनका क्रममा देखिएका समस्याहरु तथा चुनौतीहरुका साथै समाधानका लागि गरिएका प्रयासहरु लगायतका विषयहरुमा खानेपानी मन्त्रालयका माननीय मन्त्रीसँग छलफल भई देहाय बमोजिम निर्णय भयो ।

१. स्वच्छ खानेपानी मानव जीवनको आधारभूत आवश्यकता हो, भने सम्पूर्ण नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हो । यही विषयलाई व्यवस्थापन गर्न खानेपानी मन्त्रालयको गठन भई कार्यान्वयनमा आएको लामै समय भएको छ । यद्यपि, देशका सम्पूर्ण नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने सम्बन्धमा विद्यमान माग, पानीको स्रोतको पहिचान तथा वितरण प्रणालीका साथै दीर्घकालीन माग, स्रोतको प्रक्षेपण एवम् सोको लागि आवश्यक पर्ने रणनैतिक कार्ययोजनाको बारेमा विस्तृत अध्ययन समेत भएको देखिदैन । तसर्थ, दीर्घकालीन आवश्यकताको पहिचान गरी भावी समस्याको समाधान गर्न आवश्यक रणनैतिक एवम् व्यवस्थापनका कार्य तत्काल प्रारम्भ गर्न समिति नेपाल सरकार, खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
२. बहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाबाट प्राप्त हुने पानी वितरण गर्ने भनी मन्त्रालयबाट प्रस्तावित तिथिमिति बारम्बार परिवर्तन हुने (सरेको सरै गर्ने) कार्यबाट सम्बन्धित निकायको विश्वसनीयता एवम् कार्यसम्पादन प्रति गम्भीर प्रश्न उठ्न पुगेको देखिन्छ । यसतर्फ सचेत भई कार्यसम्पादन गर्न तथा हेडवर्क्स, सुरुङ्गभित्रको फिनिशिङ्गको कार्य अझै बाँकी रहेको, निर्माण व्यवसायीको सुस्त कार्यसम्पादन र कमजोर व्यवस्थापनलाई तत्काल सम्बोधन गरी पूर्वनिर्धारित समयभित्रै आयोजना सम्पन्न गरी पानी वितरणको व्यवस्थापन गर्न र गराउन समिति नेपाल सरकार, खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
३. संविधानको धारा ३५(४) बमोजिम स्वच्छ खानेपानीलाई मौलिक हकको रुपमा राखिएको छ । काठमाण्डौ उपत्यकाका धारामा आउने पानी गुणस्तरहीन भएको कुरामा कुनै दुविधा छैन । तसर्थ, स्वच्छ पिउन योग्य पानी भनी मापदण्ड निर्धारण गर्न वा नेपाल गुणस्तर चिन्ह प्राप्त गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार, खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

४. काठमाण्डौबासीको पानीको उच्च मागलाई सम्बोधन गर्न मेलम्ची खानेपानी प्रणालीमा एङ्गी र लार्के खोलाबाट थप १७ करोड लिटर पानी थप गर्ने सम्बन्धमा गरिनुपर्ने कार्यहरु (क्ष्भ्भ,भ्क्ष्ब,डिपीआर लगायत)का कार्यले अपेक्षित गति नलिएको तर्फ ध्यानाकर्षण गराउदै उक्त कार्यहरुलाई प्राथमिकताका साथ गर्नरगराउन समिति नेपाल सरकार, खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
५. मेलम्चीको पानी वितरण प्रणालीमा आइसकेपछि काठमाण्डौको विद्यमान ढल प्रणालीको क्षमताले उत्सर्जित पानी व्यवस्थापन गर्ने क्षमता राख्छ वा राख्दैन भन्ने सन्दर्भमा खासै अध्ययन भएको पाइदैन । कतिपय विज्ञहरुले मेलम्चीको पानीको प्राप्तिपछि काठमाण्डौको पानीको ढल अस्तव्यस्त हुने प्रारम्भिक अनुमान गरेको सन्दर्भमा मन्त्रालयले यस विषयमा गरेका कार्यहरु, वर्तमान ढलको क्षमता लगायत मन्त्रालयको वार्षिक कार्यक्रम एवम् दिर्घकालीन कार्ययोजना सम्बन्धी जानकारी यस समितिलाई १५ दिन भित्र उपलब्ध गराउन समिति नेपाल सरकार, खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
६. खानेपानी मन्त्रालयले सम्पादन गर्ने कामहरुको बारेमा हालसम्म कानुन बनेको नपाइएकोले सो सम्बन्धी विधेयकको मस्यौदा तयार गरी शिघ्रातीशिघ्र संसदमा पेश गर्न समिति नेपाल सरकार, खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
७. त्यसै गरी स्वच्छ खानेपानी उपलब्ध गराउन प्रदेश एवम् स्थानीय तह तथा अन्तरमन्त्रालयगत समन्वय गरी कार्यसम्पादन गर्न, जमिन मुनिको घट्दो पानीको स्तरलाई पुनः नविकरण गर्ने तर्फ अल्पकालीन र दीर्घकालीन कार्ययोजना सहित काम गर्न, (ध्वतभच क्भअतयच म्भखभयिऊभलत एबिल, द्दण्ज्ञट) को प्रभावकारी कार्यान्वयन गर्न तथा पुराना खानेपानी वितरण प्रणालीको समयमा नै मर्मत सम्भार गरी सञ्चालन गर्ने व्यवस्था मिलाउन समेत समिति नेपाल सरकार, खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
८. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–५

मिति : २०७५/०५/१९

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा शहरी विकास मन्त्रालयबाटसम्पादित कार्यहरु, भावी कार्ययोजना, कार्यान्वयनका क्रममा देखिएका समस्याहरु तथा चुनौतीहरुका साथै समाधानका लागि गरिएका प्रयासहरु लगायतका विषयहरुमा शहरी विकास मन्त्रालयका माननीय मन्त्री एवम् सचिवसँग छलफल भई देहाय बमोजिम निर्णय भयो ।

१. विषमतायुक्त भूधरातल भएको हाम्रो देश नेपालमा बस्ती विकास वैज्ञानिक ढङ्गले हुन सकेको छैन । एकीकृत बस्ती विकास गरी शहरीकरण गर्ने प्रयासहरु सफल हुन सकेका छैनन् भने भूउपयोग नीति समेत हालसम्म बन्न सकेको छैन । सहरको आधारभूत मापदण्ड अनुकुल कुनै पनि सहर छैनन् भने सहरका लागि आवश्यक पूर्वाधारहरुको अभाव समेत रहेको देखिन्छ । तसर्थ, समितिको यो बैठक भौगोलिक अवस्थिति अनुसार वैज्ञानिक आधारमा मापदण्ड अनुरुपका एकीकृत बस्ती विकास गर्ने तर्फ गम्भीरतापूर्वक ध्यान केन्द्रित गरी कार्यसम्पादन गर्न, भूमिसँग सम्बन्धित मन्त्रालयबीच समन्वय गरी भूउपयोग नीति तत्काल बनाई कार्यान्वयनमा ल्याउन तथा आवास निर्माण एवम् अन्य भौतिक पूर्वाधार निर्माण मापदण्ड अनिवार्य रुपमा लागू गर्न गराउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।
२. हाम्रो सन्दर्भमा सहरको परिभाषामा अन्यौलता रहेको पाइन्छ । भौतिक पूर्वाधार लगायतका आधारमा नगरपालिकाहरु सहर हुन् वा हैनन् वा के-कस्ता पूर्वाधारहरु भए पश्चात सहर हुने हो ? सहर विकास सम्बन्धी एसियाली मापदण्ड भित्र नेपालको कुन-कुन सहर पर्दछन् ? साथै काठमाण्डौ उपत्यकाको जनसंख्या बहन गर्ने क्षमता कति हो भन्ने सम्बन्धी जानकारी र मन्त्रालयको अल्पकालीन एवम् दीर्घकालीन विस्तृत कार्यक्रम सम्बन्धी

विवरण पन्ध्र दिन भित्र समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

३. काठमाण्डौ उपत्यकाको आसपास विकास गर्ने भनिएका स्याटलाइट सिटीहरुको निर्माणले गति लिन सकेको देखिदैन । ल्याण्डपुलिङ्ग कार्यमा समेत अपेक्षित प्रगति भएको नदेखिएकोले स्याटलाइट सिटी निर्माणमा देखिएका समस्याहरुलाई तत्काल समाधान गरी कार्य अगाडि बढाउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४. जोखिमपूर्ण बस्तीहरुलाई स्थान्तरण गर्ने, एकीकृत बस्ती विकास गर्ने, पुराना सहरहरुलाई व्यवस्थित गर्ने, जनता आवास कार्यक्रम लगायतका यस मन्त्रालय अन्तर्गतका कार्यक्रमहरुमा अस्पष्टताहरु रहेको देखिएकोले तत्काल स्पष्टता कायम गरी कार्यान्वयनमा लैजान तथा हालसम्म जनता आवास कार्यक्रम र स्मार्ट सिटी कार्यक्रममा भएको सम्पूर्ण (बजेटरी, गैरबजेटरी, रकमान्तर भएको रकम) खर्चको यथार्थ विवरण, खर्च अनुरुप कार्य सम्पादन हुन नसक्नुका कारणहरु, लगानी अनुरुपको प्रतिफल नदेखिँदा अनियमितताको आशङ्का नगर्नु पर्ने भए उक्त कारणहरु लगायतका विस्तृत विवरण १५ दिन भित्र समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

५. बाहिरी चक्रपथको पाइलट प्रोजेक्ट चोभार सतुङ्गलमा किन रोकिएको हो? ईचङ्गुनारायण जग्गा एकीकरण आयोजना किन लम्बिएको हो? धोबीखोला अनामनगरमा पस्ने गरी कोरिडोर बनेको पाइन्छ, बनाउनु पूर्व किन ध्यान दिइएन ? समितिलाई पन्ध्र दिन भित्र लिखित जानकारी गराउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

६. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–६

मिति : २०७५/०५/२१

छलफल एवम् निर्णय

१. समितिको आजको बैठकमा “आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथि शहरी विकास मन्त्रालयका माननीय मन्त्री एवम् उक्त विधेयक माथि संशोधन प्रस्ताव राख्नुहुने प्रतिनिधि सभाका माननिय सदस्यहरुसँग विस्तृत छलफल भयो ।

२. समितिको कार्यविधि तथा संयोजक आफै निर्धारण गर्ने गरी र उक्त विधेयकमाथि विस्तृत छलफल गरी पाँच दिन भित्र समितिमा प्रतिवेदन पेश गर्न ७ सदस्यीय देहाय बमोजिम उपसमिति गठन भयो ।

(क) संयोजक मा. श्री अनिल कुमार झा
(ख) सदस्य मा. श्री आशा कुमारी वि.क.
(ग) सदस्य मा. श्री केदार सिग्देल
(घ) सदस्य मा. श्री दुर्गा पौडेल
(ङ) सदस्य मा. श्री मिनाक्षी झा
(च) सदस्य मा. श्री राजेन्द्र प्रसाद लिङ्देन
(छ) सदस्य मा. श्री हरिनारायण सा रौनियार

३. बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–७

मिति : २०७५/०५/२७

छलफल एवम् निर्णय

१. समितिको आजको बैठकमा "आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथि छलफल गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिले प्रतिवेदन पेश गऱ्यो । साथै उपसमितिले तोकिएकै समय भित्र विस्तृत छलफल गरी प्रतिवेदन पेश गरेकोमा उपसमितिमा रहनु हुने सम्पूर्ण माननीय सदस्यहरुलाई धन्यवाद दिने निर्णय भयो ।

२. उपसमितिबाट पेश भएको प्रतिवेदन माथि समितिको आजको बैठकमा विस्तृत छलफल भई देहाय बमोजिमको संशोधन सहित पारित भयो ।

(क) उक्त प्रतिवेदनको "क्रम संख्या ५ को (१) हटाउनुका साथै प्रतिवेदनमा विधेयकको दफा ५ को उपदफा (५) हटाई उपदफा क्रम मिलाउने उल्लेख गर्ने ।" गरी परिमार्जन गरियो ।

३. समितिबाट पारित प्रतिवेदन प्रतिनिधि सभाको भोलि बस्ने बैठकमा पेश गर्ने व्यवस्था मिलाउन लेखी पठाउने निर्णय भयो ।

४. समितिको बैठक अर्को सूचना नभए सम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–८

मिति : २०७५/०६/०५

छलफल एवम् निर्णय

१. समितिको आजको बैठकमा सभापतिको निर्वाचन कार्यसूची रहेकोमा यस समितिको सभापतिमा यसै समितिका सदस्य मा० कल्याणी कुमारी खड्कालाई मनोनित गरियोस् भनी प्रस्तावक मा० गणेश कुमार पहाडी र समर्थक मा० इन्दु कुमारी शर्मा रहनु भएको एक मात्र प्रस्ताव दर्ता भई प्राप्त हुन आएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७३ को उपनियम (४) बमोजिम मा० कल्याणी कुमारी खड्का यस समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भयो ।

२. समितिको बैठक अर्को सूचना नभए सम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–९

मिति : २०७५/०६/०९

छलफल एवम् निर्णय

१. समितिको आजको बैठकमा समितिको आन्तरिक कार्यविधि तथा समितिको भावी कार्यक्रम सम्बन्धमा विस्तृत छलफल भयो । छलफल पश्चात समितिको आन्तरिक कार्यविधि परिमार्जन सहित समितिको आगामी बैठकबाट लागु हुने गरी सर्वसम्मतिले पारित गरियो । त्यसै गरी, भौतिक पूर्वाधार सम्बन्धी विकास निर्माण, राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयन, यातायात, सूचना प्रविधिलाई व्यवस्थित गर्दै अत्याधुनिक गर्ने कार्य, व्यवस्थित शहरी विकास एवम् खानेपानीको सर्वसुलभता लगायत भूकम्प पश्चातको पुननिर्माणका साथै पूर्वाधार निर्माणमा देखिएका ढिलासुस्ती एवम् अनियमितता माथि गम्भीर रुपमा ध्यान दिदै र कार्यक्षेत्रसँग सम्बन्धित समसामयिक विषयवस्तुमा केन्द्रित भई प्रभावकारी रुपमा आवश्यकता अनुसार कार्य सम्पादन गर्दै जाने निर्णय भयो ।

२. समितिको यो बैठक २०७५ आश्विन १० गते बिहान १०:०० बजेसम्म स्थगित हुन्छ ।

# बैठक संख्या–१०

मिति : २०७५/०६/१०

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा नजिकिदो चाडबाडको सन्दर्भमा यातायात व्यवस्थापनका सम्बन्धमा भए गरेका कार्यहरु र समस्याहरुको विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री एवम् सचिव, यातातयात व्यवस्था विभागका महानिर्देशक तथा महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुखसँग विस्तृत छलफल भई देहाय बमोजिम निर्णय भयो ।

१. चाडबाडको समयमा सार्वजनिक यातायातको प्रयोगमा अपेक्षित रुपमा चाप वृद्धि हुने निश्चित छ । साथै, यही अवसरमा अपारदर्शी एवम् अनियमित कार्यहरु गरी यात्रुलाई सास्ती दिने, अवाञ्छित आर्जन गर्ने, अस्वस्थ प्रतिस्पर्धा गर्ने तथा सडक सुरक्षालाई नजरअन्दाज गर्ने क्रियाकलापहरुमा बढोत्तरी हुने भएकोले यस्ता क्रियाकलापहरुलाई पूर्ण रुपमा निरुत्साहित गर्नुपर्ने देखिन्छ । सम्बन्धित निकायले यस विषयलाई व्यवस्थापन गर्न केही कार्यहरु गरेता पनि तत्काल कम्तीमा चाडबाड समयावधि भरी सार्वजनिक यातायात क्षेत्रमा बढी केन्द्रित भई सरल, सुलभ, सुव्यवस्थित बनाउन विशेष जरुरी भएकोले समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र महानगरीय ट्राफिक प्रहरी महाशाखालाई देहाय बमोजिम निर्देश गर्दछ :-

(क) टिकट बिक्री वितरण कार्यलाई पारदर्शी रुपमा व्यवस्थापना गर्न, अग्रिम रुपमा टिकट बुक भइसकेका देखाइ पछि महङ्गोमा बेच्ने, ब्ल्याकमा बेच्ने तथा सवारीको क्षमता भन्दा बढी टिकट बेच्ने विक्रेता एवम् व्यवसायीलाई नियमित एवम् गोप्य रुपमा छानविन/अनुसन्धान गरी तत्काल कारवाही गर्न र सोको जानकारी यस समितिलाई दिन,

(ख) बढ्दो सवारी चापलाई थेग्न व्यवसायीहरुले थोत्रा, पुराना सवारी साधनहरुलाई सामान्य मर्मत गरी प्रयोगमा ल्याउन सक्ने तर्फ विशेष निगरानी गर्न, सडक सुरक्षामा विशेष ध्यान दिन, क्षमता भन्दा बढी यात्रु राख्न नदिन तथा कुनै पनि कारणबाट छतमा यात्रु राख्न नदिन र सार्वजनिक सवारी साधनहरुको सडकमै छड्के चेकजाँच गर्न/गराउन र सोको विवरण समितिलाई उपलब्ध गराउन,

(ग) अत्याधिक चापको अवस्थामा सार्वजनिक सवारी साधनहरु चौबिसै घण्टा प्रयोगमा आउने अवस्थामा यस्ता सवारी साधनहरुको अवस्था (फिटनेस) कमजोर हुने भएकोले र यात्रु सुरक्षालाई चुनौती हुने भएकोले सडकमै सवारी साधानहरुको अवस्था चेकजाँच गर्न/गराउन,

(घ) वर्षायाममा अवरुद्ध भएका पहाडी सडकहरुलाई तत्काल सुचारु गर्न/गराउन,

(ङ) नागरिक सहायता कक्षहरु तत्काल सञ्चालन गर्न, लामो दुरीका सार्वजनिक सवारीमा अनिवार्य रुपमा दुई वटा चालक राख्ने व्यवस्था मिलाउन, तीव्र गति नियन्त्रण गर्न टाइम कार्ड अनिवार्य लागु गर्न, ट्राफिक प्रहरीको चुस्त दुरुस्त परिचालन गर्न/गराउन,

(च) नागरिकहरुको सुरक्षित यात्रा गर्न पाउने अधिकारलाई ध्यानमा राखी सार्वजनिक यातायातको समग्र पक्षहरुको प्रभावकारी अनुगमन कार्यलाई आजैबाट चुस्त दुरुस्त बनाउन, यात्रुहरुको गुनासो तत्काल सम्बोधन गर्न/गराउन र नागरिकले सुधारको अनुभूति हुने गरी व्यवस्थापन गर्न/गराउन ।

२. यस समितिमा रहनुहुने माननीय सदस्यहरुले समेत जिल्ला जाँदा आउँदा वा यात्रा गर्दा सरकारले चाडपर्वमा सार्वजनिक यातायातमा गरेको व्यवस्थापनको औपचारिक/अनौपचारिक अनुगमन मूल्याङ्कन गर्ने र त्यसको पृष्ठपोषण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई उपलब्ध गराउने निर्णय भयो ।

३. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–११

मिति : २०७५/०६/१८

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट सम्पादित कार्यहरु र भावी कार्य योजना माथि मन्त्रालयका माननीय मन्त्री एवम् सचिवसँग छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयो ।

१. नेपाल टेलिकमको सेवालाई विस्तार गर्न एवम् गुणस्तरीय बनाउन तत्काल प्राविधिक, प्रशासनिक एवम् व्यवस्थापकीय सुधार गर्न/गराउन, निर्माण भएका ञत्क त्यधभच लाई शिघ्र सञ्चालनमा ल्याउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
२. त्यसै गरी, दुर सञ्चार प्राधिकरणको अध्यक्ष पदमा भएको पुनर्नियुक्तिका सम्बन्धमा जनमानसमा विभिन्न प्रतिक्रियाहरु आइरहेको र सरोकारवाला पक्षहरु एवम् आम नागरिकहरुको चासोप्रति समितिको ध्यानाकर्षण भएकोले उक्त नियुक्ति सम्बन्धी प्रक्रिया, पुनर्नियुक्तिको आधार र कारणको यथार्थ विवरण समितिलाई १५ दिन भित्र उपलब्ध गराइदिन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
३. स्थानीय तहमा बैंकिङ्ग प्रणाली स्थापना गर्न इन्टरनेट अनिवार्य शर्त भएकोले सम्पूर्ण स्थानीय तहमा गुणस्तरीय इन्टरनेटको पहुँच विस्तार यसै आर्थिक वर्ष भित्र अनिवार्य गरिसक्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
४. सामाजिक सञ्जालको प्रयोगमा देखिएका विकृति रोक्ने सम्बन्धमा तत्काल प्रभावकारी कार्ययोजना बनाई कार्य सम्पादन गर्न/गराउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
५. सञ्चार तथा सूचना प्रविधिको विकासको लागि नेपाल सरकारको नीति तथा कार्यक्रमहरु सान्दर्भिक एवम् समय सापेक्ष भएता पनि कार्यान्वयनको अवस्था सन्तोषप्रद नदेखिएको तर्फ मन्त्रालयको ध्यानाकार्षण गराउँदै सम्बन्धित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न/गराउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
६. सरकारी संचार माध्यम नेपाल टेलिभिजन, रेडियो नेपालको पहुँच विस्तार एवम् गुणस्तरीय सेवा प्रवाह गर्ने तर्फ ध्यान दिन र यसै आर्थिक वर्ष भित्र देश भित्रका सम्पूर्ण क्षेत्रमा सेवा विस्तार गरिसक्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।
७. समितिको बैठक अर्को सूचना नभए सम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–१२

मिति : २०७५/०८/०४

छलफल एवम् निर्णय

समितिको आजको बैठक प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (२) बमोजिम मा० सदस्यहरुको गणपूरक संख्या पर्याप्त हुन नसकेकोले अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–१३

मिति : २०७५/०८/१२

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यप्रगति, समस्या एवम् चुनौतीहरु लगायतका विषयमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत एवम् सचिवसँग छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयो ।

१. लाभग्राही भूकम्प पीडितहरुका गुनासो लिने कार्यलाई निश्चित समयावधि तोकी गुनासो लिने र प्रभावकारी रुपमा गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाएमा निजी आवास तर्फको पुनर्निर्माण कार्यले अझ तिव्रता पाउने देखिएकोले उक्त व्यवस्था मिलाउन समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।
२. त्यसै गरी जोखिमयुक्त समूहमा परेका लाभग्राहीहरुलाई थप पचास हजार रुपैया अनुदान दिई सहयोग उपलब्ध गराउने अवधारणालाई शिघ्र मूर्त रुप दिई कार्यान्वयनमा ल्याउन समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।
३. भूमीहिन सुकुम्बासी र ऐलानी पर्ति जग्गामा बसेका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माण कार्यले अन्य पुनर्निर्माण कार्यले जस्तो अपेक्षित गति लिन नसकेको देखिएको हुँदा यस्ता भूमीहीन सुकुम्बासी र ऐलानी पर्ति जग्गामा बसोबास गरेका लाभग्राहीहरुको पहिचान गरी अनुदान प्रवाह गर्ने कार्यलाई विशेष ध्यान दिई कार्यसम्पादन गर्नुपर्ने देखिएकोले समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई ध्यानाकर्षण गराउँदछ ।
४. भूकम्पका कारण अङ्गभङ्ग भएका, अपाङ्ग, एकल परिवार, वृद्धवृद्धा तथा घरवारबिहीन बालबालिकाका लागि आर्थिक सामाजिक पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्ने भनिए तापनि एकीकृत ढङ्गले कार्यसम्पादन हुन सकेको नदेखिएकोले उल्लेखित विषयमा स्पष्ट कार्यविधि बनाई शिघ्र कार्यान्वयन गर्न समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।
५. निजी आवास तर्फको पुनर्निर्माणको सम्बन्धमा लाभग्राहीले ऋण लिन चाहेमा प्रदान गरिने सहुलियत ऋणको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्थामा बैंकहरुले ऋण प्रवाह गर्दा निर्माणस्थलको भौतिक पूर्वाधारको मूल्यांकन गर्ने भएकोले सहुलियत ऋण सहजै उपलब्ध गराउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सहजीकरण गर्न/गराउन समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।
६. प्राधिकरणलाई हालसम्म उपलब्ध स्रोत साधन एवम् बजेटबाट सम्पूर्ण पुनर्निर्माण सम्भव नरहेकोले आवश्यक रकमको सुनिश्चतता गर्न समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।
७. समितिको यो बैठक २०७५ मंसिर १३ गत बिहान ११:३० बजेसम्मका लागि स्थगित हुन्छ ।

## बैठक संख्या–१४

मिति : २०७५/०८/१३

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा तराईका जिल्ला सदरमुकामहरुको शहरीकरण विस्तार एवम् भौतिक पूर्वाधारको व्यवस्थापन लगायत नयाँ निर्माण हुने सहर एवम् सघन शहरी विकास कार्यक्रम र सुरक्षित नागरिक आवास कार्यक्रमका बारेमा शहरी विकास मन्त्रालयका माननीय मन्त्री एवम् सचिवसँग छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयो ।

१. नयाँ शहरी बस्ती व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित गर्न सघन शहर लगायत विभिन्न किसिममा विभाजन गर्न र सोको लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गर्नु पर्ने भए तापनि हाल स्पष्ट मापदण्डको अभाव देखिएकोले न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चितता हुने गरी मापदण्ड बनाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

२. शहरी बस्ती व्यवस्थापन अन्तर्गत परम्परागत बस्तीहरुको स्तरोन्नति, जोखिमपूर्ण बस्ती स्थानान्तरण गर्ने कार्य, सघन शहरी विकास कार्यक्रम एवं नयाँ शहर निर्माण लगायतका कार्यहरु पर्ने भएको र संघीयतामा कुन तहले कुन कार्यक्रम लागू गर्ने भन्ने सम्बन्धमा अझै केही अन्यौलता रहेकोले उल्लेखित विषयमा स्पष्टता कायम गरी कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।
३. एकीकृत बस्ती विकास कार्यक्रम, सुरक्षित नागरिक आवास लगायतका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने भन्ने नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम रहेता पनि लक्ष्य अनुरुप कामले गति लिन सकेको छैन । कतिपय कार्यक्रमहरुको कार्यविधि बनाउने कार्यले समेत गति नलिएको देखिएकोले उल्लेखित विषयमा गम्भीरतापूर्वक कार्यसम्पादन गर्न समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।
४. त्यसै गरी, शहरी विकास कार्यक्रम छनौट गर्दा क्षेत्रीय सन्तुलन कायम गर्न एवम् भू-उपयोग नीतिको अभावका कारण शहरीकरण कार्यले गति नपाउने देखिएकोले भू-उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक पहल गर्न समेत समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।
५. एसियाली विकास बैंकको सहयोगमा विरगंजमा सञ्चालित शहरी वातावरण सुधार आयोजना कार्यान्वयनमा भए/गरेका समस्या एवम् अनियमितताहरु माथि तत्काल छानबिन गरी सोको प्रतिवेदन यथाशिघ्र समितिलाई उपलब्ध गराउन र दोषीलाई कानूनी दायरामा ल्याउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।
६. समितिको यो बैठक २०७५ मंसिर १४ गते बिहान ११:३० बजेसम्म स्थगित हुन्छ ।

## बैठक संख्या–१५

मिति : २०७५/०८/१४

छलफल एवम् निर्णय

आज बसेको समितिको बैठकमा काठमाडौं-तराई/मधेश (निजगढ) द्रुतमार्ग ९ँबकत त्चबअप) आयोजना निर्माण सम्बन्धमा भए गरेका कार्य प्रगति एंव समस्या तथा चुनौतीहरुका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय रघुवीर महासेठ, मन्त्रालयका सचिव मधुसुदन अधिकारी तथा नेपाली सेना इञ्जिनियरिङ विभागका उपरथी योगेन्द्र बहादुर खाँण लगायतसँग छलफल गरि निम्न बमोजिम निर्णय गरियो ।

१. नेपाल सरकारबाट सुम्पिएको राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश (निजगढ) द्रुतमार्ग ९ँबकत त्चबअप० आयोजनालाई समयमै सम्पन्न गरी नेपाली सेनाको क्षमता र विश्वसनीयतालाई उच्च राख्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रक्षा मन्त्रालय र नेपाली सेनालाई निर्देश गर्दछ ।
२. द्रुत मार्ग निर्माण लगायत सम्पूर्ण विकास निर्माणका कार्यहरु गर्दा उत्पन्न हुने पर्यावरणीय क्षतिलाई न्युनीकरण गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रक्षा मन्त्रालय र नेपाली सेनालाई निर्देश गर्दछ ।
३. आयोजनाको काममा उच्च जोखिममा रहेर खटिने सम्बन्धित प्राबिधिक तथा कामदारहरुको मनोबल उच्च राख्ने प्रयोजनका लागि न्यूनतम सेवा सुबिधा उपलब्ध गराउन समिति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गर्दछ ।
४. डीपीआर लगायतका पूर्वाधारहरु सहित सडक निर्माण कार्यलाई तिव्रता दिन समिति नेपाली सेनालाई निर्देश गर्दछ ।
५. आयोजनाको काठमाडौं तर्फको प्रस्थान विन्दु यथाशीघ्र निर्क्यौल गरी मुआब्जाको बिषय टुंगो लगाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाली सेनालाई निर्देश गर्दछ ।

यस समितिको तर्फबाट उपयुक्त समयमा काठमाडौं-तराई/मधेश(निजगढ)द्रुतमार्ग९ँबकत त्चबअप० आयोजनाको स्थलगत अध्ययन भ्रमण गर्ने निर्णय भयो ।

## बैठक संख्या–१६

मिति : २०७५/०८/१६

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा खानेपानी मन्त्रालय अन्तर्गतको मेलम्ची खानेपानी आयोजनाको वर्तमान वस्तुस्थिति विभिन्न खानेपानी आयोजना कार्यक्रमहरु (नेपालगञ्ज र बुटवल) मा देखिएका अनियमितता एवं ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति मार्फत सञ्चालित खानेपानी तथा सरसफाई आयोजनाहरुको स्थितिका सम्बन्धमा छलफल भई देहाय बमोजिमका निर्णयहरु भयो ।

१. राष्ट्रिय गौरवको बहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाबाट उपत्यकाभित्र खानेपानी उपलब्ध गराउने गरी पटक पटक प्रचार गएिको र निर्धारित समयावधिभित्र विभिन्न कारणले पानी वितरण कार्यमा ढिलाई भइरहेको हुँदा जनतामा बिभिन्न आशंका उत्पन्न भएकोले तोकिएको अवधि भित्रै निर्माण कार्य सम्पन्न गरी उपत्यकाबासीलाई ध्ज्इ को क्तबलमबचम अनुसारको खानेपानी उपलब्ध गर्न/गराउन  र निर्माणाधिन आयोजनाका कारण उपत्यकाबासीले भोग्नु परिरहेको कठिनाईलाई व्यवस्थित गरी कार्य अघि बढाउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश  गर्दछ ।
२. विभिन्न खानेपानी आयोजना कार्यक्रमहरु खास गरी नेपालगञ्ज र बुटवलमा देखिएका अनियमितताहरुको सम्बन्धमा सत्यतथ्य बुझ्नको लागि मन्त्रालयले गठन गरेको छानबिन समितिको प्रतिवेदन यथाशीघ्र समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार  खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
३. ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति मार्फत सञ्चालित खानेपानी तथा सरसफाई आयोजना ( फण्डवोर्ड) आम जनसरोकारको विषयसँग जोडिएकोर उक्त फण्ड बोर्ड हाल अलपत्र अवस्थामा रहेको हुँदा यस सम्बन्धमा तत्काल निर्णयमा पुगी अलपत्र अवस्थामा रहेको आयोजनालाई निरन्तरता दिन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

मेलम्ची खानेपानी आयोजनाको विद्यमान अवस्था बुझ्नको लागि उक्त आयोजनाको समन्वयमा उपयुक्त समयमा समितिबाट स्थलगत अध्ययन, अवलोकन भ्रमण गर्ने निर्णय भयो ।

## बैठक संख्या–१७

मिति : २०७५/०९/१२

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा मेलम्ची खानेपानी आयोजनाको विद्यमान अवस्थाको सम्बन्धमा खानेपानी मन्त्रालयका माननीय मन्त्रीश्री बिना मगर र मन्त्रालयका सचिव श्री गजेन्द्र कुमार ठाकुरसँग छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

१. मेलम्ची खानेपानी आयोजनाबाट काठमाडौं उपत्यकाभित्र खानेपानी उपलब्ध गराउने सम्बन्धमा समितिले मिति २०७५।०८।१६ गतेको बैठकबाट दिएको निर्देशनको बुँदा नं. १ बमोजिम गर्न/गराउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई पुनः निर्देश गर्दछ । इटालियन ठेकेदार कम्पनी (CMC) हाल आयोजना छाडेर जान लागेको सन्दर्भमा सो कम्पनी आयोजनाको काममा पुनः फर्कने भनिएता पनि उक्त कम्पनीबाट साविक कार्यमा पुनः

आउनुपूर्व आवश्यक विश्वसनीयताका आधारहरु लिएर कार्य गर्न दिन र पुनः सो कम्पनी आयोजना हस्तान्तरण नगरी फर्कने स्थिति रहेमा त्यसको विकल्प समेत खोजेर कार्य अघि बढाउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

२. मेलम्ची खानेपानी आयोजनाको ठेक्का हालको इटालियन (ॠःॠ) कम्पनीले तोड्न खोजेको सम्बन्धमा समितिको गंभीर ध्यानाकर्षण भएको छ त्यस बारे आवश्यक छानविन गरी उक्त आयोजनाको लागत नबढ्ने गरी निर्धारित समयमा नै कार्य सम्पन्न गर्न समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
३. मेलम्ची खानेपानी आयोजनाको प्रयोगमा रहेका सवारी साधनहरु दुरुपयोग भै रहेको भन्ने देखिएकोले आयोजनाको नाममा के कति सवारी साधनहरु रहेका छन् र कुनकुन पदाधिकारीहरुले उक्त सवारी साधन प्रयोग गरिरहेका छन् सोको विवरण यथाशीघ्र समितिलाई उपलब्ध गराउन र अनावश्यक प्रयोगमा रहेका सवारी साधनहरु शीघ्र आयोजनाको मातहतमा फिर्ता ल्याउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
४. राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माण कार्यमा भैरहेको ढिलाई र अन्तर्राष्ट्रिय कम्पनीहरु नेपालमा आएर काम गर्न नसक्नुको कारण पत्ता लगाई त्यसको निराकरण गरी यस्ताआयोजनाहरु निरन्तर रुपमा सञ्चालन गरी समयमा नै सम्पन्न गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गर्दछ ।

## बैठक संख्या–१८

मिति : २०७५/०९/१६

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा  सडक सुरक्षा, यातायात व्यवस्थापन तथा सडक दुर्घटना न्यूनीकरण सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा प्रहरी प्रधान कार्यालयका ट्राफिक प्रहरी प्रमुखसँग छलफल गरी देहाय बमोजिमको निर्णय भयो :-

१. पहाडी भागमा चल्ने सावरी साधनहरु पुराना र उपयुक्त अवस्थामा रहेको नहुनु, चालकले तीव्र गतिमा सवारी चलाउनु, भाडाका सवारी साधनले क्षमता भन्दा बढी यात्रू राख्नु, साँघुरो सडक, धेरै घुम्ती एवं चेतनाका अभावका कारण दुर्घटना बढीरहेको सन्दर्भमा सवारी चेक जाँचको व्यवस्था मिलाई उल्लेखित समस्यालाई समाधान गर्नका लागि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ का प्रावधानहरुलाई समायानुकूल परिमार्जन गरी लागू गर्न, गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।
२. क्षमता भन्दा बढी यात्रू राखेर द्रुतगतिमा सवारी चलाउने सवारी चालकलाई कारवाही गर्न ठाउँ ठाउँमा प्रहरी चेकिङ व्यवस्थालाई थप कडाइका साथ लागू गर्न र दुर्घटना न्यूनीकरणका लागि सडक संकेत सूचनालाई प्रष्ट देखिने गरी राख्ने व्यवस्थालाई अफ्न तीव्र बनाउन समिति प्रहरी प्रधान कार्यालयलाई निर्देश गर्दछ ।
३. प्राविधिक मापदण्ड बिना सडक निर्माण भइरहेको पाइएकोले यस्तो कार्य तत्काल रोक्न, निर्माणाधीन क्ष्लनभि ीबलभ का सडकहरुलाई कम्तिमा म्यगदभि ीबलभ को बनाउन, लामो दूरीमा सञ्चालन हुने सवारी साधनहरुमा अनिवार्य रुपमा दुई जना चालकको व्यवस्था गर्न, गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई निर्देश गर्दछ ।
४. सवारी चालकलाई दक्ष र जिम्मेवार बनाउन, चालक प्रमाणपत्र वितरणदेखि संबद्ध सवारी ऐन, नियमका प्रावधानहरुमा उनीहरुलाई गंभीर रुपमा जवाफदेही बनाउनका लागि समय समयमा सवारी सचेतनाका कार्यक्रमहरु सञ्चालन गरी सुरक्षित यातायात व्यवस्थापन गर्न, गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई निर्देश गर्दछ ।

५. सडक प्रयोगकर्ताहरुको सहजताका लागि र सडक र सो कार्यमा खटिएर कार्य गर्ने ट्राफिक प्रहरीहरुलाई सडक सुरक्षा प्रविधि मैत्री बनाउन आवश्यक साधन श्रोतको उचित व्यवस्था गरी सहजताका साथ कार्य गर्ने वातावरण मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई निर्देश गर्दछ ।

६. सुरक्षित यातायात व्यवस्थापनका लागि सार्वजनिक यातायात प्राधिकरण गठन गर्ने र सडक सुरक्षा बोर्डलाई सकृय गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

७. विकास तथा प्रविधि समितिका माननीय सदस्यहरु लगायतको टोलीले उपयुक्त समयमा हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्ग निर्माणको स्थलगत अध्ययन भ्रमण गर्ने निर्णय भयो ।

८. सवारी दुर्घटनामा परेका यात्रुहरुको हालको तेस्रो पक्ष बीमा रकमलाई तत्काल वृद्धि गरी मृत्यू हुनेका आश्रित परिबार र घाइतेहरुको उपचारमा लाग्ने खर्चको उचित व्यवस्था गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

९. राप्ती लोकमार्गमा अत्याधिक सवारी दुर्घटना भइरहेको सन्दर्भमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ । सो सन्दर्भमा उक्त लोकमार्गको प्राविधिक मापदण्ड बमोजिम तत्काल स्तरोन्नति गरी सुरक्षित यातायातको व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । साथै उपयुक्त समयमा समितिका माननीय सदस्यहरु लगायतको टोलिले राप्ती लोकमार्गको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने समेत निर्णय गऱ्यो ।

१०. सभापतिले समितिको कार्यलाई प्रभावकारी बनाउन समितिमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिसँग परामर्श गरी आवश्यकता अनुसारका कार्यक्रम (तालिम, अध्ययन भ्रमण, अन्तरक्रिया/गोष्ठी आदि) को आयोजना गर्ने ।

## बैठक संख्या–१९

मिति : २०७५/०९/२४

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा राष्ट्रिय गौरवको आयोजनाहरुको विद्यमान अवस्था र अनुगमनका सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रका पदाधिकारीहरुसँग छलफल गरी देहाय बमोजिमको निर्देशन दिने निर्णय भयो :-

१. राष्ट्रिय सतर्कता केन्द्रबाट सम्पादित कार्यलाई थप प्रभावकारी बनाउन विशेष गरी विकास निर्माण कार्यसँग सम्बन्धित आयोजनाहरुको कार्यप्रगति एवं राष्ट्रिय गौरवका आयोजनाहरुको गुणस्तर मापन, अनुगमन, प्राविधिक परीक्षण तथा सम्बन्धित विज्ञहरुको सहयोगमा ढिलासुस्तीलाई सुक्ष्म अध्ययन मार्फत प्रभावकारिता बढाई सुशासन कायम गराउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राष्ट्रिय सतर्कता केन्द्रलाई निर्देश गर्दछ ।

२. राष्ट्रिय गौरवका आयोजनाहरुको गुणस्तर परीक्षण सम्बन्धी पछिल्लो प्राविधिक परीक्षण प्रतिवेदन यथाशीघ्र समितिलाई उपलब्ध गराउन समिति राष्ट्रिय सतर्कता केन्द्रलाई निर्देश गर्दछ ।

३. चालु आर्थिक वर्षमा के कति विकास आयोजनाहरुको प्राविधिक परीक्षण गरियो ? त्यसको विवरण समितिलाई उपलब्ध गराउन र के-कस्तो कारवाहीका लागि सिफारिस गरियो सोको विवरण समेत यस समितिलाई उपलब्ध गराउन समिति राष्ट्रिय सतर्कता केन्द्रलाई निर्देश गर्दछ ।

४. राष्ट्रिय गौरव र अन्य विकासका आयोजनाहरुको आरम्भदेखि अन्त्यसम्म विभिन्न चरणमा प्रविधिक परीक्षण गरी निर्माण सामाग्रीहरुको समेत गुणस्तर परीक्षणको व्यवस्था मिलाउन समिति राष्ट्रिय सतर्कता केन्द्रलाई निर्देश गर्दछ ।

## बैठक संख्या–२०

मिति : २०७५/०९/२६

छलफल एवम् निर्णय

आज बसेको समितिको समिक्षा बैठकमा समितिले मातहतका निकायहरुलाई विभिन्न मितिहरुमा दिएका निर्देशनहरुको कार्यान्वयनका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिम निर्णय गरियो ।

१. समितिले मातहतका निकायहरुलाई २०७५ श्रावणदेखि दिएका निर्देशनहरुको कार्यान्वयनको स्थितिका सम्बन्धमा सम्बन्धित निकायमा भएको प्रगति विवरण/कार्यान्वयनको अवस्था पन्ध्र दिन भित्र यस समितिमा उपलब्ध गराउन लेखि पठाउने ।
२. समितिको अर्को बैठक मिति २०७५ पौष २७ गते बिहान ११:०० बजे बस्ने गरी स्थगित भयो ।

## बैठक संख्या–२१

मिति : २०७५/०९/२७

छलफल एवं निर्णय

समितिको आजको बैठकमा रेडियो नेपाल र नेपाल टेलिभिजनको सेवा प्रभावकारीता सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री श्री गोकुल प्रसाद बाँस्कोटा, मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ तथा सम्वद्ध निकायका पदाधिकारीहरुसँग छलफल भई देहाय बमोजिमको निर्देशन दिने निर्णय भयो :-

१. रेडियो नेपाललाई राष्ट्रको सञ्चार माध्यमको रुपमा विकास गरी थप गुणस्तरीय बनाउन र सर्ट वेभ, मिडियम वेभ, एफ.एम. सहित परिवर्तित सन्दर्भमा न्यू मिडिया प्रविधिबाट समेत जनभावना अनुकूल कार्यक्रमहरु आफै उत्पादनमा जोड दिदै दुर्गम क्षेत्रमा सर्वसाधारण नागरिकहरुले समेत नेपालभर सुन्न सक्नेगरी प्रसारणको व्यवस्था मिलाउदै सूचनाको मौलिक हकको कार्यान्वयनका लागि समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत रेडियो नेपाललाई निर्देश गर्दछ ।
२. नेपाल टेलिभिजनको सेवालाई थप गुणस्तरीय, विश्वसनिय, प्रभावकारी र प्रतिष्पर्धात्मक बनाउन प्रविधि रुपान्तरण अपरिहार्य रहेकाले HD(High Definition)प्रसारणमा लैजान अति आवश्यक देखिएको हुँदा सोको लागि आवश्यक पर्ने उपकरण जडान र थप खरीद सम्बन्धी जारी प्रक्रिया चाँडो सम्पन्न गरी समितिमा व्यक्त प्रतिबद्धता अनुसार २०७५ माघ १७ गतेदेखि नेपाल टेलिभिजनका सबै च्यानलहरुलाई HD(High Definition) माप्रसारण गर्ने व्यवस्था मिलाउनका साथै नेपाल टेलिभिजनले प्रयोग गर्दै आएको भू-उपग्रहको शुल्क तुलनात्मक रुपमा महँगो भएको भन्ने बुझिएकोले त्यसलाई प्रतिबद्धता जनाएअनुसारको समय सीमा भित्र नेपाल टेलिभिजनका सबै च्यानलहरुलाई HD(High Definition) प्रविधिमा लैजान प्रभाव नपर्ने गरी यसलाई समय सापेक्ष बनाउन आवश्यक प्रक्रिया पुरा गर्न र टेलिभिजनको पहुँच विस्तार सम्बन्धी कार्य छिटो सम्पन्न गर्न समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल टेलिभिजनलाई निर्देश गर्दछ ।
३. रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभेर एउटै सार्वजनिक प्रसारण संस्था बनाउने विषय सरकारको नीति तथा कार्यक्रममा रहेको हुँदा त्यसलाई तत्काल कार्यान्वयनमा लैजान समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

## बैठक संख्या–२२

मिति : २०७५/१०/१३

छलफल एवम् निर्णय

समितिको आज बसेको बैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल दूर सञ्चार प्राधिकरण लाई देहाय बमोजिमको निर्देशन दिने निर्णय गऱ्यो :-

१. दूर संचार सेवा प्रदायक संस्थाहरुबाट नेपाल सरकार दूर संचार प्राधिकरणलाई बुझाउन बाँकी बक्यौता रकम असूली तर्फ शीघ्र कारवाही प्रकृया अघि बढाउन, अनुमति पत्र अनुसार सेवा सञ्चालन नगरेका कम्पनीहरुलाई यथासिघ्र सेवा प्रारम्भ गराउन वा अनुमति पत्र खारेजीको प्रक्रिया अघि बढाउन समिति निर्देश गर्दछ।

२. दूर संचार नीतिलाई समय सापेक्षा बनाउँदै दूर संचार ऐन र नियमावलीको संसोधन प्रक्रिया पनि चाँडो भन्दा चाँडो अघि बढाउन समिति निर्देश गर्दछ र दूर सञ्चार सेवा प्रदायक कम्पनीहरुको अनुमति पत्र तेश्रो पटकको नविकरण गर्दा असुल उपर हुने दस्तुर रकम यथासिघ्र टुंग्याउन निर्देश गर्दछ।

३. ग्रामीण दूर संचार विकास कोषको उपयोगद्धारा अघि बढाईएका व्याकवोन नेटवर्क, ब्रोडव्याण्ड एक्सेस नेटवर्क परियोजनामा भैरहेको ढिला सुस्तिलाई समाधान गर्दै तोकिएको समयमै गुणस्तर कायम हुने सुनिश्चितासहित अघि बढाउन र त्यसको विवरण समितिमा उपलब्ध गराउन निर्देश गर्दछ।

४. दूर संचार सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउनका साथै ग्रामीण क्षेत्रमा अझै पनि उक्त सेवा सहज रुपमा पाउन नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै हिमालदेखि पहाड हुँदै तराई मधेसम्म थप टावर निर्माण गरी दुर्गम क्षेत्रमा रहेका ग्रामीण भेगका जनताले समेत सहज सेवा पाउन सक्नेगरी कार्यक्रम थाल्न निर्देश गर्दछ।

५. समितिको २०७५ पुस १६ गते बसेको बैठकको निर्णयानुसार हुलाकी राजमार्गको निर्माण कार्यको प्रगति र तत् सम्बन्धी वस्तुस्थितिको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने तय भए बमोजिम उक्त भ्रमणका लागि मिति २०७५ माघ १८ गतेदेखि माघ २३ गतेसम्म देहायका माननीय सदस्यहरु रहनु भएको एक टोली निर्माण गर्ने र उक्त टोलीले सप्तरी सिराहा, महोत्तरी, धनुषा, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाको अनुगमन गर्ने।

६. टोलीमा संलग्न रहनुहुने मा. सदस्यहरु

| | |
|---|---|
| (१) मा. कल्याणी कुमारी खड्का, | सभापति(संयोजक) |
| (२) मा. श्री प्रभु शाह, | सदस्य |
| (३) मा. श्री महिन्द्र राय यादव, | सदस्य |
| (४) मा. श्री मिनाक्षी झा, | सदस्य |
| (५) मा. श्री लिला नाथ श्रेष्ठ, | सदस्य |

उपरोक्त संसदीय भ्रमण टोलीलाई आवश्यक सहयोग र समन्वयको लागि समिति सचिवालयबाट २ जना कर्मचारी खटाई पठाउने।

भ्रमण सम्बन्धी कार्यक्रम समिति सचिवालयले निर्धारण गर्ने र टोलीलाई आवश्यक पर्ने भ्रमण खर्च सम्बन्धी आवश्यक व्यवस्थाका लागि संघीय संसद सचिवालयसँग माग गर्ने।

## बैठक संख्या–२३

मिति : २०७५/१०/१४

छलफल एवम् निर्णय

यस समितिको आज बसेको बैठकमा खानेपानी मन्त्रालयका सचिव र मेलम्ची खानेपानी आयोजनाका सम्वद्ध पदाधिकारीहरुसँग छलफल गरि देहाय बमोजिमका निर्देशन दिने निर्णय गरियो ।

१. उपत्यकाबासीको स्वच्छ खानेपानी उपयोग गर्ने वर्षौ देखिको सपना सँग जोडिएको मेलम्ची खानेपानी आयोजनामा इटालियन सि.एम.सि. कम्पनीसँग ठेक्का तोडेपछिका दिनमा बाँकी निर्माण कार्य प्रभावित हुन गएको सन्दर्भमा सुरक्षण वापत उक्त कम्पनीले राखेको रकम तोकिएको अवधि (फेब्रुवरी ६, २०१९) भित्रमा फर्केर आई पूर्ववत् काम सम्हाल्ने गरी विश्वसनीयता दर्शाएको पत्र प्राप्त भएमा मात्र उक्त कम्पनीलाई बाँकी काम गर्न दिने र तोकिएको अवधि भित्रमा पनि साविक काम गर्न फर्केर नआएमा उक्त ठेकेदार कम्पनीले राखेको धरौटी रकम जफत गरी राजश्व खातामा जम्मा गर्न तथा निर्माण कार्यको लागत नबढ्ने गरी कानूनले उपलब्ध गराएको सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ ले उपलब्ध गराएको 'विशेष परिस्थिति' को उपयोगद्वारा बाँकी काम सम्पन्न गर्ने सम्बन्धी योजना पन्ध्र दिन भित्र समिति समक्ष पेश गर्न नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।
२. खानेपानी मन्त्रालयलाई दिएको निर्देशन बमोजिम तयार पारेको ठोस योजना अनुसार कानूनले उपलब्ध गराएको विशेष परिस्थितिको उपयोग गरी आयोजनाको काम अघि बढाउने सुनिश्चितता गर्न समिति नेपाल सरकार प्रधानमंत्री तथा मंत्रीपरिषद कार्यालयबाट उपयुक्त कदम चाल्न निर्देश गर्दछ ।
३. मेलम्ची खानेपानी आयोजनाको वोर्डमा रहनु भएका पदाधिकारी सहितको विभिन्न मितिमा बसेको वैठकको निर्णय र कार्यान्वयनका स्थितीका सम्बन्धमा १५ दिन भित्र समिति लाई जानकारी गराउन खानेपानी मन्त्रालय लाई निर्देश गर्दछ ।
४. मेलम्ची खानेपानी आयोजनाको नाममा भन्सार सुविधामा आयात भएका सवारी साधन हरु ठेकेदार कम्पनी ऋ:ऋ ले काम छोडेर गएपछि नेपाल स्थित सप्लायर कम्पनीले फिर्ता लगेर भाडामा लगाएको देखिएकाले उक्त सवारी साधनहरु तत्काल नेपाल सरकारको जिम्मामा रहने गरी फिर्ता लिन नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

## बैठक संख्या–२४

मिति : २०७५/११/०५

छलफल एवम् निर्णय

समितिको आज बसेको बैठकमा समितिको कार्यक्षेत्र सँग सम्बन्धित विभिन्न सरोकारवाला निकायहरु, संघ, संस्था र व्यक्तिले समेत आफुलाई परेको समस्याका सम्बन्धमा समिति उपर दिएको निवेदन माथि छलफल भई ती विषयहरुलाई समितिको आगामी बैठकमा प्राथमिकता अनुसार बैठकको एजेन्डा बनाई छलफल गर्ने र निवेदन सँग सम्बन्धित निकायहरुलाई समितिमा आमन्त्रण गर्ने निर्णय गरियो ।

## बैठक संख्या–२५

मिति : २०७५/११/१५

छलफल एवम् निर्णय

समितिको आज बसेको बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव र अन्य पदाधिकारीहरुसँग छलफल गरि देहाय बमोजिमका निर्देशन दिने निर्णय गरियो ।

१. बहुवर्षीय आयोजनाहरु मध्ये संघ, प्रदेश र स्थानीय तहले हेर्ने गरी छुट्याइएको सडक एवं पुलहरुको मापदण्ड समेतको विवरण तथा ठेक्का लगाएका र निर्धारित समयमा सम्पन्न हुन नसकेका विभिन्न खण्डमा पर्ने सडक र पुलहरुको विस्तृत विवरण ३(तीन) दिनभित्र समितिमा उपलब्ध गराउन नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२. २०७५/११/१७ पछिको बैठकमा निम्न मन्त्रालय एवं आयोगका पदाधिकारीज्यूहरुलाई मिति २०७५/११/१५ गते बसेको बैठकको विषयवस्तुका सम्बन्धमा थप जानकारी लिनका लागि आमन्त्रण गर्ने ।

- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्रीज्यू र सचिव ।
- संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रीज्यू र सचिव ।
- अर्थ मन्त्रालयका माननीय मन्त्रीज्यू र सचिव ।
- राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय समेत हेर्नुहुने मा.सदस्य।

## बैठक संख्या–२६

मिति २०७५/११/३०

छलफल एवम् निर्णय

१. समितिको आजको बैठकमा तत्कालिन विकास समितिका सभापति एवं नेपाल सरकार, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय रविन्द्र प्रसाद अधिकारीको यही फागुन १५ गते ताप्लेजुङ जिल्लामा भएको हेलिकप्टर दुर्घटनामा परी असामयिक निधन भएकोमा समितिको यो बैठक हार्दिक श्रद्धान्जली व्यक्त गर्दछ । साथै दुर्घटनामा परी स्वर्गीय अधिकारी सहित दिवंगत हुनु भएका अन्य ६ जनाको आत्माको चीर शान्तिको कामना गर्दै समिति शोक सन्तप्त परिवारजन प्रति भावपूर्ण समवेदना व्यक्त गर्दछ ।

२. समितिको अर्को बैठक २०७५ चैत १ गते बिहान ११:०० बजे बस्ने गरी स्थगित भयो ।

## बैठक संख्या–२७

मिति : २०७५/१२/०१

छलफल एवम् निर्णय

१. समितिको आजको बैठकमा काठमाडौं-तराई/मधेश द्रुतमार्ग (च्हउचभककधबथ) स्थलगत अध्ययन तथा अवलोकन भ्रमण प्रतिवेदन, २०७५ सम्बन्धमा विस्तृत छलफल भई प्राप्त सुझावहरु समावेश गरी पारित गर्ने निर्णय भयो ।

२. प्रदेश नं. २ अन्तरगतको हुलाकी सडक अध्ययन, भ्रमण प्रतिवेदन, २०७५ सम्बन्धमा विस्तृत छलफल भई प्राप्त सुझावहरु समावेश गरी पारित गर्ने निर्णय भयो ।

३. समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने विभिन्न विषयका विज्ञहरुको रोष्टर तयार गरी आवश्यकता अनुसार सुझाव, सल्लाह र परामर्शका लागि समितिमा आमन्त्रण गर्ने निर्णय भयो ।

## बैठक संख्या–२८

मिति : २०७५/१२/०४

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा संघ, प्रदेश र स्थानीय तहले हेर्ने गरी छुट्याइएका बहुवर्षीय आयोजनाहरुका साथै सडक एवं पुलहरुको मापदण्ड तथा ठेक्का लगाइएका र निर्धारित समयमा सम्पन्न हुन नसकेका विभिन्न खण्डमा पर्ने सडक एवं पुलहरुका सम्बन्धमा अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष एवं सदस्य र सम्बद्ध मन्त्रालयका सचिवहरुसँग छलफल हुने कार्यसूची रहेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री र भौतिक पूर्वाधार तथा यातायात मन्त्री बैठकमा अनुपस्थित रहनु भएकोले आजको बैठक भोली बिहान ११ बजे बस्ने गरी स्थगित भयो ।

## बैठक संख्या–२९

मिति : २०७५/१२/१२

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा संघ, प्रदेश र स्थानीय तहले हेर्ने गरी छुट्याइएका बहुवर्षीय आयोजनाहरुका साथै सडक एवं पुलहरुको मापदण्ड तथा ठेक्का लगाइएका र निर्धारित समयमा सम्पन्न हुन नसकेका विभिन्न खण्डमा पर्ने सडक एवं पुलहरुका सम्बन्धमा अर्थ मन्त्रालयका माननीय मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, राष्ट्रिय योजना आयोगका माननीय सदस्य, सम्बद्ध मन्त्रालयका सचिवहरु एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवसँग छलफल भई देहाय बमोजिमको निर्णय भयो :

१. बहुबर्षीय ठेक्का लागेका र प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिएका सडक एवं पुल लगायतका आयोजनाहरु वित्तीय स्रोत र पर्याप्त जनशक्तिको अभावमा अलपत्र परेको तथा प्रदेश र स्थानीय तहले स्वामित्व समेत लिन तयार नभएको देखिएकोले त्यस्ता आयोजनाहरुका लागि आवश्यक बजेट संघले नै उपलब्ध गराउने र प्रदेशका लागि आवश्यक प्राविधिक जनशक्ति समेत तत्काल सम्बन्धित ठाउँमा खटाउन समिति नेपाल सरकार अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।
२. आवश्यकताका आधारमा पूर्व तयारी सम्पन्न भएका आयोजना मात्रै छनौट गरी ठेक्का प्रक्रिया अघि बढाउन एवं नियतबस काममा ढिलाई गर्ने र आयोजना अलपत्र पार्ने निर्माण कम्पनी र आयोजना सम्बद्ध कर्मचारीलाई समेत कारवाहीको प्रक्रिया अघि बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।
३. बहुवर्षीय आयोजनाहरु संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण भए पश्चात् संघले एकमुष्ट रुपमा बजेट विनियोजन गरे पनि यस्ता आयोजनाहरु प्रदेश र स्थानीय तहको प्राथमिकतामा नपरी अलपत्र अवस्थामा रहेको हुँदा बिनियोजन ऐन, २०७५ को दफा ५ को उपदफा ४ मा “प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको वा प्रदेश वा स्थानीय तहले स्वीकृत गरेको योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन चाहेमा सम्बन्धित मन्त्रालयको स्वीकृत लिई सम्बन्धित कार्यालयले त्यस्तो योजना वा कार्यक्रम

कार्यान्वयन गर्न सक्नेछ" भन्ने व्यवस्था भए बमोजिम गर्न गराउन समिति नेपाल सरकार अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४. आयोजनाहरु समयमा सम्पन्न गर्नका लागि अन्तर मन्त्रालय र मातहतका निकायहरुवीच समन्वय हुनु आवश्यक देखिएको हुँदा सम्बन्धित मन्त्रालयहरुसँग समन्वय गरेर मात्र आयोजनाको कार्य अगाडि बढाउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५. राष्ट्रिय योजना आयोगले राष्ट्रिय योजना वैंकको अवधारणा लागू गर्ने कार्य अगाडि बढाइ रहेको सन्दर्भमा आयोजना पूर्व तयारीका सम्पूर्ण कार्य पूरा गरेर मात्र राष्ट्रिय योजना वैंकको अवधारणा सफल हुन सक्ने देखिएकोले यसतर्फ ध्यान दिन समिति राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

६. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या–३०

मिति : २०७५/१२/१४

छलफल एवम् निर्णय

१. आज बसेको समितिको बैठकमा समितिको क्षेत्राधिकार भित्र पर्ने चार वटा मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण समेतले सञ्चालन गर्ने कार्यहरुको बारेमा आवश्यक पर्ने स्थलगत अध्ययन अवलोकन भ्रमण, अन्तरक्रियात्मक कार्यक्रम, क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु, तालीम, गोष्ठी, सम्मेलन आदि कार्यहरु गर्नका लागि एवं समितिको काम कारवाहीलाई प्रभावकारी तथा उपयोगी बनाउनका लागि आवश्यक पर्ने विभिन्न प्रविधि, उपकरण लगायतका उपयोगी भौतिक सामग्रीहरु र समितिबाट आयोजना हुने विभिन्न कार्यक्रमका लागि नेपाल स्थित संयुक्त राष्ट्र संघको यु.एन.डि.पि. लगायतका अन्य अन्तर्राष्ट्रिय संस्थाहरुबाट समेत सहयोग उपलब्ध हुने भएमा समितिको आवश्यकता अनुसार त्यस्ता सहयोग लिने ।

२. समितिमा रहनु भएका मा. सदस्यहरुका लागि मिति २०७५ साल चैत्र २१ र २२ गते दुई दिने ‘ *विकास र कानून* ’ विषयक छलफल तथा गोष्ठीको कार्यक्रमका लागि यु.एन.डि.पि. नेपालको पार्लियामेन्ट सपोर्ट प्रोगामसँग आवश्यक समन्वय र सहयोग लिने ।

३. उपर्युक्त प्रयोजनको लागि गरिने कार्यक्रम सम्बन्धी सम्पूर्ण कार्यको तय मा. सभापतिले मिलाउने ।

## बैठक संख्या–३१

मिति : २०७५/१२/१७

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा स्मार्ट सिटी र बाहिरी चक्रपथका सम्बन्धमा शहरी विकास मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव, काठमाडौं विकास प्राधिकरणका विकास आयुक्त लगायत सम्बद्ध पदाधिकारीहरुसँग छलफल गरी देहाय बमोजिमको निर्णय भयो :

१. बाहिरी चक्रपथ सडक आयोजनाको निर्माण सम्बन्धमा थप छलफल गर्नु पर्ने भएकोले उक्त बैठकमा अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, लगानी बोर्ड र अन्य सम्बद्ध सरोकारवाला निकायलाई आमन्त्रण गर्ने ।

२. हिमाल, पहाड र तराईमा निर्माण हुने स्मार्ट सिटी र नयाँ शहरहरुको एकीकृत मापदण्ड बनाई शहरी विकास मन्त्रालयले तयार पारेका सूचकांकहरु समेत समावेश गरी काम अघि बढाउन नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।

हाल अध्ययन भई काम सुरु भैरहेका नयाँ शहर र स्मार्ट सिटीहरुको काम प्राथमिकताका आधारमा अघि बढाउन नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश दिने ।

## बैठक संख्या–३२

मिति : २०७५/१२/१८

छलफल एवम् निर्णय

१. समितिको आजको बैठकमा सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका बारेमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीले विधेयकमाथिको प्रारम्भिक छलफलमा विधेयक प्रस्तुत गर्नुका कारण र उद्देश्यमाथि समितिमा प्रष्ट पार्नु भयो ।
२. सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका बारेमा दफावार छलफलका लागि देहाय बमोजिमको सात सदस्यीय उपसमिति गठन गरी ३० दिनभित्र समितिसमक्ष प्रतिवेदन पेश गर्ने एवं उपसमितिले आफ्नो टि. ओ. आर. आफैं निर्धारण गरी संयोजकको चयन पनि उपसमितिको बैठकले नै तोक्ने निर्णय भयो ।
    १. मा० अनिल कुमार झा
    २. मा० इन्दु कुमारी शर्मा
    ३. मा० केदार सिग्देल
    ४. मा० गौरीशंकर चौधरी
    ५. मा० बिनाकुमारी श्रेष्ठ
    ६. मा० बहादुरसिंह लामा (तामाङ)
    ७. मा० राजेन्द्र प्रसाद लिङ्देन
३. समितिको अर्को बैठक मिति २०७५।१२।१९ गते दिनको १२:०० बजे बस्ने गरी स्थगित भयो ।

## बैठक संख्या–३३

मिति : २०७५/१२/१९

छलफल एवम् निर्णय

समितिको आजको बैठकमा भूकम्प पश्चात् विभिन्न संरचनाहरुको पुनर्निर्माणको अवस्था एवं सिंहदरबार मुख्य भवन र पुरानो प्रतिनिधि सभा भवनको पुनर्निर्माणको सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत लगायत सम्बद्ध निकायका पदाधिकारीहरुसँग छलफल भई देहाय बमोजिमको निर्णय भयो :

१. निजी आवाश पुननिर्माण प्रक्रिया यही आ.व.मा सम्पन्न गर्ने सरकारको नीति तथा कार्यक्रम रहेकोमा प्राधिकरणको लक्ष्य अर्को आ.व.मा सम्पन्न गर्ने गरी तय गरेको बुझिएको हुँदा समितिको गम्भीर ध्यानाकर्षण भएकोले सो प्रक्रिया चाँडो भन्दा चाँडो सम्पन्न गर्ने कार्यतालिका बनाएर कार्य गर्न समिति राष्ट्रिय पुननिर्माण प्राधिकरणलई निर्देश गर्दछ ।
२. भूकम्प पछि पुननिर्माणको क्रममा रहेका ग्रामीण सडक, रणनैतिक सडक र खानेपानी संरचनाहरु प्राधिकरणले नै निर्माण सम्पन्न गरेर मात्र हस्तान्तरण गर्न समिति राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।
३. पुरातात्विक एवं सांस्कृतिक सम्पदा तथा परम्परागत वस्तिहरुको पुनर्निर्माण गर्दा साविकमा केन्द्रित रहेर सांस्कृतिक सम्पदा नबिग्रने गरी पुननिर्माण गर्न र रेक्ट्रो फिटिङ प्रविधिबाट निर्माण गर्न सकिनेलाई सोही अनुरुप सुधार गरी लैजान एवं उक्त प्रविधिबाट संरचना तयार गर्दा दीर्घकालीन रुपमा दिगो नहुने स्थिति प्राविधिक परीक्षणबाट

सिफारिस भएमा त्यस्ता संरचनाहरु नयाँ निर्माण गर्ने तर्फ दुई महिनाभित्र प्रक्रिया अगाडि बढाउन एवं विश्व सम्पदा सूचिमा रहेका क्षेत्र, मठ, मन्दिर, गुम्बा आदिको पुनर्निर्माण कार्यको प्रगति विवरण प्रत्येक महिना यस समितिमा पठाउन समिति राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।

४. पुननिर्माण प्राधिकरणलाई आवश्यक पर्ने बजेट अभाव हुन नदिन एवं भूकम्प पछि निर्माण गरिएका शिक्षण संस्था, स्वास्थ्य संस्था लगायत अन्य सरकारी भवनहरु पुन निर्माण गर्न गराउन एवं बहुतले भवन बनाउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।
५. भूकम्प गएको चार वर्ष पुग्न लागिसक्दा पनि पुरानो प्रतिनिधि सभा (ग्यालरी बैठक) पुननिर्माण गर्ने प्रक्रिया अहिलेसम्म निचोडमा नपुगेको हुँदा ऐतिहासिक संरचना यथावत राखी पुननिर्माणको कार्य अगाडि बढाउने हो कि अहिलेको आवश्यकतालाई सम्बोधन हुने गरी अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक भवन निर्माण गर्ने भन्ने सम्बन्धमा संघीय संसद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय पुननिर्माण प्राधिकरणले आपसी समन्वयका अधारमा चाँडो भन्दा चाँडो निर्क्यौलमा पुगी तीव्र गतिमा निर्माण कार्य अगाडि बढाउन समिति संघीय संसद, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।
६. भूकम्प पछि पुननिर्माण गरिएका सरकारी तथा निजी भौतिक संरचनाहरुको बिमा गराउने सम्बन्धमा समितिले यस अघि दिएको निर्देशन कार्यान्वयनको अवस्थाका सम्बन्धमा एक हप्ताभित्र समितिलाई जानकारी गराउँन समिति राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।

यही चैत्र १७ गते बारा र पर्सा जिल्लामा अकस्मात आएको हावाहुरी र असिनापानीका कारण २७ जनाको दुखद निधन भएकोमा समिति गहिरो शोक व्यक्त गर्दछ । सो घटनामा परी घाइते भएका सबै नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै राहत र पुनःस्थापनाको काम तदारुकताकासाथ सरकारले अघि बढाइरहेको सन्दर्भमा घरबार बिहिन भएका नागरिकहरुलाई आगामी वर्षात् अगाडि नै सुरक्षित आवाशको व्यवस्था गर्न/गराउन समिति नेपाल सरकार, संघ संस्था, तथा आम सरोकारवाला निकायहरुलाई आग्रह गर्दछ ।

## बैठक संख्या–३४

मिति : २०७६/०१/१९

छलफल एवम् निर्णय

समितिको आज बसेको बैठकको कार्यसूचिमा रहेका सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र अन्य विविध विषयहरुमा छलफल भई देहाय बमोजिम निर्णय भयो ।

१. सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलका लागि गठित उपसमितिको माग बमोजिम म्याद समाप्त भएको मितिले एक महिनाको समयावधि थप गर्ने ।
२. उपसमितिमा रहनु भएका मा. सदस्यहरुका अतिरिक्त समितिका सदस्य मा. श्री प्रभु साह र मा. श्री मिनाक्षी झालाई उक्त उपसमितिको सदस्यमा समावेश गरी नौ सदस्यीय बनाउने ।
३. समितिको क्षेत्राधिकार भित्र रहेको चार वटा मन्त्रालय र राष्ट्रिय पुनः निर्माण प्राधिकरणका विषयमा दिईएको निर्देशन कार्यान्वयनको अवस्थाको बारेमा प्रगति विवरण माग गर्ने ।
४. काठमाडौ उपत्यकाको तीनकुने स्थित बागमती नदीमा निर्माणधीन पुलको गुणस्तरमा प्रश्न उठेको र निर्माण समेत रोकिएकाले दैनिक हजारौं सवारी साधन गुड्ने र मुलुकको एक मात्र अन्तराष्ट्रिय विमानस्थल आवतजावत गर्ने महत्वपूर्ण मानिएको सो पुलको विद्यमान अवस्थाबारे समितिले प्राविधिक टोलीसहित स्थलगत अवलोकन गर्ने । टेकु स्थित विष्णुमती नदीमा नयाँ निर्माण भएको पुलको समेत गुणस्तरमा समस्या आई उपयोग गर्न नमिल्ने भनि सडक विभागले स्वामित्व ग्रहण नगरेको अवस्थामा सो पुलमा हाल सवारी साधन सञ्चालन भैरहेको देखिएकाले किन त्यस्तो भएको हो सोको जानकारी समितिलाई तत्काल उपलब्ध गराउन र दोषी पहिचान गरी अविलम्व कारवाही गर्न पनि समिति निर्देश गर्दछ ।

५. अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग समेत आगामी कार्ययोजना र बजेटका विषयमा छलफल गर्ने ।

## बैठक संख्या–३५

मिति : २०७६/०२/०१

छलफल एवम् निर्णय

समितिको आज बसेको बैठकमा खानेपानी मन्त्रालयको आगामी आ.व. को वजेट व्यवस्थापन तथा कार्यक्रमका सम्बन्धमा खानेपानी मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव र सम्बद्ध पदाधिकारीहरुसँग छलफल गरी उक्त मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो ।

१. सरकारको आगामी आ.व. ०७६/०७७ को नीति तथा कार्यक्रम र मन्त्रालयको आगामी आ.व.को बजेट व्यवस्थापन तथा कार्यक्रम तर्जुमाका आधारहरुमा तादात्म्यता नदेखिएको हुँदा सरकारको नीति तथा कार्यक्रम अनुरुप नै बजेट निर्माण गर्न/गराउन समिति निर्देशन गर्दछ ।

२. केन्द्र सरकारले प्राथमिकताक्रम छुट्याएर संघ, प्रदेश र स्थानीय तहमा निश्चित मापदण्डका आधारमा सन्तुलित बजेट विनियोजन गर्न एवं प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएका आयोजनाहरु समयमा नै सम्पन्न हुने सुनिश्चितता गर्न समिति निर्देशन गर्दछ ।

३. खानेपानीमा देखिएको आर्सेनिक प्रदुषणको समस्यालाई दिगो रुपमा समाधान गर्न एवं सुख्खाग्रस्त क्षेत्रको खानेपानी सेवा समेत तदारुकताकासाथ समयसीमाभित्रै सम्पन्न गर्न समिति निर्देशन गर्दछ ।

४. राष्ट्रिय खानेपानी तथा सरसफाई नीति र सो सम्बन्धी ऐन शीघ्र तर्जुमा गरी कार्यान्वयनमा ल्याउन निर्देशन गर्दछ ।

५. व्यवस्थित ढल निकासको अभावमा वर्षायाममा पानी जमेर काठमाडौं लगायत देशका विभिन्न भागहरुमा सर्वसाधारणले भोग्नु परेको समस्या अन्त्य गर्न व्यवस्थित ढल निकासको व्यवस्था गर्न गराउन समिति निर्देशन गर्दछ ।

६. भूमिगत पानीको उचित व्यवस्थापन गर्ने नीति तर्जुमा गर्न र मुहान संरक्षण कार्ययोजना कार्यान्वयनमा ल्याउन निर्देशन गर्दछ ।

७. भुकम्पबाट क्षति पुगेका खानेपानी आयोजनाहरु शीघ्र सम्पन्न गरी सञ्चालनमा ल्याउन तदारुकताका साथ कार्य अघि बढाउन निर्देशन गर्दछ ।

८. स्वच्छ खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गरी हिउँदमा सुख्खा क्षेत्रमा स्वच्छ खानेपानी वितरण व्यवस्थापन तर्फ विशेष ध्यान दिन निर्देशन गर्दछ ।

९. अलपत्र अवस्थामा रहेका विभिन्न खानेपानी आयोजनाहरु समयमै सम्पन्न गरी जनताको स्वच्छ पिउने पानी खान पाउने अधिकारलाई स्थापित गर्नका लागि निर्देशन गर्दछ ।

१०. तत्कालिन निर्माण व्यवसायी सि.एम.सी. ले निर्माणस्थल छोडी गएपछि स्थानीयहरुबाट उठाइएको जायज र उचित मागहरु सम्बोधन गर्नका लागि निष्पक्ष रुपमा छानविन गरी निष्कर्षमा पुग्न र उपत्यकावासीको वर्षौ देखिको स्वच्छ पानी खान पाउने सपना साकार पार्न हाल ठप्प रहेको मेलम्ची खानेपानी आयोजनालाई द्रुत गतिमा अगाडि बढाई आगामी आर्थिक वर्षभित्रै मेलम्चीको पानी काठमाडौंमा ल्याउन समिति प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय तथा खानेपानी मन्त्रालयलाई पुनः निर्देशन गर्दछ ।

११. समितिको पूर्व निर्णयानुसार मध्यपहाडी लोकमार्गको पूर्वी खण्डको स्थलगत अवलोकन यही जेठ ७ गते देखि ११ गतेसम्म गर्ने र उक्त संसदीय टोलीमा निम्न मा. सदस्यहरु रहनु हुने तथा तत् सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउन समिति सचिवालयलाई निर्देशन गर्ने ।

१. मा० सभापति श्री कल्याणी कुमारी खड्का
२. मा० श्री गणेश कुमार पहाडी
३. मा० श्री यज्ञराज सुनुवार
४. मा० श्री रंगमती शाही
५. मा० श्री राजेन्द्र कुमार राई
६. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
७. सचिवालयका कर्मचारी एक जना ।

१२. आज मिति २०७६/०२/०१ गते बिहान ११:०० बजे बस्ने गरी तय भएको शहरी विकास मन्त्रालय सँगको छलफल कार्यक्रम बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने निर्णय भयो ।

१३. पूर्व निर्धारित कार्यक्रम बमोजिम काठमाडौंको तिनकुने स्थित निर्माणाधीन बाग्मती पुलको स्थलगत अवलोकनका लागि मिति २०७६/०२/०२ गते बिहीवार ३:०० बजे पछि जानका लागि समितिमा रहनु भएका सम्पूर्ण माननीय सदस्यहरुलाई सहभागिताका लागि अनुरोध गर्ने ।समितिको अर्को बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या–३६

मिति : २०७६/०२/०५

छलफल एवम् निर्णय

समितिको आज बसेको बैठकमा शहरी विकास मन्त्रालयको आगामी आ.व. को बजेट व्यवस्थापन तथा कार्यक्रमका सम्बन्धमा शहरी विकास मन्त्रालयका माननीय मन्त्रीज्यू, मन्त्रालयका सचिवज्यू र सम्बद्ध पदाधिकारीहरुसँग छलफल गरी उक्त मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो ।

१. वर्षायाम शुरुहुनु अगावै जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गर्ने आवश्यक व्यवस्था मिलाउने ।
२. तोकिएको एकीकृत शहरी पूर्वाधार विकास निर्माण कार्यलाई तीव्रता दिई निश्चित अवधि भित्र सम्पन्न गर्ने गरी कार्य थाल्न निर्देशन गर्दछ ।
३. वृहत शहरी क्षेत्र विकास कार्यक्रम अन्तर्गत मेगा सिटी र स्मार्ट सिटीको डि.पि.आर. तयार गरी पूर्वाधार विकासको कार्य थालनी गर्न निर्देशन गर्दछ ।
४. तोकिएको ५ वटा हिमाली शहरको विकास गर्ने कार्यलाई पूर्वाधार तयार गरी शीघ्र कार्यारम्भ गर्न निर्देशन गर्दछ ।
५. संघीय संसद भवन निर्माणका लागि आगामी आ.व.मा पर्याप्त रकम विनियोजन गर्न र प्रस्तावित स्थानमा सांसद आवास भवन निर्माण कार्यलाई निरन्तरता दिई आ.व. ०७५/७६ बाट कार्य थालनी गर्न आवश्यक पर्ने बजेट रकम व्यवस्था गर्न निर्देशन गर्दछ ।
६. फोहोर व्यवस्थापन नभएका कारण शहर प्रदुषित बनेको, उचित ढल व्यवस्थापन नभएका कारण वर्षायाममा पानी जमेर सर्वसाधारणलाई आवतजावत गर्न कठिन भएको, धुलो मैलोको कारण शहरी सौन्दर्य कायम नरहेको साथै भवन निर्माण संहिता अनुसार भवन नबनेको कारण शहर अस्तव्यस्त रहेकोले त्यसको उचित व्यवस्थापन गरी कार्य थाल्न र उक्त कार्य सँग जोडिएका अन्तर मन्त्रालयहरुसँग आवश्यक समन्वय गरी अघि बढ्न निर्देशन गर्दछ ।
७. काठमाडौ उपत्यकाको वृहत्तर विकास र आधुनिक एवं पर्यावरणमैत्री व्यवस्थित सडक तथा शहरी पूर्वाधार निर्माणका लागि महत्वपूर्ण मानिएको बाहिरी चक्रपथ आयोजनालाई ल्यान्डपुलिङ (जग्गा एकीकरण) को मोडलमा आगामी आ.व. देखि अघि बढाउन शहरी विकास मन्त्रालयलाई निर्देशन गर्दछ, साथै ल्यान्डपुलिङ मार्फत आयोजना अघि बढाउँदा अपुग हुने आर्थिक स्रोतको सुनिश्चितताका लागि अर्थ मन्त्रालयलाई निर्देशन गर्दछ ।

## बैठक संख्या : ३७

मिति:२०७६/०२/१७

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा कार्यसूचीमा रहेको पुष्पलाल (मध्यपहाडी) राजमार्ग र हुलाकी राजमार्गमा रहेका रुग्ण पुलहरु र सार्वजनिक खरिद नियमावलीमा भएको संशोधनका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव र सम्बद्ध पदाधिकारीहरुसँग छलफल गरी उक्त मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो । साथै "सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा गठित उप समितिको म्याद थपका बारेमा छलफल भयो ।

१. पुष्पलाल (मध्यपहाडी) राजमार्गको मार्गाधिकार ९च्ष्नजत या धबथ०निर्धारण गरी जमिनको लगत कट्टा गर्ने व्यवस्था चालु आ.व. २०७५/०७६ भित्रै मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।
२. पुष्पलाल (मध्य पहाडी) राजमार्ग र हुलाकी राजमार्ग अन्तरगतका रुग्ण अवस्थामा रहेका पुलहरुको ठेक्का वर्गीकरण गरी त्यस्ता पुलहरुको निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्न र राष्ट्रिय गौरवका यी दुई सडक आयोजना तोकिएको समयमै सम्पन्नहुने गरी कार्य सम्पादन गर्ने सम्बन्धी चौमासिक प्रक्षेपण सहितको वार्षिक कार्ययोजना तयार गरी यथाशीघ्र समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लाई निर्देश गर्दछ ।
३. हिमाल, पहाड र तराई/मधेशको वातावरण/मौसमलाई मध्यनजर गरी ठेक्का अवधि, संरचनाको डिजाइन, उपयोग हुने निर्माण सामग्री, सडकको मापदण्ड र मार्गाधिकार ९च्ष्नजत या धबथ०तोक्न समिति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।
४. सार्वजनिक खरिद नियमावलीको संशोधन पछि ठेक्का तोडिने सडक तथा पुलहरुको निर्माणको ठोस योजना तयार गर्न समिति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।
५. हुलाकी राजमार्गमा डिजाइनकै चरणमा रहेका पुल, कल्भर्टहरुको डिजाइनमा पुनरावलोकन गरी सडक उत्तर तर्फको जमिन डुबानमा नपर्ने सुनिश्चितता गर्न समिति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।
६. राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको हुलाकी राजमार्ग भित्रपर्ने पर्सा जिल्लादेखि पश्चिम खण्ड, जलेश्वर-भिट्टामोड सडकखण्ड र मदनभण्डारी लोकमार्गका (हेटौडा-चतरा खण्ड)उपयुक्त समयमा संसदीय टोलीले स्थलगत अध्ययन अवलोकन भ्रमण गरी त्यहाँको वास्तविक अवस्था र स्थानीयहरुको समस्याका बारेमा बुझि समिति समक्ष प्रतिवेदन पेश गर्ने र सो भ्रमण टोलीमा रहनुहुने माननीय सदस्यहरुको चयन सभापतिले गर्ने ।
७. "सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा गठित उप समितिको म्याद यही २०७६/०२/१८ गतेसम्म मात्र रहेकोमा उप समितिको म्याद समाप्त भएको मितिबाट १५(पन्ध्र) दिनको लागि थप गर्ने ।
८. तिनकुने सडकखण्ड लगायत काठमाडौंका विभिन्न स्थानमा वर्षा हुनासाथ पानी जमेर सवारी साधन र सर्वसाधारणले भोग्नु परेको कठिनाई एवं साना सवारी साधन डुवानमा समेत परेर खरावी हुन गई समस्या सृजना हुन गएको भन्ने बुझिएकोले वर्षायाम अघि नै सम्बन्धित निकायहरुसँग समन्वय गरी उचित निकास खोल्ने व्यवस्था तत्काल गर्न निर्देश गर्दछ ।
९. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको छ ।

# बैठक संख्या : ३८

मिति:२०७६/०२/३१

**छलफल एवं निर्णय :**

समितिको मिति २०७६/०२/३१ गते बिहान ८:०० बजे बस्ने गरी निर्धारण गरिएको बैठक गणपुरक संख्याको अभावमा बस्न नसकी अर्को बैठक आजै बिहान ९:०० बजे बस्ने गरी स्थगित भयो । समितिको दोश्रो बैठक निर्धारित समयमा शुरु भै कार्यसूचीमा रहेका विषयहरु माथि छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. विकास तथा प्रविधि समितिको आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदनको मस्यौदा मा. सदस्यहरुलाई अध्ययनार्थ वितरण भयो ।
२. "सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा गठित उपसमितिले पारित गरेको प्रतिवेदन उप समितिका संयोजक मा.श्री विनाकुमारी श्रेष्ठले समिति समक्ष पेश गर्नु भयो ।
३. हालै समितिमा छलफलका लागि प्राप्त भएको "विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा. सदस्यहरुलाई अध्ययनार्थ वितरण भयो ।
४. काठमाडौ तीनकुने स्थित बागमती नदीमा निर्माणाधीन पुलको स्थलगत अवलोकन भ्रमण प्रतिवेदन, २०७६ समितिबाट परिमार्जन सहित पारित भई उक्त प्रतिवेदन सम्बन्धित निकायमा आवश्यक कार्यान्वयनका लागि पठाउने निर्णय भयो ।
५. पर्सा जिल्लाको तिलावे पुल र रौतहट जिल्लाको सन्तपुर (म)-पिपरा-गौर सडक खण्डको चेतनगर ग्रामीण सडक निर्माणका सम्बन्धमा समस्या रहेको भन्ने बुझिएको हुँदा तत्काल सो समस्या बुझ्नका लागि समिति सभापतिले मिति २०७६/०२/३२ गतेदेखि असार ३ गतेसम्म उक्त जिल्लाको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने ।
६. आगामी असार ६ र ७ गते समितिमा रहनु भएका मा. सदस्यहरुलाई 'कानुन निर्माणमा समितिको भूमिका' विषयमा आवासीय कार्यक्रम ल्क्ः नेपालको सहकार्यमा सञ्चालन गर्ने र सो कार्यक्रम स्थल, विज्ञहरुको चयन मा. सभापतिले गर्ने एवं सो कार्यक्रममा समिति सचिवालयका सबै कर्मचारीहरुलाई सहभागी गराउने ।
७. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

# बैठक संख्या : ३९

मिति: २०७६/०३/०४

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा कार्यसूचीमा रहेको विकास तथा प्रविधि समितिको वार्षिक प्रतिवेदन, २०७६ को मस्यौदा र अन्य विविध विषयमा विस्तृत छलफल भई देहाय बमोजिम गर्ने निर्णय भयो ।

१. समितिको वार्षिक प्रतिवेदन, २०७६ को मस्यौदा माथि विस्तृत छलफल भई मा. सदस्यहरुबाट प्राप्त उपयुक्त सुझावहरु समेत समाविष्ट गरी पारित गरियो र उक्त प्रतिवेदन सभापतिले सदन समक्ष पेश गर्ने ।

२. यही असार ६ र ७ गते NDI नेपालको सहकार्यमा अन्तरकृयात्मक गोष्ठी गर्ने गरी निर्णय गरिएकोमा निर्धारित कार्यक्रम विशेष कारणवस हाललाई स्थगित गरी उपयुक्त समयमा कार्यक्रम गर्ने । तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउन समिति सभापतिले समन्वय गरी कार्यक्रम तय गर्ने ।

३. समितिको अर्को बैठक अर्को सूचना नभए सम्मको लागि स्थगित भयो ।

# अनुसूची-४

## संघीय संसद, प्रतिनिधि सभा

## विकास तथा प्रविधि समिति

## काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (भ्हउचभककधबथ) स्थलगत

## अध्ययन तथा अवलोकन भ्रमण प्रतिवेदन, २०७५

### १. पृष्ठभूमि :

राष्ट्रको विकास तथा समृद्धिका लागि सम्बन्धित मुलुकले तय गरेको राष्ट्रिय गौरवका आयोजनाहरूको ठूलो भूमिका हुन्छ । सामान्यतः यस्ता आयोजनाहरू पूर्वाधार विकाससँग सम्बन्धित हुने गर्दछन् । नेपालमा हाल २१ वटा राष्ट्रिय गौरवका आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेका छन् । जसमध्ये काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (भ्हउचभककधबथ) पनि एक हो ।

संघीय संसद, प्रतिनिधि सभा, विकास तथा प्रविधि समितिले आफ्नो गठन पश्चातदेखि नै तोकिएको कार्यक्षेत्रभित्र पर्ने विभिन्न राष्ट्रिय गौरवका आयोजनाहरूको भौतिक प्रगतिका सम्बन्धमा सरोकारवाला निकायहरूसँग छलफल गरी आवश्यक सुझाव तथा निर्देशन दिंदै आएको छ । समितिको मुख्य उद्देश्य भनेको यस्ता राष्ट्रिय महत्वका आयोजनाहरू तोकिएको लागतमा तोकिएको समयभित्रै गुणस्तरीय रुपमा सम्पन्न हुनु पर्छ भन्ने नै हो ।

यसै क्रममा समितिले २०७५ मंसिर १४ गते काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (Expressway) आयोजनाको निर्माण सम्बन्धमा भए गरेका कार्य प्रगति एवं समस्या तथा चुनौतीहरूका बारेमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री, उक्त मन्त्रालयका सचिव तथा नेपाली सेना इञ्जिनियरिङ विभागका विभागीय प्रमुख तथा आयोजना प्रमुख प्राविधिक उपरथी लगायतलाई समितिको बैठकमा आमन्त्रण गरी छलफल गरेको थियो । छलफल पश्चात द्रुतमार्ग निर्माणका सम्बन्धमा हालसम्म अन्यौलमा रहेको काठमाडौँ तर्फको प्रस्थान विन्दु यथाशीघ्र निर्क्यौल गरी मुआब्जाको विषय टुंगो लगाएर निर्माण कार्य अगाडि बढाउन निर्देशन समेत दिएको थियो ।

सोही बैठकको निर्णय अनुसार समिति सभापतिको संयोजकत्वमा समितिका माननीय सदस्यहरूले २०७५ पुस ६ र माघ १६ गते दुई चरणमा द्रुतमार्गको स्थलगत अवलोकन गर्नुका साथै सरोकारवालाहरूसँग समेत छलफल एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

### २. भ्रमण टोलीको गठन र परिचय :

पहिलो चरणमा पुस ६ गते समिति सभापतिको संयोजकत्वमा समितिका माननीय सदस्यहरु पूर्व प्रधानमन्त्री माननीय माधवकुमार नेपाल, माननीय देव प्रसाद तिमलसिना सहित सचिवालयका कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

**माननीय सदस्यहरु :**

१. मा० कल्याणी कुमारी खड्का - सभापति (संयोजक)

२. मा० अनिलकुमार झा - सदस्य

३. मा० इन्दु कुमारी शर्मा - सदस्य

४. मा० गणेश कुमार पहाडी - सदस्य

५. मा० झलनाथ खनाल - सदस्य

६. मा० दामोदर भण्डारी - सदस्य

७. मा० प्रभु शाह - सदस्य

८. मा० माधवकुमार नेपाल - आमन्त्रित सदस्य

९. मा० देवप्रसाद तिमलसिना - आमन्त्रित सदस्य

**सचिवालयका कर्मचारीहरु :**

१. समिति सचिव श्री वंशीराज पौडेल

२. शाखा अधिकृत श्री दिपाकुमारी दुलाल

३. ना.सु. श्री रेनुका सुवेदी

यसका साथै भ्रमण टोलीमा नेपाली सेना इञ्जिनियरिङ विभागका विभागीय प्रमुख तथा आयोजना प्रमुख प्राविधिक उपरथी योगेन्द्र बहादुर खाँड, नेपाली सेना इञ्जिनियरिङ विभागका युद्धकार्य महानिर्देशक उपरथी प्रभुराम शर्मा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रतिनिधि, रक्षा मन्त्रालयका प्रतिनिधि, आयोजनाका अन्य अधिकृत तथा पत्रकारहरू समेतको सहभागिता रहेको थियो ।

## ३. स्थलगत भ्रमणको उद्देश्य :

नेपाली सेनाद्वारा निर्माणाधीन काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (Expressway) को कार्य प्रगति एवं समस्या तथा चुनौतीका बारेमा जानकारी लिई सोको प्रतिवेदन समितिमा पेश गर्ने ।

## ४. आयोजनाको संक्षिप्त परिचय :

राजधानी काठमाडौँलाई तराईसँग जोड्ने छोटो दूरीको स्तरीय तथा फराकिलो सडकको राष्ट्रिय आवश्यकता महशुस गरी २०४९ सालमा काठमाडौँ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको DANIDA (Danish International Development Assistences) बाट सम्भाव्यता अध्ययन सुरु भएको थियो । सोही अनुरुप २०६४ सालमा ADB (Asian Development Bank) ले विस्तृत सम्भाव्यता अध्ययन गऱ्यो । त्यस पछि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले PPP ( Public Private Partnership) Model अन्तरगत EOI ( Expression of Interest) सूचना जारी गऱ्यो ।

नेपाल सरकारले आर्थिक वर्ष ०६६/६७ को वजेट भाषणमा द्रुतमार्गको ट्र्याक खोल्ने विषय उल्लेख गरे बमोजिम नेपाली सेनालाई पाइलट ट्र्याक खोल्ने जिम्मेबारी समेत दिएको थियो र सो कार्य नेपाली सेनाले ४ वर्षमा पूरा गऱ्यो ।

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट २०६८ सालमा दोश्रो तथा २०७० सालमा तेस्रो पटक EOI सूचना जारी भयो । त्यस पश्चात् काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (Expressway) को निर्माणको जिम्मा नेपाल सरकार मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयले नेपाली सेनालाई दिने निर्णय गऱ्यो । सोही अनुसार नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तरगत रहेको काठमाडौं तराई फाष्ट ट्र्याक आयोजनाले औपचारिक रुपमा २०७४ श्रावण २७ गते नेपाली सेनालाई आयोजना हस्तान्तरण गरे पश्चात् आधिकारिक रुपमा नेपाली सेनाले द्रुतमार्गको निर्माण कार्य आगडि बढाउँदै आएको छ ।

## ५. आयोजनाको आवश्यकता र महत्व :

आधुनिक विकासको प्रस्थान विन्दु मानिने द्रुतमार्गको निर्माण राष्ट्रिय आवश्यकता हो । सडक सञ्जालको विकास र विस्तार अन्य पूर्वाधारको आधार भएकोले २०४९ सालबाट नै यसको सम्भाव्यता अध्ययन सुरु भएको थियो । नेपाल सरकारले आर्थिक वर्ष ०७०/७१ बाट दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा अगाडि बढाए पछि यो द्रुतमार्गको महत्व राष्ट्रिय Conncetivity सँग जोडिएको छ । निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई काठमाडौँसँग जोड्ने सबैभन्दा छोटो दूरीको यो द्रुतमार्ग सञ्चालनमा आउदा समय र इन्धनको बचत हुनुको साथै अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको पहिचान एवं गौरव समेत बढ्ने देखिन्छ। नेपालकै पहिलो विशेष सुविधायुक्त सडकको रुपमा निर्माण गरिने यस सडकमा सूचना प्रणाली, आकस्मिक सुरक्षा व्यवस्था, ट्राफिक अनुगमन, अग्नी नियन्त्रणका साथै स्वास्थ सेवा समेतको उचित व्यवस्था रहने आयोजनाले जनाएको छ । काठमाडौं र तराईको दूरी ७६.२ कि.मि. मा सीमित रहने यस मार्गमा प्रतिघण्टा १२० कि.मि. सम्मको गतिमा सवारी साधनहरू गुड्न  सक्नेछन् ।

## ६. अवलोकन भ्रमणको स्थलगत रिपोर्ट :

पहिलो चरणमा स्थलगत अध्ययन अवलोकनको क्रममा समितिका माननीय सदस्यहरूको टोली पुस ६ गते बिहान ११:३० बजे नेपाली सेनाको हेलिकप्टरबाट बारा जिल्लामा पर्ने निजगढको जिरो कि.मि. पुगेको थियो । निजगढको पूर्व पश्चिम हाइवे (तामागडी) देखि चुरेको फेदिसम्म समथर क्षेत्रमा करिव ८ कि.मि. माटो काट्ने र माटो भर्ने (Cutting/Filling) काम लगभग अन्तिम चरणमा पुगेको पाइयो । जंगलको बिचमा फराकिलो बाटो देख्दा संसदीय टोली निकै उत्साहित देखिन्थ्यो । सडकको चौडाई करिव ४४ मि. सम्म रहेको उक्त सडक खण्ड एक महिनाभित्र सम्पन्न गरिने लक्ष्य रहेको सडक निर्माण कार्यदल वेसक्याम्प निजगढका प्रमुख प्राविधिक सेनानी राजेश कुमार देवले बताउनु भयो । त्यहाँका स्थानीय बासीहरूले काम निकै छिटो छिटो भैरहेको छ । नेपाली सेनाले गरेको कामबाट आफूहरू निकै खुसी रहेको बताएका थिए । स्थानीयहरुलाई रोजगारी दिनुको साथै स्थानीय स्रोतको प्रयोग गरेर निर्माण कार्य गर्नु पर्छ भन्ने उनिहरुको माग थियो । सडक निर्माण गर्दा लाल बकैया खोला गाउँमा पस्न सक्ने संभावना रहेको भनी स्थानीयले चिन्ता समेत व्यक्त गरेका थिए ।

त्यसपछि समितिको टोली मकवानपुरको राजदमार पुग्यो । त्यहाँ धमाधम निर्माण कार्य भैरहेको थियो । सडक निर्माण कार्यदल वेसक्याम्प राजदमारका प्रमुख प्राविधिक सेनानी पुरुषोत्तम कार्कीले उक्त क्षेत्रको जिम्मामा रहेको ८ कि.मि. क्षेत्रभित्र कटिङ/फिलिङ कार्य भैरहेको र पुल बनाउने काम आगामी वर्षबाट थालिने जानकारी गराउनु भयो । मकवानपुरको बकैया गाउँपालिकामा पर्ने राजदमार द्रुत मार्ग र मदन भण्डारी राजमार्गको मिलन विन्दु रहेछ । त्यहाँका स्थानीयले मदन भण्डारी राजमार्गको इन्टरचेन्ज राजदमारमै राख्नु पर्छ भन्ने माग समेत गरेका थिए ।

राजदमारबाट १३:५५ बजे संसदीय टोली बुदुने क्याम्प आइपुगेको थियो । बुदुने द्रुतमार्गको पहिलो पटक २०६६ साल कात्तिक २३ गते शिलान्यास भएको स्थान हो । त्यहाँ रहनु भएका सडक निर्माण कार्यदल वेसक्याम्प बुदुनेका प्राविधिक सेनानी अरविन्द श्रेष्ठले २०७४ साउनबाट सो ठाउँमा क्याम्प खडा भएको र कटिङ र फिलिङको काम यसै आर्थिक वर्षमा सम्पन्न हुने जानकारी दिनुभयो । हाल सम्म लगभग ७९.१ प्रतिशत कार्य सम्पन्न भएको र स्थानीयले निकै सहयोग गरेको उहाँको भनाई थियो । त्यस खण्डमा ११ वटा पुल बनाउनु पर्ने रहेछ । त्यस क्षेत्रमा पर्ने करिब २२ वटा घरहरुको क्षतिपूर्ति दिन बाँकी रहेको समेत संसदीय अध्ययन अवलोकन टोलीलाई जानकारी गराइयो । क्याम्पबाट केही मिटर पर सम्म संसदीय टोलीले निर्माणाधीन खण्डको अवलोकन गरेको थियो । निर्माणाधीन खण्डमा विभिन्न निर्माण उपकरणहरु (एस्काभेटर, रोलर, लोडर, ट्रिपर) प्रयोग भइरहेको र नेपाली सेनाका जवानहरु निर्माणाधीन स्थलमा नै टेन्ट/पाल टागेर अस्थाई मोवाइल क्यम्प खडा गरी बस्ने गरेको देखियो ।

त्यहाँबाट समितिको टोली १५:३० बजे लेनडाँडा क्याम्प पुग्यो । लेनडाँडा कान्ति राजपथ र द्रुतमार्गको क्रसिङ विन्दु हो । संसदीय टोली त्यहाँ पुग्दा चट्टान फुटाउन गरिएको व्लास्टिङको ठूलो ठूलो आवाज सुनिएको थियो । त्यहाँ रहनु भएका सडक निर्माण कार्यदल वेसक्याम्प लेनडाँडाका प्रमुख प्राविधि सेनानी विनोद श्रेष्ठले महादेवटारदेखि धेद्रे खोलासम्म ३.३ कि.मि., धेद्रेदेखि जितपुर खोलासम्म १.४ कि.मि. र शिवालिक रेन्जमा पर्ने जितपुर खोलादेखि वाँदरे खोलासम्म कान्तिलोकपथमा हुने क्षति कम गर्न १.३७ कि.मि. गरी ३ वटा सुरुङमार्ग निर्माण गर्नु पर्ने जानकारी गराउनु भयो । यस क्षेत्रमा पर्ने कान्ति लोकमार्ग सुरक्षित राख्न W डाँडा मुनिबाट सुरुङ मार्ग बन्ने रहेछ । एक कि.मि. को दूरीमा बन्ने जम्मा ६.०७ कि.मि. को सुरुङ मार्गले तत्कालिन रुपमा कूल लागतमा केही वृद्धि भएतापनि सडकको लम्बाई घट्ने र आवागमन सहज हुनुको साथै अन्य दीर्घकालिन लाभहरु हुने भएकोले यसबाट राज्यलाई घाटा नहुने उहाँको भनाई थियो । सिवालिक र महाभारत रेन्जबाट टनेल बनाउँदा १९ वटा पुलसहित सडकको ३.५ कि.मि भिलनतज घट्छ । ५ कि.मि. क्षेत्रमा निर्माणको काम भइरहेको यस ठाउँको २.९ कि.मि. मा ८९ प्रतिशत काम सम्पन्न भएको जानकारी गराइयो । यस टोलीले पूर्व निर्धारण गरेको यसै क्षेत्रभित्रको महादेवटार क्याम्पको अवलोकन मौसमको प्रतिकूलता र समय व्यवस्थापनको कारण हुन सकेन ।

त्यसपछि समितिको टोली काठमाडौँ जिल्लाको दक्षिणकाली न.पा., वडा नं. ७ मा पर्ने मख्खुबेसी क्याम्प आइपुग्यो । सडक निर्माण कार्यदल वेसक्याम्प मख्खुवेसीका प्रमुख प्राविधिक सेनानी अजित श्रेष्ठले उक्त स्थानमा निर्माण भैरहेको ९ कि.मि. क्षेत्रमा ५ ठाउँमा अन्डरपास बन्ने, ११ ठाउँमा पुलहरू बनाउनुपर्ने, त्यहाँ लगभग ७४ प्रतिशत कटिङको कार्य पूरा भएको साथै यस ठाउँको २.९ कि.मि. क्षेत्र ललितपुर जिल्लामा पर्ने जानकारी गराउनु भयो ।

मख्खुबेसी क्याम्पले २०७४ कात्तिकबाट कार्य सुरु गरेको रहेछ । त्यस खण्डमा २ वटा ९० मिटरको पुल बनाउनु पर्ने भएकाले सो क्षेत्रमा निर्माणको क्रममा २७२ वटा रुख काट्नु परेको र कटान गरिएका रुख जिल्ला वन कार्यालयलाई हस्तान्तरण समेत गरिसकेको जानकारी गराउनुभयो । जम्मा ८.५ कि.मि. हेर्ने यो क्याम्पले २ महिनाभित्र कटिङको काम सक्ने जनाएको छ ।

यस आयोजनाले काठमाडौंदेखि निजगढसम्म जम्मा १० वटा क्याम्प खडा गरेर द्रुतमार्ग निर्माणको काम अगाडि बढाएको छ । हाल ए.डि.वि ले द्रुतमार्ग निर्माणका सम्बन्धमा तयार गरेको प्रतिवेदन अनुसार निर्माण कार्य भइरहेको हो । नेपाली सेनाले निर्माणको जिम्मा लिएको भएता पनि कतिपय स्थानमा निर्माण कार्यका लागि छनौट भएका राष्ट्रिय स्तरका निर्माण व्यवसायीहरु समेत द्रुतमार्ग निर्माणको काम गरिरहेका थिए । यस सम्बन्धमा समितिले बुझ्दा निर्धारित समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्न नेपाली सेनाको समग्र व्यवस्थापनमा आवश्यकता अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय निर्माण व्यवसायीहरू (NCB/ICB) समेतलाई सहभागी गराई निर्माण कार्य सम्पन्न गर्ने आयोजनाको निर्माण Construction Modality नै रहेको बुझियो ।

## ७. दोस्रो चरणको भ्रमण टोलीको गठन र परिचय :

पहिलो चरणमा विशेष कारणबस खोकना क्षेत्रको स्थलगत अवलोकन गर्न नसकको हुँदा समितिको टोली २०७५ माघ १६ गते समिति सभापतिको संयोजकत्वमा समितिका माननीय सदस्यहरू र सचिवालयका कर्मचारीहरु सहित खोकना प्रस्थान गरेको थियो ।

टोलीमा सहभागी माननीय सदस्यहरु तथा कर्मचारीहरुको विवरण :

**माननीय सदस्यहरू :-**

१. मा० कल्याणी कुमारी खड्का - सभापति (संयोजक)
२. मा० अनिल कुमार झा - सदस्य
३. मा० इन्दु कुमारी शर्मा - सदस्य
४. मा० केदार सिग्देल - सदस्य
५. मा० गणेश कुमार पहाडी - सदस्य
६. मा० जिप छिरिङ लामा - सदस्य
७. मा० बिनाकुमारी श्रेष्ठ - सदस्य
८. मा० राम बहादुर विष्ट - सदस्य
९. मा० रंगमती शाही - सदस्य

**सचिवालयका कर्मचारीहरु :-**

१. ना.सु. श्री रेनुका सुवेदी
२. का.स. श्री यमुना वाग्ले

यसका साथै भ्रमण टोलीमा नेपाली सेना इञ्जिनियरिङ विभागका विभागीय प्रमुख तथा आयोजना प्रमुख प्राविधिक उपरथी योगेन्द्र बहादुर खाँड, सडक निर्माण कार्यदल वेसक्याम्प खोकनाका प्रमुख प्राविधिक सेनानी भिमसेन थापा, आयोजनाका अन्य अधिकृत तथा पत्रकारहरू समेतको सहभागिता रहेको थियो ।

दोस्रो चरणमा बिहान ११:०० बजे संसदीय टोली काठमाडौं तर्फको जिरो कि.मि.मा पर्ने काठमाडौं-तराई/मधेश द्रुतमार्गको प्रवेश द्वार मानिने ललितपुर जिल्लाको खोकना पुगेको थियो । खोकनाको खण्डको कार्यक्षेत्र ६ कि.मि. ललितपुर जिल्लामा पर्दो रहेछ । सो खण्ड जग्गा मुआब्जा तथा रेखांकन विवाद रहेको खण्ड हो । सो मध्ये कम विवादित क्षेत्र डुकुछाप वुङ्मति खण्डमा पर्ने द्रुतमार्गको २.९ कि.मि. खण्डमा कटिङ/फिलिङ गरी द्रुतमार्ग निर्माणको काम भइरहेको पाइयो । उक्त कार्य यसै वर्षभित्र सकिने सडक निर्माण कार्यदल वेसक्याम्प खोकनाका प्रमुख प्राविधिक सेनानी भिमसेन थापाले बताउनु भयो । वेशक्याम्पको कार्यक्षेत्रभित्र पर्ने डुकुछाप र बुङ्मतिमा निर्माणकार्य सुरु भएतापनि खोकनामा जग्गा अधिग्रहणको विवादका कारण निर्माण कार्य अगाडि बढाउन अझै समस्या रहेको छ । स्तान् तर्क थियो हामी द्रुतमार्ग निर्माणको विरोधी नभएता पनि सरकारले विद्युतको हाइटेन्सन लाइन, दोस्रो रिङरोड, वाग्मती करिडोर, रेलको अलाइनमेन्ट सबै आयोजना यसै क्षेत्रमा बनाउने योजना गरेको हुँदा हामी कतिलाई जग्गा छाड्ने भनी आक्रोस समेत पोखेका थिए ।

खोकनाको अर्को समस्या गुठीको जग्गा अधिग्रहणमा पनि देखिएको छ । अन्य स्थानमा रहेको गुठीको जग्गा अधिग्रहण गर्दा कायम गरिएको मूल्यको ३३ प्रतिशत क्षतिपूर्ति उपलब्ध गराउने गुठी संस्थानको नियम रहेकोमा खोकनाको गुठी जग्गा उपयोग गर्ने स्थानीयहरूले हामी वर्षौदेखि यहाँको जग्गा उपभोग गरिरहेका छौं त्यसैले हामीहरूले ५० प्रतिशत क्षतिपूर्ति पाउनु पर्छ भन्ने माग थियो । केही दर्तावाँकी जग्गाहरुको कारणले मुआब्जा वितरणमा समस्या रहेको पाइयो । समितिको सभापति तथा टोलीका संयोजक कल्याणी कुमारी खड्काले उचित तरिकाबाट मुआब्जाको विषय टुङ्ग्याएर नेपाल सरकारले निर्धारण गरे बमोजिम खोकनालाई नै जिरो प्वाइन्ट कायम गुर्न पर्छ भनी समितिको धारणा व्यक्त गर्नु भयो ।

## ८. आयोजनाको विद्यमान अवस्था :

१.इञ्जिनियरिङ सर्भे तथा डिजनाइन

- आयोजनाले द्रुतमार्गको Detail Engineering Survey / Alignment Design को कार्य सम्पन्न गरेको
- Cross Drainage Strudture तथा Retaining Structure को Typical Design कार्य सम्पन्न भएको
- पुलहरूको स्थान तथा लम्बाई निर्धारण भई सकेको ।

२. सडक निर्माण तर्फ भएको प्रगति :

- सडक मार्गमा पर्ने जम्मा ५४ कि.मि. मा Cutting / Filling को कार्य भइरहेको ।
- प्रस्तावित सुरुङ मार्गमा पर्ने केही इलाकामा Cutting / Filling को काम सुरु गर्न नै बाँकी रहेको

३. क्याम्प निर्माण :




४. रुख कटानको अवस्था :

- जम्मा कटान गर्नुपर्ने रुखको संख्या : २१२५८
- हालसम्म कटान गरिएको : २०६६६
- प्रगति : ९७ प्रतिशत

५. जग्गा अधिग्रहण तर्फको प्रगति :

- अधिग्रहण गर्नु पर्ने जग्गा : १५०६९ रोपनी
- अधिग्रहण हुन बाँकी जग्गा : ८६३ रोपनी (६५)

६. पुल निर्माण :

➢ ICB Contract/EPC Model :

- Large / Major Bridge को लागि ६ वटा विदेशी निर्माण कम्पनीहरूको पूर्व योग्यता निर्धारण अनुसार छनौट (Pre-Qualified) भइसकेको ।

➢ NCB Contract/Design &Build Model :

- साना पुलहरू निर्माणको लागि खरिद प्रकृया सुरु गर्न आवश्यक Bidding Document तयार गर्ने कार्य सम्पन्न भएको

७. सुरुङ निर्माण (Tunnel ) M

➢ ICB Contract/EPC Model

- Tunnel निर्माण कार्यको लागि Bidding Document तयार गर्ने कार्य भइरहेको ।
- International DPR Consultant बाट प्रस्तावित टनेलहरूको Alignment/Basic Desing को Verification गर्ने कार्य भइ रहेको ।

**९. आयोजना निर्माणमा देखिएका समस्याहरु :**

**१. सुरुङमार्ग निर्माण सम्बन्धमा :**

- ठिंगन, धेद्रे र लेनडाँडा इलाकाको भौगोलिक अवस्थिति, सो इलाकामा रहेको कान्तिलोकपथमा पर्ने क्षति न्यूनिकरणको लागि ADB बाट प्रस्तावित १.३७ कि.मि. लम्वाइको एउटा सुरुङमार्गको विकल्पमा आयोजनाबाट प्रस्तावित एउटा वैकल्पिक र दुइवटा नयाँ समेत गरी कूल ६.०७ कि.मि. लम्वाईको ३ वटा सुरुङमार्गहरुको सम्बन्धमा हालसम्म निर्णय नभएकोले सो खण्डमा द्रुतमार्ग निर्माणको कार्य अगाडि नवडेको ।

**२. खोकनाको जग्गा सम्बन्धमा**

- द्रुतमार्ग खोकना खण्डमा जग्गाको मुआब्जा उचित नभएको, गुठीका जग्गाहरुको मुआब्जाको अनुपात ३३ प्रतिशत ६६ प्रतिशत भएकोमा ५०, ५० प्रतिशत हुनुपर्ने र दर्ता वाँकी जग्गाहरुको मुआब्जा समेतको समस्या देखाई स्थानीय बासीहरुद्वारा विरोध भइरहेकोले सो खण्डमा निर्माण कार्य अघि बढ्न नसकेको ।

**३. सैद्धान्तिक सहमति सम्बन्धमा :**

- द्रुतमार्ग निर्माणको क्रममा आकस्मिक रुपमा ROW -Right of Way_ भन्दा बाहिर थप जग्गा आवश्यक पर्ने, स्थानीय जनताको वालिनाली घरगोठ क्षतिहुन सक्ने र ROW आसपासका मानव बस्तिहरु समेत जोखिममा परी स्थानान्तरण गर्नु पर्ने हुँदा उल्लेखित अवस्थामा थप जग्गा अधिग्रहण गर्न, स्थानीय जनतालाई क्षतिपूर्ति दिन तथा जोखिममा पर्ने वस्तिहरु स्थानान्तरण गर्ने सम्बन्धमा तत्काल निर्णय गर्ने सैद्धान्तिक आधार नभएको हुँदा निर्माण कार्य प्रभावित हुने देखिएको ।

४. द्रुतमार्ग निर्माणको लागि आवश्यक पर्ने स्थानीय स्तरमा उपलब्ध निर्माण सामाग्रीहरु उपयोग गर्ने सम्बन्धमा कानुनी जटिलता रहेको ।

**१० सुझाव तथा निष्कर्ष :**

**सुझाव :**

१. भ्क्ष्ब को प्रतिवेदनलाई प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।

- ➢ स्थलगत भ्रमण गर्दा EIA को प्रतिवेदन अनुसार वातावरणीय पक्षका सम्बन्धमा कतिपय कामहरू सो अनुसार हुन नसकेको देखिएको उदाहरणको लागि

- पहाड काटेको माटो नदिकिनार, भिर र Cutting गरेकै ठाउँमा पन्छाइएको हुँदा त्यसबाट वर्षा याममा जटिलता हुने र नदी प्रदुषण भई जनजीवनमा असर पर्ने साथै बोटविरुवा समेत नष्ट भई वातावरण प्रदुषण हुने समस्या देखिएको ।
- Bio Engeneering र Mass Balance को कामलाई प्रभावकारी कार्यान्वयन गर्नु  पर्ने ।
- EIA प्रतिवेदनमा औंल्याइएका वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अवलम्वन गरे नगरेको नियमित अनुगमन हुनु पर्ने ।

२. म्एच को प्रतिवेदन चाडो भन्दा चाडो तयार गरी प्रतिवेदन बमोजिम सडक, पुल र सुरुङ मार्ग एसियाली मापदण्ड अनुसार निर्माण गर्नु पर्ने ।

३. आयोजनाबाट प्रस्तावित सुरुङमार्ग निर्माणको सम्बन्धमा यथाशीघ्र उचित निर्णय हुनु पर्ने ।

४. खोकना खण्डको जग्गा मुआब्जा सम्बन्धमा रहेको समस्या उचित तरिकाबाट शीघ्र समाधान हुनु पर्ने ।

५. यस आयोजनाले कटान गरेका रुखहरू सामुदायिक वन तथा जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्न वाँकी भए तत्काल सम्बन्धित पक्षलाई हस्तान्तरण गर्नु पर्ने ।

६. कटान गरिएका रुख विरुवाहरु २५ गुणा (१:२५) को अनुपातमा वृक्षारोपण गर्न नर्सरीको प्रवन्ध गरी रोपेका रुखहरु संरक्षण गर्ने योजना प्रभावकारी कार्यान्वयन हुनु पर्ने ।

७. निर्धारित समयावधि भित्र आयोजना सम्पन्न गर्नु पर्ने भएकोले तदनुरुपको कार्यतालिका बनाई निर्माण कार्यलाई अगाडि बढाउनु पर्ने ।

८. द्रुतमार्ग निर्माणको क्रममा आकस्मिक रुपमा आवश्यक पर्ने थप जग्गा अधिग्रहण, बालिनाली, घर गोठको क्षतिपूर्ति तथा जोखिममा पर्ने वस्तिहरुको स्थानान्तरण तत्काल गर्न जिल्ला स्थित स्थानीय निकायसँगको समन्वयमा कार्य सम्पादन गर्न सैद्धान्तिक सहमति दिनु पर्ने ।

९. आयोजना निर्माणका सम्बन्धमा गरिने ठेक्का प्रक्रिया पारदर्शी हुनु पर्ने ।

१०. निर्माणकार्यको सुपरिवेक्षण (Construction Supervision) को कार्यलाई प्रभावकारी बनाउनुका साथै गुनासो सुनवाई तथा कार्यान्वयन समिति निर्माण गर्नु पर्ने ।

११. द्रुतमार्ग निर्माणको लागि आवश्यक पर्ने स्थानीय स्तरमा उपलब्ध निर्माण सामाग्रीहरु उपयोग गर्ने सम्बन्धमा कानुनी जटिलतालाई सहजीकरण गरिनु पर्ने ।

१२. द्रुतमार्गको काठमाडौंतर्फको प्रवेश विन्दुबाट हाल कायम रहेको रिङरोड तथा भित्री सहरसम्म कनेक्टिभिटिको लागि आवश्यक योजना सहित व्यवस्था गर्नु पर्ने ।

१३. आयोजना स्थल आसपासका आयोजनाबाट प्रभावित स्थानीयहरुलाई उनीहरुको योग्यता, क्षमता, सीप अनुसार द्रुतमार्गको निर्माण कार्यमा रोजगारीका लागि प्राथमिकता दिनुपर्ने ।

१४. निर्माणाधीन आयोजनामा प्राविधिक जनशक्ति अपुग हुनसक्ने देखिएकोले थप आवश्यक निर्माण सम्बद्ध प्राविधिक जनशक्तिको व्यवस्था हुनु पर्ने । साथै समयानुकूल तालिम लगायत क्षमता अभिवृद्धि कार्यक्रमहरुमा समेत सहभागि हुने अवसर सिर्जना गर्नु पर्ने ।

**निष्कर्ष :**

स्थलगत अवलोकनका क्रममा द्रुतमार्ग निर्माणका सम्बन्धमा हाल सम्मको कार्यप्रगति सन्तोषजनक रहेको देखियो । तर आवश्यक पुल र सुरुङ -Tunnel_ निर्माणको काम सुरु नै नभएको अवस्था छ । अब गर्नु पर्ने काम अझ जटिल भूगोल र जटिल प्रकृतिको भएकोले लक्ष्य अनुसार नै सेनाले निर्माण कार्यलाई तीव्रता दिनु पर्ने देखिन्छ । नेपाली सेनाले पाएको यो गहन जिम्मेवारीलाई निर्माण कार्य सुरु गरेको करिव १८ महिनाको छोटो अवधिमा आयोजना प्रमुख लगायत आयोजना निर्माणमा संलग्न सम्पूर्ण जनशक्तिहरुको महत्वपूर्ण भूमिकाका कारण उल्लेख्य प्रगति हासिल गर्न सफल भएको हो । कूल ७६.२ कि.मि. मध्ये ५४ कि.मि. खण्डमा कटिङ/फिलिङको काम करिव ७० प्रतिशत सम्पन्न भएको छ भने यही गतिमा सेनाले काम गर्ने हो भने निर्धारित समयभित्र अपेक्षित सफलता हासिल गर्न सकिन्छ ।

आर्थिक समृद्धिको मेरुदण्डको रुपमा रहेको यो द्रुतमार्गमा कुनै पनि किसिमको अवरोध सिर्जना हुन नदिई निर्धारित समयभित्रै आयोजना सम्पन्न हुनु पर्छ भन्ने संसदीय टोलीको निष्कर्ष रहेको छ । साथै सडक निर्माणको क्रममा प्रभाव पार्ने वातावरणीय पक्ष र वित्तीय अनुशासनका सवालमा भने समिति सधैँ चनाखो रहनेछ । यस आयोजनाको स्थलगत अवलोकन पश्चात् समिति द्रुतमार्ग निर्माणका क्रममा देखिएको/सुनिएको अनिश्चितताबाट सुनिश्चिततातर्फ पुगेको छ । आर्थिक समृद्धिका लागि अत्यावश्यक मानिने यस्ता आयोजनाहरू समयमा सम्पन्न हुँदा मुलुक विकासको नयाँ युगमा प्रवेश गर्ने र सुखी नेपाली समृद्ध नेपालको आकांक्षा पूरा हुनेमा समिति विश्वस्त रहेको छ ।

# अनुसूची १

**काठमाण्डौं** (तराई/मधेश द्रुतमार्ग (EXPRESSWAY) **सडक** आयोजना

**NCB tyf NA** प्याकेजहरुको प्रगति बिवरण

| सि.नं. | क्याम्प | प्याकेज | चेनेज | प्रगति प्रतिशत | प्रगतिको विवरण | कै. |
|---|---|---|---|---|---|---|
| 1 | खोकना | NCB 11 | 03+320-06+210 | 35 | कटिङ्ग तथा फिलिङ्गको काम भईरहेको | |
| 2 | मख्खूवेशी | NCB 1 | 10+765-12+260 | 78 | कटिङ्ग को काम भईरहेको | |
| | | NCB 2 | 12+260-13+090 | 63 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 3 | 13+090-13+560 | 80 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 12 | 10+000-10+765 | 89 | कटिङ्गको काम भईरहेको | |
| | | NA 1 | 06+400-10+000 | 65 | कटिङ्गको काम भईरहेको | |
| 3 | सिस्नेरी | NCB 4 | 19+435-20+150 | 65 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 5 | 20+590-21+250 | 100 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 6 | 21+250-22+290 | 76=5 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 12 | 14+785-16+100 | 93 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 14 | 16+100-16+500,<br>17+000-19+435 | 87 | कटिङ्गको काम भईरहेको | |
| | | NA 2 | 14+785-16+100<br>16+500-17+000 | 60 | कटिङ्गको काम भईरहेको | |
| 4 | महादेवटार | NCB 16 | 22+600-23+600 | 70 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 13 | 24+600-25+700 | 95 | कटिङ्गको काम भईरहेको | |
| 5 | लेनडांडा | NCB 19 | 38+870-39+620 | 97 | कटिङ्गको काम भईरहेको | |
| | | NA 3 | 39+620-42+000 | 92 | कटिङ्गको काम भईरहेको | |
| 6 | बूदूने | NCB 15 | 45+145-45+410 | 39 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 21 | 42+000-44+450 | 63 | **Cutting, Cross Drainage Structure / RE Wall** को काम भईरहेको | |
| | | NCB 22 | 46+130-46+510 | 93 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 23 | 48+260-49+600 | 37 | कटिङ्गको काम भईरहेको | |
| | | NA 4 | 45+350-45+600<br>47+330-48+260 | 70 | कटिङ्गको काम भईरहेको | |
| 7 | राजदमार | NCB 7 | 49+940-51+170 | 72 | कटिङ्गको काम भईरहेको | |
| | | NCB 8 | 51+170-57+440 | 36 | कटिङ्गको काम भईरहेको | |
| ड | बागदेव | NCB 9 | 57+440-60+300 | द्धद्ध | कटिङ्गको काम भईरहेको | |
| ढ | निजगढ़ | NA 5 | 66+300-76+289 | ठद्द | कटिङ्ग तथा फिलिङ्गको काम भईरहेको | |

# अनुसूची-२

## विभिन्न क्याम्पका बाँकी काम र त्यहाँ देखिएका समस्याहरु

### खोकना वेशक्यॅम्प

ञ. **वांकी कामको विवरण**

(क) Link Road (चोभार पुलवात सानो खोकना ० कि.मी=(0+000) सम्म) १२०० मिटर प्याकेजिङ्ग हुन वांकी ।

(ख) प्याकेज नं.१० खोकनामा (चेनेज ०ं००० देखि ३३५० सम्म) जग्गा मुआव्जा वितरण सम्पन्न नभएकोले निर्माण शुरू नभएको ।

(ग) खोकना तथा वुङ्गमती खण्डमा ४८छ जग्गाको मुआव्जा वितरण हुन वांकी रहेको (स्थानियवासीहरूको अवरोध रहेको) ।

(घ) वेशक्याम्प निर्माण (खरिद प्रकृया सम्पन्न भएको, निर्माण शुरू गरिने) ।

२. **समस्याहरू**

(क) जग्गा अधिग्रहण गर्नुपर्ने (व्यक्तिगत जग्गाको मुआव्जा कम भएको, धार्मिक सास्कृतिक सम्पदाको संरक्षण हुनुपर्ने, दर्ता हुन वांकी जग्गाको मुआव्जा, गुठीको जग्गाको मुआव्जा) ।

(ख) च्इध बाहिर थप जग्गा अधिग्रहण गर्नु पर्ने ।

(ग) रेखाकंनमा परेका भौतिक संरचनाहरू हटाउनु पर्ने (बाखेल कुमारी आधारभुत विद्यालय, विजुलीको लाईन र पोल, हाईटेन्सन लाईनको पोल, KUKL को पाईप Crossing , झोलुङ्गे पुल) ।

### मख्खुवेशी वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क) उक्त वेशक्यापको जिम्मेवारी क्षेत्रमा पर्ने NA प्याकेज तथा NCBप्याकेज नं.१, २, ३ र १२मा Road Structuresनिर्माण कार्य शुरू हुने क्रममा रहेको ।

२. **समस्याहरू**

(क) Design अनुसार Cutting गर्दा ROW भन्दा बाहिर पनि थप जग्गा अधिग्रहण गर्नु पर्ने ।

### सिस्नेरी वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क)उक्त वेशक्यापको जिम्मेवारी क्षेत्रमा पर्ने ल्ब प्याकेज तथा NCBप्याकेज नं. ४ र १२ मा Road Structuresनिर्माण कार्य शुरू हुने क्रममा रहेको ।

२. **समस्याहरू**

(क) Design अनुसार Cutting गर्दा ROW भन्दा बाहिर पनि थप जग्गा अधिग्रहण गर्नु पर्ने ।

## महादेवटार वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क) उक्त वेशक्यापको जिम्मेवारी क्षेत्रमा पर्ने ल्ब प्याकेज तथा NCBप्याकेज नं. १३ र १६ मा Road Structuresनिर्माण कार्य शुरू हुने क्रममा रहेको ।

(ख) चेनेज २२४८० देखि २२६०० सम्मप्याकेजिङ्ग हुन वांकी रहेको ।

२. **समस्याहरू**

(क) स्थानिय वासिन्दाहरूको घर जग्गाको मुआव्जा दिन वांकी रहेको ।

(ख) कटिङ्ग गरेको Muck व्यवस्थापन गर्न कठिनाई भएको हुंदा स्थानिय वस्तीहरू जोखिममा पर्ने देखिएको।

## धेद्रे वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क) उक्त वेशक्याम्पको जिम्मेवारी क्षेत्रमा चेनेज २७५०० देखि ३६५०० सम्मको खण्डमा प्रस्तावित बैकल्पिक सुरूङ्ग मार्गहरूको स्वीकृत भईनसेकेको हुंदा सो खण्डमा द्रुतमार्ग निर्माणको कार्य शुरू नभएको ।

(ख) सुरूङ्ग मार्ग निर्माण कार्य पनि शुरू नभएको ।

२. **समस्याहरू**

(क) भौगोलिक रूपमा विकट स्थान भएकोले Access Road लाई Up Grade गर्नु पर्ने ।

(ख) संचारको सुविधा नरहेको ।

(ग) विद्युत आपुर्तिको सुविधा नरहेको ।

## लेनडांडा वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क) उक्त वेशक्याम्पको जिम्मेवारी क्षेत्रमा पर्ने चेनेज ३८३०० देखि ४२००० सम्मका NA तथा NCB प्याकेजहरूमा Road Structuresनिर्माण कार्य शुरू हुने क्रममा रहेको ।

(ख) पुल तथा कल्भर्ट निर्माण कार्य वांकी रहेको।

२. **समस्याहरू**

(क) सडक खन्दा सडक भन्दा तल पर्ने पानीको मुल सुक्न गई कर्मेडांडा तथा जांतेडांडा गाउंहरूमा भएको खानेपानीको समस्या समाधान गर्नु पर्ने ।

(ख) लेनडांडा(रानीसेरा ग्रामीण सडक खण्ड सुधार गर्नुपर्ने ।

(ग)Cutting को उचाई वढी भएको कारण Slope Retaining Structuresको कार्य शुरू गर्नु पर्ने ।

(घ) खाली स्थानहरूमा राखिएको सडक खन्दा निस्केको माटोलाई बर्षातमा वग्न नदिन पेरिमिटरमा ध्वर्ाा लगाउनु पर्ने ।

## बुदुने वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क) उक्त वेशक्याम्पको जिम्मेवारी क्षेत्रमा पर्ने मध्ये चेनेज ४२००० देखि ४४००० सम्म RE Wall र Cross Drainage को काम शुरू भएको र अन्य चेनेजहरूमा कार्य शुरू हुने क्रममा रहेको ।

(ख) पुल निर्माणको कार्य वांकी रहेको ।

२. **समस्याहरू**

(क) Cutting को Height वढी भएको कारण पहिलेको ROW नपुग भई वढी काट्नु परेकोले स्थानिय थप जग्गाहरू अधिग्रहण गर्नु पर्ने ।

(ख) हालसम्म वेशक्याम्पमा विजुली वत्ती नभएको ।

(ग) सडक निर्माणको दौरान निस्केको माटोले बुदुने गाउंको पानीको मुहानमा क्षती पुग्न गएको हुंदा स्थानिय वासिन्दाहरूलाई खानेपानी वैकल्पिक व्यवस्था गर्नु पर्ने ।

(घ) एक्लेखेतवाट धाप जाने स्थानिय करिव ३०० घरधुरीले प्रयोग गर्ने वाटो चेनेज ४६००० मा द्रुतमार्गले काट्ने हुंदा सो वाटो डाईभर्सन गर्नु पर्ने ।

(ञ) एक्लेखेतदेखि बुदुने वेशक्याम्प भई रानीसेरा ईलाकासम्म जाने स्थानिय वाटो स्तरोन्नती गरिनु पर्ने ।

(च) Cutting उचाई वढी भएको कारण Slope Retaining Road Structuresको कार्य शुरू गर्नु पर्ने ।

(छ) सडक निर्माणको दौरान निस्कीएको माटो खोलामा वग्न नदिन Protection Wallनिर्माण गर्नु पर्ने ।

## राजदमार वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क) उक्त वेशक्यापको जिम्मेवारी क्षेत्रमा पर्ने NCBप्याकेजहरूमा Road Structuresनिर्माण कार्य शुरू हुने क्रममा रहेको ।

(ख) केही सडक खण्डमा प्याकेजिङ्गको कार्य वांकी रहेको ।

२. **समस्याहरू**

(क) कटिङ्ग गरेको :गअप व्यवस्थापन गर्न कठिनाई भएको हुंदा स्थानिय वस्तीहरू जोखिममा पर्ने तथा वर्षातको समयमा खोल्सीहरू थुनिन सक्ने समस्या देखिएको।

(ख) सडक खन्दा सडक भन्दा तल पर्ने पानीको मुल सुक्न गई स्थानिय वासिन्दाहरूलाई खानेपानीको समस्या परेको ।

## बागदेव वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क) उक्त वेशक्यापको जिम्मेवारी क्षेत्रमा पर्ने NA तथा NCBप्याकेजहरूमा Road Structureकनिर्माण कार्य शुरू हुने क्रममा रहेको ।

(ख) बकैया नदीमा पुल निर्माण कार्य वांकी रहेको ।

(ग) बागदेव वेशक्याम्पको सडक खण्डको केही भागमा प्याकेजिङ्ग हुन वांकी रहेको ।

२. **समस्याहरू**

(क) निर्माणाधिन खण्डमा Filling Material को अभाव रहेको ।

(ख) वर्षातको समयमा बकैया नदी तर्न नसकिने हुंदा निर्माण कार्य सुचारू गर्न कठिनाई हुने गरेको ।

## निजगढ वेशक्याम्प

१. **वांकी कामको विवरण**

(क) उक्त वेशक्यापको जिम्मेवारी क्षेत्रमा पर्ने NAप्याकेजमा Road Structuresनिर्माण कार्य शुरू हुने क्रममा रहेको ।

(ख नेपाली सेनाद्धारा निर्माणाधिन खण्डमा Structures र Sub Base को Filling कार्य वांकी रहेको ।

(ग) बकैया नदीमा पुल निर्माण कार्य वांकी रहेको ।

(घ) पुर्व पश्चिम राजमार्ग जोडिने स्थानमा Interchange निर्माण कार्य वाकी रहेको ।

२. **समस्याहरू**

(क) नेपाली सेनाद्धारा निर्माणाधिन खण्डमा Filling Material को अभाव रहेको ।

(ख) स्थानिय निर्माण सामाग्रीहरू प्रयोग गर्न स्वीकृत हुनु पर्ने ।

## अनुसूची ३

## स्लगत अवलोकनका क्रममा लिइएका केही तस्विरहरु :

द्रुतमार्ग स्थलगत अवलोकनमा सहभागी माननीय सदस्यहरु



निजगढको जिरो कि.मि. बाट ८ कि.मि पर निर्माणाधीन स्थलमा अन्तरक्रिया



**संघीय संसद**

**प्रतिनिधि सभा**

**विकास तथा प्रविधि समिति**

# प्रदेश नं. २ भित्र रहेका हुलाकी सडक र पुलहरुको विद्यमान अवस्थाहरुको सम्बन्धमा स्थलगत अध्ययन भ्रमण टोलीको प्रतिवेदन, २०७५

## १.१ पृष्ठभूमि

राणाकालीन समयमा तत्कालीन प्रधानमन्त्री पद्‌म शमशेरको पालामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराई मधेशमा चिठ्ठी पत्रहरु ओसार-पसार गर्ने मुख्य धेय राखी हुलाकी सडकको निर्माण प्रारम्भ गरिएको थियो । पूर्व पश्चिम राजमार्गको समानान्तर रुपमा भारतीय सीमा क्षेत्रको नजिकबाट तराईको २० जिल्लाहरु हुँदै जाने हुलाकी सडकको लम्बाई १७९२.४२ कि.मि. रहेको छ । छिमेकी राष्ट्र भारतले आफ्नो भुमिको सुरक्षा र सामारिक महत्वको लागि सीमा क्षेत्रको आसपासमा सडक निर्माण गरिरहेको सन्दर्भमा हाम्रो देशको हुलाकी सडक आज केवल संचार सम्पर्कको रुपमा मात्र सीमित नरही तराई क्षेत्रको वासिन्दाको यातायात, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, व्यापार तथा बजारीकरण लगायतका महत्वपुर्ण क्षेत्रहरुको समग्र विकाससँग यो सडक जोडिएको छ । पूर्व पश्चिम राजमार्गबाट हुलाकी सडक छुने तराईका विभिन्न जिल्लाहरुमा अनेकौ सहायक सडकहरुको निर्माण सम्पन्न भईसकेको सन्दर्भमा हुलाकी सडक निर्माण प्रारम्भ भएको तीन दशक पुरा भईसक्दा पनि सडक निर्माणले जनअपेक्षा अनुसार गति लिन सकेको देखिएन ।

यस अघि तत्कालीन व्यवस्थापिका संसद, विकास समितिको एक टोलीले प्रथम चरणमा (२०७३ वैशाख ५-७) झापादेखि जनकपुरसम्म र दोश्रो चरणमा (२०७३ जेष्ठ १०-१२) प्रथम चरणका बाँकी बारा, पर्सा, रौतहट र सर्लाही जिल्ला अर्न्तगत पर्ने हुलाकी सडक तथा पुलहरुको निर्माणको अवस्था र निर्माणका कार्यहरु समयमै सम्पन्न हुन नसक्नुका कारणहरु खुलाई महत्वपुर्ण सुझावहरु सहितको प्रतिवेदन कार्यान्वयनका लागि नेपाल सरकारलाई निर्देशन दिएको थियो । समितिले नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउदै यसरी दिएका निर्देशनहरु बमोजिमको कार्य प्रगति भएको देखिएन । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सम्बद्ध निकायहरुबाट तराईका हुलाकी सडक र सो सडक अर्न्तगतका पुलहरुको निर्माण कार्य अत्यन्त सुस्त गतिमा भईरहेको, गुणस्तरीय काम हुन नसकेको समयमा निर्माणको ठेक्का नलागेको भईरहेका निर्माण कार्यले नागरिकको जनस्वास्थ्यमा प्रतिकूल असर पारेको जस्ता जनगुनासोहरु दिनानुदिन बढिरहेको अवस्था देखियो । तराई मधेशका जनताको कष्टकर जनजीवन र सडक तथा पुल निर्माणमा देखिएको सरकारी उदासीनता एवं ढिलासुस्ती प्रति समितिको गम्भीर ध्यानाकर्षण भई समितिको मिति २०७५ पुष १६ गतेको बैठकमा यस सम्बन्धमा विस्तृत छलफल गरेर मिति २०७५ माघ १३ गतेको निर्णयानुसार टोली निर्माण गरी मिति २०७५ माघ १८ गतेदेखि २३ गतेसम्म प्रदेश नं. २ अर्न्तगतका तराईका ८ जिल्लाहरु (पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी) को हुलाकी सडक तथा पुलहरुको विद्यमान अवस्थाको बारेमा बुझ्न स्थलगत अध्ययन अवलोकन भ्रमण गरेको थियो ।

## १.२ स्थलगत अध्ययन अवलोकन टोलीको गठन

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको यस महत्वपुर्ण हुलाकी मार्गको विद्यमान अवस्थाको सम्बन्धमा स्थलगत अध्ययन अवलोकन गर्ने निर्णय समितिको मिति २०७५ पुस १६ गते बसेको बैठकले गरेको थियो । उक्त निर्णयको कार्यान्वयनका लागि समितिको मिति २०७५ माघ १३ गते बसेको बैठकले राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको प्रदेश नं. २ अन्तरगतको तराईका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लामा रहेका हुलाकी सडक र पुलहरुको विद्यमान अवस्थाहरुको मिति २०७५ माघ १८ गतेदेखि २३ गतेसम्म

स्थलगत अध्ययन अवलोकन गर्न समितिका सभापति मा. श्री कल्याणी कुमारी खड्काको संयोजकत्वमा देहाय बमोजिमका माननीय सदस्यहरु र समितिको २ जना कर्मचारी रहने गरी एक टोलीको गठन भएको थियो ।

सभापति मा. श्री कल्याणी कुमारी खड्का, संयोजक

मा. श्री प्रभु शाह, सदस्य

मा. श्री महिन्द्र राय यादव, सदस्य

मा. श्री मिनाक्षी झा, सदस्य

मा. श्री लिलानाथ श्रेष्ठ, सदस्य

उपसचिव श्री ओमबहादुर कार्की, टोली सचिव

खरिदार श्री धिरेन्द्र बस्नेत, समिति सचिवालय ।

## १.३ भ्रमणको उद्देश्य

स्थलगत अध्ययन अवलोकन टोलीको भ्रमणको उद्देश्य देहाय बमोजिम रहेको थियो :-

- प्रदेश नं. २ अर्न्तगत रहेका तराईका ८ जिल्लाका हुलाकी सडक तथा पुलहरुको निर्माणका विद्यमान अवस्थाको स्थलगत अध्ययन अवलोकन गर्ने ।
- हुलाकी सडकसँग सम्बद्ध सरकारी निकाय, राजनीतिक दलका प्रतिनिधि, सरोकारवाला व्यक्ति तथा संघ-संस्था, पत्रकार, तथा स्थानीय नागरिकहरुसँग सम्बद्ध विषयमा अन्तरक्रिया गरी त्यसको वर्तमान अवस्थाको जानकारी लिने ।
- स्थलगत अध्ययन अवलोकनका क्रममा देखिएका समस्या तथा चुनौतिहरुको पहिचान गरी समाधानका लागि सुझावहरु प्रस्तुत गर्ने ।

**परिच्छेद-२**

# स्थलगत अवलोकन भ्रमण गरिएका स्थान र प्राप्त विवरण

## २.१ स्थलगत अध्ययन अवलोकन टोलीबाट सम्पादित मुख्य क्रियाकलापहरु

स्थलगत अध्ययन अवलोकन टोलीले प्रदेश नं. २ भित्र रहेका विभिन्न हुलाकी सडक र पुलहरुको विद्यमान अवस्थाको सम्बन्धमा स्थलगत अध्ययन भ्रमण गर्न एक कार्ययोजना बनाएको थियो । उक्त कार्ययोजना अनुरुप टोलीबाट गरिएका मुख्य क्रियाकलापहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १. वीरगंजमा भएको अन्तरक्रिया कार्यक्रम (मिति २०७५/१०/१८ गते दिनको १२:३० बजे)

पर्सा जिल्लाको वीरगंज स्थित जिल्ला समन्वय समितिको भवनमा संघीय संसदका माननीयहरु, प्रदेश सभाका माननीयहरु, प्रमुख जिल्ला अधिकारी, वीरगंज महानगरपालिका प्रमुख, राजनीतिक दलका प्रमुखहरु, उद्योग वाणिज्य महासंघका पदाधिकारीहरु, स्थानीय तहका पदाधिकारीहरु, पत्रकारहरु, हुलाकी सडक संग सम्वद्ध जिम्मेवार पदाधिकारीहरु, नागरिक समाज र सरोकारवालाहरुसँग हुलाकी सडक र पुलहरुको विद्यमान अवस्थाको सम्बन्धमा

एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त अन्तरक्रिया कार्यक्रममा निम्नानुसारका सुझावहरु प्राप्त भएका थिए :-

- भारत सरकारबाट निर्माणाधीन सडकमा मुआब्जा वितरण भएको तर नेपाल सरकारबाट निर्माणधीन सडकमा मुआब्जा वितरण नहुँदा भेदभावपूर्ण व्यवहारका कारण विवाद उत्पन्न भई सडक निर्माणको कार्यमा बाधा पुगेको छ ।
- मुआब्जाको रकम ज्यादै न्यून रहेको छ ।
- सडक निर्माणको ठेक्का लगाउने कार्यमा नै ढिलाई भईरहेको छ ।
- सडक निर्माण सामग्री उत्खनन् र आपूर्ति मा कठिनाई रहेको छ ।
- हुलाकी सडक आयोजनाहरुको डि.पि.आर. तयार गर्दा देखि नै समस्या देखिएको छ ।
- सडक निर्माणका कारण उठिबास भएका मानिसहरुको व्यवस्थापन हुन सकेको छैन ।
- सडक योजनाको स्वामित्व कसैसँग नभएको र उक्त योजनामा स्थानीय जनप्रतिनिधिहरुलाई आवद्ध गराईएको छैन ।
- सडक योजनाहरु कार्यान्वयन गर्न ढिलाई भईरहेको छ ।
- सडक निर्माण कार्यमा स्थानीय जनताको मुद्दा पर्ने र मुद्दा लामो समयसम्म फैसला नहुँदा सडक निर्माणमा ढिलाई हुने गरेको छ ।
- विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमावलीका कारण विकास निर्माणको कार्यमा बाधा पुगेको छ ।
- स्थानीय तहलाई समन्वयको कुनै पनि अधिकार दिइएको छैन ।

### २. **पर्साको वीरगंज देखि बारा जिल्लासम्म स्थलगत अवलोकन** (मिति २०७५/१०/१८ गते दिनको ३ बजेदेखि ६ बजेसम्म कलैया उपमहानगरपालिका वडा नं. १८ को मनगढवा, मुशहर चोक, सिसनिया, कोहिरीया टोल, गढीमाई नगरपालिका वगवन, वरियारपुर चोक, थलहिको जमुनि पुल, हरनैया चोक, पतुवा पुल अवलोकनको क्रममा देखिएको विद्यमान अवस्थाहरु)

- पुरानो पिच उप्काई सडकमै थुपारिएको अवस्था छ ।
- ग्राभेलमा गिट्टिको मात्रा कम भएको देखिन्छ ।
- सव-वेश र वेश गुणस्तरीय छैन ।
- सडकमा भाईब्रेशन मेशिनको प्रयोग भएको देखिएन ।
- वरियारपुर चोकको सडक १० मिटर मात्र चौडाई रहेको, मठको जग्गा र व्यक्तिगत जग्गाले गर्दा सडक चौडा गर्न समस्या देखिएको छ ।
- बाराको जमुनी पुल आ.व. ०६७/६८ मा ठेक्का लागेको भएपनि हालसम्म पुरा हुन सकेको छैन र यस्तो कार्यमा ठेकेदारलाई १०% जरिवाना गराउन सकिएको छैन ।
- बाराको हरनैया चोकको सडकको दाँया बाँया नाला नभएको, ठेकेदारबाट बजेटको अभावले काम नभएको जानकारी गराएको अवस्था छ ।

### ३. **रौतहट जिल्ला स्थित हुलाकी सडकमा पर्ने बागमती पुल (मिति २०७५/१०/१८ बेलुकी ६:३० बजे)**

- पुलको पिलर निर्माण गर्दा नदीमा अवरोध भई नदीले आफ्नो बहाव परिवर्तन गरी पिलर हालिएको भाग भन्दा पुर्व दिशातर्फ मोडिएको छ ।
- सम्झौता अनुसार पुल निर्माणको बाँकी कार्य सम्पन्न हुन सकेको छैन ।

## ४. सिराहा जिल्ला स्थित हुलाकी सडक र पुलहरुको अवलोकन (मिति २०७५/१०/१९)

- उक्त दिन विहान ९ बजे कमला र बलान नदीको पुल निर्माणका लागि विगत १ महिनादेखि अनसन बसिरहेका हुलाकी सडक संघर्ष समितिका पदाधिकारीहरुसँग भेटघाट गरी सो सम्बन्धमा छलफल गरी समयमै समस्या समाधान गर्न पहल गर्ने प्रतिवद्धताका साथ सोही दिन अनसन तोडाइयो ।
- राजविराज र जनकपुरलाई जोड्ने ४६९.२ मिटरको कमला नदीको पुल २०६८ सालमा ठेक्का लगाई २०७१ सालमा सम्पन्न भईसक्नु पर्ने भएपनि हालसम्म आधा काम पनि हुन सकेको देखिएन ।
- जनकपुरदेखि कमला नदीसम्म ५० किमि हुलाकी सडकको ठेक्का लामा रमण कम्पनीले २०७३ सालमा जिम्मा लिएको भएता पनि २०७५ असारसम्म आधा काम पनि नभएको, सो सडक पेटी ठेक्का लगाउदा काममा ढिलाई भइरहेको अवस्था देखियो ।
- २०७७ वैशाख २ गते सिराहामा अन्तराष्ट्रिय सहलेश महोत्सव आयोजना हुने भएकोले २०७६ चैत्र मसान्तसम्म कमला पुल निर्माण भई सक्नु पर्ने  स्थानीय जनता र हुलाकी सडक संघर्ष समितिको माग रहेको छ ।
- सिराहा नगरपालिका स्थित औरही चोकमा रहेको हुलाकी सडकको दाँया बाँया व्यक्तिगत स्वामित्वको जग्गाबाट गहिरो खाडल खनी माटो सडकमा हालेको पाइयो ।
- सिराहा नगरपालिका वडा नं. १९ सन्हैठामा बन्दै गरेको कल्भर्टको दुवै छेउको प्रशस्त माटो झिकिएको, स्थानीयले व्यक्तिगत प्रयोजनको लागि ल्याएको माटो समेत जवरजस्ती झिकेर सडकमा हालेको देखियो ।
- सिराहाको अरनामा गाँउपालिका वडा नं. ५ रडियाहामा जग्गा धनी किशोर यादवको ४.५ (साँढे चार) कठ्ठा जग्गामा भारतीय नम्बर प्लेटका ट्याक्टर लगाई खेतको माटो खनी सडकमा राखिरहेको पाईकोले उक्त कार्यलाई स्थलगत अनुगमन टोलीले नियन्त्रणमा लिई यस्तो काम तत्काल रोक्न लगाएको थियो ।
- ओरही गाँउपालिका वडा नं. ४ मा रहेको सडकको मध्य भागमै मन्दिर निर्माण भएको र जिल्लाका हुलाकी सडकको धेरै ठाउँमा सडकको मध्य भागमा मन्दिर निर्माण भएको पाइएको छ ।
- सिराहा जिल्लामा निर्माण गरिएका कर्ल्भटहरु गुणस्तरीय  (ढुङ्गा नफुटाई सिङ्गै प्रयोग गरिएको) रुपमा बनेको पाइएन ।
- वलान विहुल गाँउपालिका अध्यक्ष दयानन्द गोईतका अनुसार वलान नदीको पुल निर्माणको ठेक्का लागेको ६ वर्ष भईसक्दा समेत निर्माण कार्य पुरा हुन सकेको छैन साथै पुल निर्माणको लागि प्रयोग भएको फलामे रड पहिल्यै खिया लागेको प्रयोग भएको देखिएकोले ढलानका लागि तयारी अवस्थामा राखिएको उक्त रडहरुको गुणस्तर परीक्षण गरेर मात्र पुल निर्माणको बाँकी काम गर्नुपर्ने स्थानीय वासिन्दाको माग रहेको पाइयो ।

## ५. (२०७५/१०/२० बिहान ८ बजे) सप्तरी जिल्ला स्थित राजविराजमा भएको सर्वपक्षिय अन्तरक्रिया  र पत्रकार भेटघाट

- हुलाकी सडक राजविराज शहरको मध्य भाग हुँदै बनाउने कि वाईपास गरेर लाने स्पष्ट नभई अन्यौलको अवस्था रहेको छ ।
- विकासको नाममा जनताको सम्पत्ति अतिक्रमण गर्नु हुँदैन ।
- हुलाकी सडकको वास्तविक मापदण्ड स्पष्ट नभएको ,सहायक मार्गहरुको समेत मापदण्ड स्पष्ट छैन ।
- रुपनीदेखि रामनगरसम्मको सडक २५ मिटर चौडा गर्न सकिने, हुलाकी सडकलाई वाईपास गरेर निर्माण गर्न उपयुक्त छ ।

- रोड बनाउदा जनताको बस्ती उठाउन हुदैन ।
- उक्त कार्यक्रम पछि राजविराजदेखि कञ्चनपुरसम्मको हुलाकी सडकको अवलोकन गरिएको थियो ।

## ६. धनुषा जिल्ला स्थित हुलाकी सडक अर्न्तगतका विभिन्न सडक र पुलहरुको अवलोकन ( २०७५/१०/२० दिनको ३:३० बजे देखि)

- धनुषा जिल्लाको सवेला न.पा. वडा नं. १० सिमरारीमा बाटोको दुवैतर्फ नालाको निर्माण कार्य भईरहेको र नाला निर्माण गर्दा प्रयोग भएको ईट्टा पानीमा नभिजाई प्रयोग भईरहेको पाईयो ।
- निर्माण भएको नालाको ढलानमा ढलानको वरिपरी माटोले घेरी पानी जमाईएको देखियो ।
- विदेह न.पा. सरावेमा बाटोको दुवै तर्फ धेरै गहिरो खाल्डो बनाई माटो निकालिएको छ ।
- विदेह न.पा. तिनकोरियामा बाटोको जग्गा मिचि बहालवाला एस.पि. ले नै व्यक्तिगत पर्खाल लगाएको स्थानीय वासिन्दाबाट जानकारी प्राप्त भएको छ ।
- सडकको ठाउँ ठाउँको बीच भागमा नै बिजुलीको पोल गाडिएको पाइयो ।
- स्थानीय बासिन्दाहरुले सडकको नालामा नै शौचालय निर्माण गरेको देखियो ।
- जनकपुर उपमहानगरपालिका वडा नं. १६ मा निर्माण भएको १७०० मिटर कालोपत्रे सडकको चौडाई १० मिटर मात्र रहेको छ ।

## ७. (२०७५/१०/२१ गते बिहान ८:३० बजे) धनुषा जिल्लाको जनकपुर यदुकोहा शिव पथ हुलाकी सडक हुँदै महोत्तरी जिल्लाका केही हुलाकी सडकको अध्ययन अवलोकन

- जनकपुर उपमहानगरपालिका वडा नं. १ शुभ चोक, शिव पथदेखि जनकपुरधाम उप-महानगरपालिका वडा नं. १६ पुलचोक हुँदै कोल्डस्टोरेज सम्म सडकको दाँया बाँया स्थानीय बासीन्दाको बाक्लो बस्ती रहेको छ। सो सडकको दाँया बाँया १५/१५ मिटर कायम गर्दा स्थानीय बासिन्दाको बस्तीमा अत्यधिक क्षति पुग्ने अवस्था देखिन्छ ।
- यस्तो कार्य विरुद्ध स्थानीय बासिन्दाले २०६६ सालमा जनकपुर-यदुकुहा सडक संघर्ष समिति गठन गरी विभिन्न मितिमा सम्बन्धित सरकारी निकायहरुलाई निवेदन दिई ध्यानाकर्षण गराएको जानकारी प्राप्त भएको छ ।
- बाईपास गरेर सडक निर्माण गर्नुपर्ने स्थानीयको माग रहेको पाइयो ।
- घना वस्तीमा हुलाकी सडकको चौडाई कति कायम गर्ने भन्ने विषयमा स्थानीय सरकार र हुलाकी सडक योजना बीच समन्वय भएको पाइएन ।
- बाटोको लागि जग्गा अधिग्रहण गर्दा हालसम्म लगत कट्टा नगरिएको, ज्ञानचन्द्र चोक भन्दा ५०० मिटर पश्चिमबाट धनुषाधाम जोड्न २.५ किमि सडक निर्माण हुनुपर्ने स्थानीयको माग रहेको छ ।
- जलेश्वर भित्तामोड सडकको बीच बीचमा  विजुलीको पोल देखिएको छ ।
- उक्त सडकमा पर्ने ४ वटा पुलको डिजाईन भर्खर मात्र सुरु भएको जानकारी पाइयो ।
- मुख्य ठेकेदारले ठेक्कामा लिएर D-class को निर्माण व्यवसायीलाई ठेक्कामा दिदा न्युन गुणस्तरको काम हुने गरेको देखियो ।
- जलेश्वरबाट सम्सी चोकसम्मका हुलाकी सडकमा कल्भर्टको डिजाईनमा त्रुटि भई कम चौडाईको निर्माण भएको पाइयो ।
- सम्सी चोकको मुख्य बजारको बीच सडकमा शिवचन्द्र मिश्रको सालिक बनेकोले सडक निर्माणमा बाधा पुगेको देखिन्छ ।

- सम्सी चोकको मुख्य बजारमा व्यक्तिको निजी व्यवसायिक प्रयोजनको लागि भवन निर्माण (दिप ट्रेडर्स) भएको देखिएको र यसले सडक चौडा गर्न वाधा पुगेको छ ।

## ८. सर्लाही जिल्ला स्थित हुलाकी सडक अर्न्तगतका विभिन्न सडक र पुलहरुको अवलोकन (२०७५/१०/२२ बिहान ८:३० बजेदेखि)

- सर्लाहीको बाँकेमा प्रमुख जिल्ला अधिकारी सँग भेटघाट गरी संग्रामपुर तर्फ प्रस्थान गर्दा २२.४ किमि लम्बाईको बाँके संग्रामपुर सडकको दाँया बाँया दुवै तर्फ गहिरो खाडल खनी माटो निकालिएको देखियो ।
- ईश्वरपुर वडा नं. ९ मा नालामा ढलान गर्दा माटोको डिल बनाई पानी जमाईएको पाइयो ।
- श्रीनगर चोक महारानी बजारमा सडकको जग्गा व्यक्तिले दावी गरी भोगचलन गरेको देखियो ।

### संग्रामपुर चोकमा स्थानीय बासिन्दा र जनप्रतिनिधीहरु सँग संक्षिप्त अन्तरक्रिया

- निर्माणाधीन सडक धुलाम्मे हुँदा जनताको स्वास्थ्यमा प्रतिकुल असर पुगेको छ ।
- सडक निर्माणमा ढिलाई भएकोले अविलम्ब निर्माण गर्नुपर्ने माग रहेको छ ।
- सडक निर्माण कार्य गुणस्तरहीन देखिएको छ ।
- संग्रामपुरबाट २ किमि पूर्व रहेको बाके खोलाको हर्दी पुलको दुवै तिर पक्की वाल उठाई ग्याभिङ गर्नुपर्ने स्थानीयको माग रहेको छ ।
- सडक विभागले निर्माण गरेको उक्त पुलमा हुलाकी सडम योजना र सडक विभाग बीच समन्वय भई काम गर्नुपर्ने देखिएको छ ।
- संग्रामपुर पर्सा गाँउपालिका वडा नं. १ मा बनेका कल्भर्टहरुको लम्बाई, चौडाई, उचाई र गुणस्तर नभएको स्थानीयबासीको गुनासो रहेको छ ।
- पर्सा गाँउपालिकादेखि ईश्वरपुर नगरपालिकासम्म जोड्ने ५ किमि सडक गुणस्तरहिन देखिएको छ ।
- हर्दी पुलदेखि बाग्मतीसम्मको ४.७ किमि सडक हालसम्म कार्य प्रारम्भ पनि नभएको र ठेक्का पनि नलागेको देखियो ।
- २०७५ फाल्गुनसम्म निर्माण गरिसक्ने सम्झौता रहेको सफा खोला पुलको हालसम्म ४० प्रतिशत मात्र काम सम्पन्न भएको छ । समयमै पुल निर्माण हुन नसक्दा सडक धुलाम्मे भई जनजीवनमा असर पुगेको छ । उक्त सडकमा पर्याप्त बजेट विनियोजन भएको पाइएन ।

### दिनको १ बजे सर्लाही जिल्लाको मलंगवा स्थित जिल्ला समन्वय समितिको हलमा भएको सर्वपक्षीय अन्तरक्रिया कार्यक्रममा प्राप्त सुझावहरु

- निर्माण भईरहेका हुलाकी सडकहरुको गुणस्तर कायम गर्न सबै ईमान्दार हुनुपर्दछ ।
- निर्माणाधीन सडकहरुको बारेमा सूचना तथा जानकारी सार्वजनिक गर्नुपर्दछ ।
- संघ तथा प्रदेश सरकारबाट सञ्चालनमा रहेका योजनाहरु स्थानीय सरकारको पनि संलग्नता र समन्वय हुनुपर्दछ ।
- सडक निर्माणका आयोजनाहरुको प्रारम्भ र अन्त्य भएको र तत् सम्बन्धी विवरणको लागि होर्डिङ बोर्ड राख्ने व्यवस्था हुनुपर्दछ ।
- भौतिक निर्माणका कार्य गर्न जग्गा अधिग्रहण गर्दा मुआब्जाको व्यवस्था गर्नुपर्दछ ।
- नवलपुरदेखि मलंगवा जोड्ने सडक तत्काल कालोपत्रे गरिनुपर्दछ ।
- ठाउँ ठाउँमा निर्माण भईरहेका हुलाकी सडकहरु धुलाम्मे भई जनस्वास्थ्यमा प्रतिकुल असर पारेकोले नियमित रुपमा पानी हाली धुलोको व्यवस्थापन गर्नुपर्दछ ।

**<u>मलंगवा मोतिपुर हुँदै चक्रघट्टा गाउँपालिका जोड्ने सडकको अवलोकन</u>**

- ८ किमि लम्बाईको उक्त सडक हालसम्म २ किमि मात्र पिच भएको, पिच गरिएको ६ महिना भित्रै ठाउँ ठाउँमा भत्किएको छ ।
- सडकमा निर्माण भएको असुरक्षित कल्भर्टका कारण गत बर्ष २ जनाले ज्यान गुमाएको जानकारी प्राप्त भयो ।
- कौडेना गडैता जोड्ने सडक निर्माणको काममा ढिलासुस्ती देखिएको, बजार एरियामा व्यक्तिगत जग्गा विवादका कारण सडकको जग्गा छुट्याउन सकिएको छैन ।
- जग्गाको मुआब्जा वितरण भएको छैन ।
- सडकको बीचदेखि दाँया बाँया एकै पटक सडकले जग्गा लिनुपर्नेमा पटक पटक बाटोको लागि जग्गा लिँदा घर बस्तीमा समस्या पर्दछ ।

## २.२ स्थलगत अवलोकनका क्रममा देखिएका समस्या तथा चुनौतीहरु

पूर्व मेची देखि पश्चिम महाकालीसम्म तराई मधेशलाई जोड्ने राष्ट्रिय गौरवको रुपमा रहेको हुलाकी सडक तराई मधेशका जनताहरुको जीवनस्तरमा आमूल परिवर्तन ल्याउने एक सशक्त मार्ग हो । संघीय संसद विकास तथा प्रविधि समितिको स्थलगत अध्ययन अवलोकन टोलीले प्रदेश नं. २ अन्तर्गतका ८ जिल्लाहरुको भ्रमण गर्दा देखेको प्रमुख समस्या तथा चुनौतीहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

१. नेपाल सरकारबाट निर्माणाधीन हुलाकी सडकहरुमा स्थानीय जनताको जग्गा अधिग्रहण गर्दा मुआब्जा वितरण नभएको तर भारत सरकारबाट निर्माण भईरहेको सडकमा स्थानीय जनतालाई मुआब्जा वितरण गरिएको पाईएकोले जग्गाको मुआब्जा वितरणमा भेदभावका कारण असन्तुष्टि बढी सडक निर्माणको काममा बाधा पुगेको छ ।
२. हुलाकी सडकमा पर्ने जग्गा धनीहरुलाई मुआब्जा उपलब्ध गराई सकेको अवस्थामा पनि सडक निर्माणको काम तदारुकताको साथ अघि बढेको देखिएन ।
३. विभिन्न जिल्लाहरुमा निर्माणाधीन हुलाकी सडकहरुको चौडाईमा एकरुपता नभई स्थानअनुसार फरक फरक नापका निर्माण भई रहेकोले सडक निर्माणमा ढिलाई र अन्यौलता देखिएको छ ।
४. पर्सा जिल्लाको तिलावे पुलमा सडक डाईभर्सनको व्यवस्था नगरी पुरानो पुलबाटै आवत जावत गर्नपर्ने अवस्थाले सडक पार गर्न र पुल निर्माणको काममा बाधा पुगेको छ ।
५. पर्सा र बारा जिल्लामा निर्माण भई रहेका हुलाकी सडकहरुको पहिलाको पुरानो गिट्टी र कालोपत्रे उप्काई पुनः सडकमै मिलाउने अनुचित कार्य भईरहेको देखियो ।
६. सडक निर्माणका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा र माटो लगाएतका सामग्रीहरु उत्खनन् गर्न विभिन्न सरकारी निकायहरुले रोक लगाएका कारण सडक निर्माणको कार्य समयमै सम्पन्न नहुने सम्भावना देखिन्छ ।
७. हुलाकी सडकका पुलहरु सिमित निर्माण व्यवसायीको प्रभुत्वमा रहेको र तिनले निर्माण कार्यमा गरेको ढिलासुस्ती एवं लापरवाहीलाई सरकारी निकायहरुले समयमै नियमन गर्न नसक्दा निर्माणको कार्य अलपत्र रहेको अवस्था छ ।
८. हुलाकी सडक निर्माणको क्रममा सडकको बीच बीच भागमा निर्माण गरिएका मन्दिर, गाडिएका विद्युत पोलले सडक निर्माणको कार्यमा अवरोध भइरहेको छ ।
९. सडक र पुल निर्माणको ठेक्का प्राप्त गर्ने व्यवसायीहरुलाई समयमा काम सम्पन्न गर्न नसक्दा समेत सम्वद्ध निकायहरुबाट कानून बमोजिम कारबाही भएको देखिएन ।

१०. निर्माणधीन सडक योजनाको प्रारम्भ स्थान र अन्त्य हुने स्थानमा सर्वसाधारणले देख्ने गरी संकेत वा बोर्ड राखेको नपाईएकोले सडक निर्माण सम्बन्धी सूचना तथा जानकारी प्राप्त गर्न कठिनाई देखिएको छ ।

११. सप्तरीको बिसनपुर-बोदेबर्साइन-स्वर्णपट्टी सडक खण्डको निर्माण गर्दा सडकको स्वीकृत नक्सा विपरित स्थानीय जनतालाई मर्का पर्नेगरी जग्गा अतिक्रमण गरी भारतीय कम्पनीले सडक निर्माण गरिरहेका पाइयो ।

१२. सिराहा र धनुषा जिल्लाका निर्माणाधीन हुलाकी सडकको दुवै किनारामा खाल्डो बनाई माटो खनी सडकमा थुपारिएकोले स्थानीय बासिन्दाको उब्जाउ जग्गामा धेरै क्षति पुगेको साथै सडकको दाँया बाँया भएका ठुलाठुला खाल्डोका कारण सडकको दिगोपनामा ह्रास आई वर्षायाममा सडकको दाँया बाँयाका खाल्डोमा डुबेर मानिसको मृत्यु समेत भएको अवस्था छ ।

१३. हुलाकी सडकमा पर्ने निर्माण भई सकेको र निर्माणधीन पुल र कल्भर्टहरु पानीको बहाव क्षमता अनुसार थेग्न नसक्ने, कम लम्बाईको र उपयुक्त मापदण्ड बिना नै निर्माण भइरहेको पाइयो ।

१४. निर्माणाधीन सडकहरुमा हाल भईरहेको माटो भर्ने कार्य सँगसँगै नियमित रुपमा पानी हाल्ने व्यवस्था नभएकोले सडक धुलाम्मे भई स्थानीय बासिन्दाको र यात्रुहरुको जनस्वास्थ्यमा प्रतिकुल असर परेको देखिन्छ ।

१५. निर्माणाधीन सडकको दाँया बाँयाका नालाहरुमा स्थानीय बासिन्दाले व्यक्तिगत प्रयोजनको सामानहरु थुपारी सडक अवरोध हुँदा समेत सम्बद्ध निकायहरुबाट उक्त कार्य रोक्न पहल भएको पाईएन ।

१६. हुलाकी सडक जिल्लाको सहर प्रवेश गर्दा मुख्य सहर हुँदै जाने कि वाईपास गरेर लैजाने भन्ने विषयमा खास गरेर सप्तरी जिल्लाको राजविराज लगायतका सहरहरुमा स्थानीय बासिन्दा र सरकारी निकाय बीच अन्यौल कायमै रहेको देखियो ।

१७. हुलाकी सडक निर्माणमा उच्च ओहदाका पदाधिकारीका कारण सडक निर्माणका कार्यमा अवरोध भएको (दिप ट्रेडर्स, सम्सि चोक, महोत्तरी) जनगुनासो पाईयो ।

१८. हुलाकी सडकका योजना तथा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा कार्यबोझ अनुरुप यसको निरन्तर अनुगमन र निरीक्षण गर्ने पर्याप्त कर्मचारीको अभाव रहेको पाईयो ।

१९. बाग्मती, कमला र बलान जस्ता ठुला नदीहरुले साविक बगिरहेको स्थानबाट धार परिवर्तन गरेकोले निर्माणाधीन पुलहरु सम्झौता बमोजिम समयमै सम्पन्न हुन नसक्ने देखिएको छ ।

२०. हुलाकी सडक तथा पुल निर्माणका लागि नेपाल सरकारबाट आवश्यकतानुसार पर्याप्त बजेट र कर्मचारी व्यवस्थापन भएको पाइएन ।

**परिच्छेद-३**

## सुझाव र निष्कर्ष

**सुझावहरुः**

१. हाल निर्माणाधीन हुलाकी सडकहरुको चौडाई स्थानपिच्छे फरक फरक निर्माण भई अन्यौलता देखिएकोले एउटै मापदण्ड कायम गरिनुपर्दछ ।

२. नेपाल सरकारबाट जग्गा अधिग्रहण भई निर्माणाधीन सडकमा मुआब्जा वितरण नभएको तर भारत सरकारबाट निर्माण भईरहेको सडकमा मुआब्जा वितरण गरिएको पाईएकोले स्थानीय जनतामा व्यापक असन्तुष्टि बढेको हुँदा मुआब्जा वितरणमा स्थानीय जनतालाई भेदभाव नराखी एकरुपता कायम गरिनुपर्दछ ।

३. सडक निर्माणका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा लगायतका सामग्रीहरु उत्खनन् र आपूर्तिमा कठिनाई देखिएकोले समयमै निर्माण कार्य सम्पन्न गर्न तत्काल अन्तर-सरकारी निकायहरु बीच समन्वय स्थापित गरिनुपर्दछ ।

४. हुलाकी सडक अन्तरगत रहेका महत्वपूर्ण पुलहरु सिमित निर्माण व्यवसायीको प्रभुत्वमा रही समयमा निर्माण कार्य सम्पन्न हुन नसकेकोले त्यस्ता व्यवसायीहरुलाई कानून बमोजिम कारवाही गरी समयमा काम सम्पन्न हुने सुनिश्चितताका साथ तत्काल अन्य विकल्पहरुको खोजि गरिनुपर्दछ । ठेक्का लगाउन बाँकी रहेका कामहरुको यथाशिघ्र ठेक्का लगाउने र निर्माण सम्बन्धी सम्पूर्ण पूर्व तयारी पुरा गरेर मात्र ठेक्का सम्बन्धी कार्य प्रारम्भ गरिनुपर्दछ ।

५. पर्साको ठोरीस्थित बखरी खोलाको पुल जमीनको सतहभन्दा धेरै होचो गरी निर्माण भईरहेकोले बर्षायाममा खोला बढेर थुनिन सक्ने र धनजनको समेत क्षति हुनसक्ने सम्भावना रहेको हुँदा त्यसतर्फ छिटो ध्यान पुऱ्याई पुल निर्माण गर्दा अपनाउनु पर्ने सावधानी अध्ययन गरी पुल निर्माणको व्यवस्था मिलाउनु पर्दछ ।

६. पर्सा जिल्लाको तिलावे पुलमा तत्काल सडक डाईभर्सनको आवश्यक व्यवस्था मिलाई यातायात सहज हुने गरी पुल निर्माणको कार्य अगाडि बढाईनु पर्दछ ।

७. पर्सा, धनुषा र सिराहा जिल्लाका हुलाकी सडकहरुको बीच-बीच भागमा निर्माण गरिएका मन्दिरहरु र गाडिएका विद्युत पोलहरु उचित व्यवस्थापन गर्न यथाशिघ्र पहल हुनुपर्दछ ।

८. जिल्लाको सहरी भाग भएर जाने हुलाकी सडक बाईपास गरेर लाने कि सहरको बीचबाटै लैजाने विषयको अन्यौलता र विवाद स्थानीय बासिन्दा र सरकारी निकाय बीच रहेको पाईएकोले यसको समाधानका लागि यथाशिघ्र समन्वय गरी बाईपास गरेर निर्माण गरिनुपर्दछ ।

९. हुलाकी सडकले जोड्ने तराईका ठुला महत्वपुर्ण शहरहरु जनकपुर र वीरगंजमा पैदल यात्रुहरुको सडक सुरक्षाका लागि ओभरव्रिज निर्माण गरिनुपर्दछ ।

१०. निर्माणधीन हुलाकी सडकमा उत्तर दक्षिण जोड्ने सहायक सडकहरुलाई बढि प्राथमिकता दिएको देखिएको हुँदा मूल हुलाकी सडकलाई मुख्य प्राथमिकताका साथ अगाडि बढाउनु पर्दछ ।

११. विभिन्न जिल्लाहरुमा निर्माणधीन हुलाकी सडकहरु पुर्व पश्चिम समानान्तर रुपले सिधा निर्माण हुनुपर्नेमा बाङ्गो टिङ्गो निर्माण भई सडकको लम्बाई र लागत दुबै बढेको पाईएकोले समयमै सडक सिधा निर्माण गरी त्यसको लागत कम गरी गुणस्तर बढाईनुपर्दछ ।

१२. सप्तरीको बिसनपुर-बोदेबर्साइन-स्वर्णपट्टी सडक खण्डको निर्माण गर्दा सडकको स्वीकृत नक्सा विपरित स्थानीय जनतालाई मर्का पर्ने गरी जग्गा अतिक्रमण गरी भारतीय कम्पनीले सडक निर्माण गरिरहेको अवस्थाको तत्काल छानवीन गरी समाधानका लागि आवश्यक पहल गरिनुपर्दछ ।

१३. पर्सा, सिराहा र धनुषा लगायतका जिल्लाहरुमा निर्माणाधीन हुलाकी सडकको दुवै किनारामा गहिरो खाडल खनेर माटो झिक्ने काम भईरहेकोले उक्त कार्य तत्काल रोक लगाई खनिएका खाडलहरु तत्काल पुर्ने व्यवस्था मिलाउन र यस्तो कार्य गर्ने गराउनेलाई यथाशिघ्र कारवाही गर्न निर्देशन गरिनुपर्दछ ।

१४. उपयुक्त मापदण्ड विना नै हुलाकी सडकमा निर्माण भईरहेका पुल तथा कर्ल्भटहरु पानीको बहाव र गतिलाई थेग्न सक्ने क्षमता अनुसार बनाउन यथाशिघ्र पहल गरिनुपर्दछ ।

१५. निर्माणधीन सडकहरुमा भईरहेको माटो थुपार्ने कामले सडक धुलाम्मे भई स्थानीय बासिन्दाको स्वास्थ्यमा प्रतिकुल असर परेकोले नियमित रुपमा पानी हाल्ने व्यवस्था कडाईका साथ लागु गरिनुपर्दछ ।

१६. हुलाकी सडक र पुल गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न आवश्यकता अनुसार पर्याप्त बजेट र कर्मचारी व्यवस्थापन गरिनुपर्दछ ।

१७. निर्माणाधीन पुलका लागि प्रयोग गरिएका निर्माण सामग्रीहरु गुणस्तरयुक्त भए नभएको परीक्षण गरेर मात्र बाँकी निर्माणका कार्य सम्पन्न गरिनुपर्दछ ।

१८. तिलावे, बाग्मती, कमला र बलान नदीका पुलहरु गुणस्तरीय रुपमा समयमै सम्पन्न हुन नसकेका कारण तराई मधेशका जनतालाई परेको दु:ख र कष्टका कारण सिराहाका नागरिकहरु अनसन समेत बसेको सर्न्दभमा उल्लेखित पुलहरु २०७६ साल वैशाखसम्म निर्माण सम्पन्न हुने गरी तदारुकताका साथ काम अगाडी बढाईनुपर्दछ ।

१९. हुलाकी सडकमा रहेका पुलहरुको दाँया बाँया दुवै तर्फ पुल सुरक्षाका लागि यथाशिघ्र रिटेनिङ वाल निर्माण गरिनुपर्दछ ।

२०. निर्माणधीन सडकमा भर्खरै गरिएको कालोपत्रे ठाउँ ठाउँमा उप्किरहेको पाईएकोले उक्त कालोपत्रे सडकको गुणस्तर परीक्षण गरेर मात्र ठेक्का कार्यको भुक्तानी गरिनुपर्दछ ।

## निष्कर्ष:

तराई मधेशको समथर भू-भागमा रहेको हुलाकी सडक निर्माण कार्य प्रारम्भ भएको तीन दशकसम्ममा पनि निर्माणको गति सन्तोषजनक नहुनु सर्वत्र चिन्ताको विषय भएको छ । पहाडका विकट कुना कन्दरासम्म मोटर बाटो निर्माण गर्न प्रयास भइरहेको सन्दर्भमा तराईको सुगम र समथर भु-भागमा निर्माणाधीन रहेको हुलाकी सडक निर्माणमा देखिएको सरकारी ढिलासुस्ती र उदासीनताले जनतामा व्यापक असन्तुष्टि र निराशा बढेको छ । तराई क्षेत्रका जनताको जीवनस्तर उठाउने, आय आर्जन बढाउने, रोजगारी वृद्धि गर्ने, गरिबी निवारण गरी आर्थिक विकासमा उल्लेख्य भुमिका खेल्ने तराईको यो हुलाकी सडकको निर्माणलाई उच्च प्राथमिकताका साथ सम्पन्न गर्न सकिएमा नेपाल सरकारको सुखी नेपाली, समृद्ध नेपालको लक्ष्यमा यसले प्रशस्त योगदान पु¥याउने छ ।

संघीय संसद, विकास तथा प्रविधि समिति आफ्नो कार्यक्षेत्रसँग रहेका नेपाल सरकारका राष्ट्रिय गौरवका महत्वपूर्ण आयोजनाहरु लगायतका विकास योजनाहरु समयमै गुणस्तरीय रुपमा सम्पन्न हुनुपर्दछ भन्ने विषयमा दृढ छ । स्थलगत अध्ययन अवलोकनको क्रममा टोलीले प्रदेश नं. २ अन्तर्गत तराईको पर्सादेखि सप्तरीको कञ्चनपुरसम्मका निर्माणाधीन सडक र पुलहरुको प्रत्यक्ष अवलोकन गर्ने क्रममा प्रशस्त समस्या तथा चुनौतिहरु महशुस गरिएको छ । यस्ता समस्या तथा चुनौतिलाई समयमै निराकरण गरी समाधान गरिनुपर्दछ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको यो महत्वपूर्ण सडक र यस अन्तर्गतका पुल निर्धारित समयमा नै गुणस्तरीय रुपमा निर्माण गरी सरकार प्रति जनताको विश्वास बढाउने काममा अब ढिलाई नगरी सरकारका सम्वद्ध मन्त्रालय र निकायहरुबाट तदारुकताका साथ काम कारबाहीहरु अघि बढाउनु पर्दछ ।

**अनुसूचि–४**
**स्थलगत अध्ययन अवलोकन भ्रमणको क्रममा लिईएका केही तस्वीरहरु**



वीरगंजमा भएको अन्तरक्रिया कार्यक्रम




सिराहामा रिले अनशन तोड्ने क्रममा

# संघीय संसद
# विकास तथा प्रविधि समिति
# काठमाडौं तीनकुने स्थित बाग्मती नदीमा निर्माणाधीन पुलको स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन (२०७६)

## <u>पृष्ठभूमि :</u>

काठमाडौं उपत्यकामा गुड्ने सवारी साधनहरुको दिन प्रतिदिन बढ्दो सवारी चापलाई ध्यान दिई सडकको गुणस्तर र सडकमा रहेको पुलहरुको भारवहन क्षमतामा पनि सोही अनुरुप तत्काल निर्माण र सुधार हुनुपर्दछ । उपत्यकाको तीनकुने स्थित बाग्मती नदीमा हाल निर्माणाधीन अवस्थामा रहेको पुलबाट दैनिक हजारौ सवारी साधन गुड्ने र मुलुकको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल आवतजावत गर्न यो पुलको प्रयोग गर्ने पर्ने बाध्यता हाम्रो सामु रहेको छ। काठमाडौं उपत्यका मात्र होइन देशका विभिन्न भागमा रहेका यस्ता पुलहरुको निर्माण गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारहरुको तयारी गरेर मात्र निर्माणको कार्य प्रारम्भ गर्न समितिबाट नेपाल सरकारलाई निर्देशन भएको छ । तर नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत रहेका निकायहरुबाट गरिएका पूर्वाधार निर्माणका कार्यहरुमा यस सम्बन्धमा ध्यान पुऱ्याएको पाइएन ।

काठमाडौं उपत्यकाको तीनकुने स्थित बाग्मती नदीमा निर्माणाधीन पुल Design & Build पद्धतिबाट मिति २०७५/०३/०५ गतेसम्ममा निर्माण सम्पन्न गरीसक्ने गरी काठमाडौं उपत्यका सडक विस्तार आयोजना र ZIC पप्पु कन्स्ट्रक्सनबीच २०७१/०९/०४ मा सम्झौता सम्पन्न भएका पाइयो । निर्माण सम्पन्न भएर हस्तान्तरण भए पश्चात सञ्चालनमा आईसक्नुपर्ने पुलको यतिबेला निर्माण नै रोकिएको र विवादमा रहेको जानकारी समितिलाई प्राप्त भयो । सडक विस्तार आयोजनाले निर्माण व्यवसायीका कारण पुलमा समस्या आएको बताईरहँदा निर्माण व्यवसायीले भने आयोजनाले समयमै आवश्यक निर्णय नगर्दा समस्या सृजना भएको भन्ने बारेमा समितिको ध्यानाकर्षण भई मिति २०७६/०१/१९ को निर्णयानुसार मा. सभापति श्री कल्याणी कुमारी खड्काको नेतृत्वमा समितिमा रहनुभएको मा. सदस्यहरु, विज्ञ र समिति सचिवालयका कर्मचारीहरु समेतको टोलीले मिति २०७६/०२/०२ गते उक्त पुलको स्थलगत अवलोकन गरेको र त्यहाँ उपस्थित सर्वसाधारण, पत्राकारहरु, पुल महाशाखाका पदाधिकारीहरु, उपत्यका सडक विस्तार आयोजना प्रमुखसँग त्यहाँको समस्याका बारेमा जानकारी लिईयो । पुल बनाउने ठेक्का पाएका निर्माण व्यवसायी एवं पुल निर्माण कार्यमा केही मजदुरहरु आ-आफ्ना कार्यमा संलग्न रहेको पाइयो। मा. सभापति लगायत समितिका माननीय सदस्यहरुले उक्त सम्बन्धमा सरकारी पक्ष एवं निर्माण व्यसायीहरुलाई विभिन्न प्रश्न राख्नु भयो र मौखिक रुपमा सुझावहरु दिनु भयो । अन्तमा माननीय सभापतिले यस्तो पुलको निर्माणमा गुणस्तर हुनुपर्ने, सम्झौताका सर्तहरु दुवै पक्षले पालना गर्नुपर्ने, सुस्त अवस्थामा रहेको कामलाई तीव्रता दिनुपर्ने, अनुगमन कार्यलाई निरन्तरता दिई सार्वजनिक खरिद ऐन नियमावलीको प्रावधान प्रतिकुल नहुने गरी निर्माण कार्यलाई छिटो सम्पन्न गर्न सम्बन्धित निकायका पदाधिकारीहरु एवं निर्माण व्यवसायीहरुलाई संसदीय टोलीले निर्देशन दियो ।

## पुलको संक्षिप्त विवरणः

A. Contract Data

- Contract type:- Design and Build
- Contractor :- Pappu Construction, Tinkune
- Nominated Bridge Designer:- RND Center, Ktm
- Third Party Consultant for super structure assurance: DPM Consultant, Bangladesh
- Estimated Amount:- Rs. 30,85,04,000(with vat)
- Contract Amount:- Rs. 21,00,33,000(with vat)
- Agreement Date:- 2071/09/04
- Design Approval Date:- 2073/08/19
- Due date of Completion:- 2075/03/05
- Extension of time($1^{st}$):- Due process
- Expenditure:- Rs. 6,62,31,941.87

B. Design Data

- Bridge Location:- Bagmati Khola, Tinkune, Arnko Highway
- Type of Bridge:- Network Arch, Pile foundation
- Aligment: Up and Down 2 Nos of Bridge construction parallel along the existing bridge
- Bridge Length:- 86m.
- Overall width:- 17.20m.(with 2m. footpath)
- Carriageway width:- 12.20m.
- Grider type:- Prestressed & load trasfer through network to arch
- Pile: 16 Nos 1200 mm. dia piles 29.50m. depth each foundation

## अवलोकन निरीक्षणमा सहभागी समितिका माननीय सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरुको नामावलीः

१ सभापति मा० श्री कल्याणी कुमारी खड्का

२ मा० श्री आशा कुमारी वि.क.

३ मा० श्री ईन्दु कुमारी शर्मा

४ मा० श्री कमला रोका

५ मा० श्री गणेश कुमार पहाडी

६ मा० श्री गौरी शंकर चौधरी

७ मा० श्री जीप छिरिङ् लामा

८ मा० श्री टोप बहादुर रायमाझी

९ मा० श्री मिनाक्षी झा

१० मा० श्री रंगमती शाही

११ मा० श्री राम बहादुर विष्ट

१२ मा० श्री वहादुर सिंह लामा (तमाङ)

१३ मा० श्री विना कुमारी श्रेष्ठ

१४ समिति सचिव – श्री वंशीराज पौडेल

१५ उपसचिव – श्री ओमबहादुर काकी

## पुलको वर्तमान अवस्था एवं देखिएका समस्याहरु:

१ अरनिको राजमार्गको तीनकुने स्थित बाग्मती नदी (कोटेश्वर तर्फ जाँदा) को बाँयातर्फ निर्माण भईरहेको पुलको लम्बाई ८६ मि. र चौडाई १७.२० मि. रहेको पाइयो ।

२ २९.५ मिटर गहिरो लम्बाईका १६ वटा (१२०० mm) पाइल्स (Piles) निर्माण गर्ने गरी डिजाइन स्वीकृत भएको पाईयो । तर निर्माण व्यवसायीले एउटा पाइल १६.५ मिटरको मात्र निर्माण गरेको र दुई वटा पाइल्स crack भएको प्राविधिक परीक्षणबाट देखिएको आयोजना सम्वद्ध कर्मचारीबाट जानकारी भयो ।

३ निर्माणधीन पुलको ३ वटा पाइल्समा गम्भीर त्रुटी देखिए पश्चात काठमाडौ उपत्यका सडक विस्तार आयोजनाले निर्माण व्यवसायीलाई फाउन्डेसनमा रहेको पाइल्सको समस्या समाधान गरेर मात्र काम अगाडि बढाउन निर्देशन भएको तर व्यवसायीले उक्त निर्देशनको पालना नै नगरी पुलको सव-स्ट्रक्चर निर्माण गरी स्ल्याव ढलानको तयारी गरेको पाइयो ।

४ आयोजनाले पुल Redesign गर्न निर्माण व्यवसायीलाई निर्देशन दिए पछि व्यवसायीले Redesign तयार गरी पेश गरेको तर सो परिमार्जित डिजाइनमा चित्त नबुझेपछि आयोजनाले उक्त डिजाईन ईन्जिनियरीङ्ग अध्ययन संस्थान पुलचोकमा पठाईएको जानकारी प्राप्त भयो ।

५ पुलमा देखिएको समस्या समाधानका लागि ईन्जिनियरीङ्ग अध्ययन संस्थानमा पठाईएको डिजाईन तहाँबाट परिमार्जित भई हालसम्म प्राप्त हुन नआएको सडक विस्तार आयोजना मार्फत जानकारी प्राप्त भयो ।

६ सडक विस्तार आयोजनाले आयोजना पूर्व तयारी सम्पन्न नगरी ठेक्का लगाएकोले ढल, खानेपानीको पाइप र बिजुलीको पोल हटाउनै ६ महिना लागेकाले पनि आयोजनाको काम समयमै आरम्भ हुन नसकेको तथ्य पनि जानकारीमा आयो ।

७ पुल निर्माणका लागि नदीमा ठड्याईएको फलामका फर्मा(टेको) हरुले बस्ती डुबानमा परेको स्थानीय बासिन्दाहरुको गुनासो आएपछि समिति सभापतिबाट तत्कालै फर्माहरु हटाएर सम्भावित डुबान रोक्न निर्देशन भयो र आयोजना तथा निर्माण व्यवसायीले फर्मा हटाउने प्रतिवद्धता व्यक्त गरे ।

८ पुल निर्माणका क्रममा तीनकुने खण्डमा निर्माण गरिएको संरचनाले मानवीय दुर्घटना हुने सम्भावना देखिएकाले त्यस्ता संरचनाहरुको तत्काल व्यवस्थापनका लागि पनि निर्देशन भयो ।

## निष्कर्ष तथा सुझावः

१ अरनिको राजमार्गको तीनकुने स्थित बाग्मती नदीमा निर्माणाधीन पुलमा देखिएको समस्या समाधानका लागि सडक विस्तार आयोजनाले तत्काल ईन्जिनियरीङ्ग संस्थान सँग समन्वय गरी परिमार्जित डिजाईन प्राप्त गरी सोही अनुसार निर्माणको काम अघि बढाउने व्यवस्था मिलाउनु पर्ने ।

२ Design & Build मोडलमा निर्माण भईरहेका अन्य सडक तथा पुलहरुमा उत्पन्न हुन सक्ने समस्याहरुको तत्काल समाधानका लागि उचित व्यवस्था गर्ने ।

३ Design & Build मोडलका अन्य काम अघि बढाउदा आइपर्नसक्ने सम्भावित समस्याहरुको समाधानको यथोचित उपाय ठेक्का लगाउन अघि नै समाधान गर्न सक्ने परामर्शदाता वा निकाय छनोट गरी सक्नुपर्ने ।

४ आयोजना पूर्व तयारीको काम सम्पन्न गरीसकेपछि मात्रै ठेक्का लगाउनु पर्ने ।

५ पुल निर्माण गर्दा देखिएको समस्या समाधान गरेर मात्र काम अघि बढाउन निर्देशन दिदा दिदै पनि अटेर गरी निर्माण अघि बढाउने निर्माण व्यवसायीलाई कारवाही गर्नुपर्ने साथै पुल निर्माण कार्यमा सम्बद्ध सरकारी पक्षबाट समयमा नै उक्त स्थानमा रहेका ढल, पानी, विजुलीका खम्बा, तारहरु नहटाईदिएको कारण पनि निर्माण कार्यमा ढीला हुन गएको भन्ने निर्माण व्यवसायीबाट गुनासो रहेको सम्बन्धमा सोको छानबिन गरी दोषीलाई विभागीय कार्यवाही गर्ने ।

६ निर्माणकार्यको प्रकृति अनुसार विभिन्न सिफ्टहरुमा विभाजन गरी पूर्वाधार निर्माणका कार्यहरुको अनुगमन तथा निरीक्षणका लागि जुनसुकै समयमा कार्यक्षेत्रमा आयोजना सम्वद्ध पदाधिकारीहरु उपस्थिति हुनुपर्ने ।

७ निर्माण कार्यको गुणस्तर कायम गर्न आयोजना सम्वद्ध पदाधिकारीहरुले आवश्यकता अनुसार पटक पटक प्राविधिक परीक्षण सहित गुणस्तर कायम हुने आधार सुनिश्चित गर्नु पर्ने ।

**<u>तीनकुने स्थित बागमती नदीमा निर्माणाधीन पुलको स्थलगत निरीक्षणको क्रममा लिईएका केही तस्बिरहरु</u>**



